# अध्याय एक : शोध परिचय

## १.१ परिचय

पाटन संग्रहालय नेपालको एउटा प्रसिद्ध संग्रहालय हो । यहाँ हिन्दु, बौद्ध मूर्तिहरु र विविध कलाका सामाग्रीहरुलाई व्यवस्थित, आकर्षक र वैज्ञानिक ढंगले प्रदर्शन गरिएको छ । यस शोधकार्यमा पाटन संग्रहालयमा प्रदर्शित बौद्ध मूर्तिहरुको विस्तृत अध्ययन गरिएको छ ।

यस संग्रहालयको तीन वटा तल्लामा भएको प्रदर्शन कक्ष (ग्यालरी) हरुलाई आठ खण्डमा विभाजन गरेर विभिन्न कलावस्तुहरु प्रदर्शन गरिएका छन् । ग्यालरी ए मा संग्रहालयमा प्रदर्शित वस्तुहरुको बारेमा जानकारी दिने सामाग्रीहरु राखिएका छन् । यहाँ हिन्दु, बौद्ध र जैन मूर्तिहरु प्रदर्शनमा राखिएका छन् । ग्यालरी बी मा शिव तथा गणेशसँग सम्बधित कलाकृति प्रदर्शनमा रहेका छन् । ग्यालरी सी मा विष्णुसँग सम्बधित कलाकृति प्रदर्शनमा छन् । ग्यालरी डी मा प्राचीन हिन्दू तथा तान्त्रिक देवदेवीसँग सम्बन्धित कलाकृति छन् । ग्यालरी ई र ग्यालरी एफ मा बौद्ध धर्मसँग सम्बधित कलाकृति प्रदर्शनमा राखिएका छन् । ग्यालरी जी मा नेपाली धातुका मूर्तिहरु बनाउने परम्परागत प्रविधिहरु र धातुका कलाकृतिहरु छन् । ग्यालरी एच मा नेपालको इतिहासको बारेमा जानकारी दिने फोटो तथा चित्रकलाहरु प्रदर्शनमा राखिएका छन् । ग्यालरी एम मा हिन्दू धर्मसंग सम्बधित हिन्दू तन्त्रविद्याको चरित्र हस्तलेख रहेको छ ।

यस शोधकार्यमा ग्यालरी ए, ई र एफ मा प्रदर्शित बौद्ध मूर्तिहरुको अध्ययन गरिएको छ ।

## १.२ समस्या कथन

- बौद्ध मूर्तिहरुको इतिहासबारे धेरै अध्ययन र प्रकाशन भएपनि पाटन संग्रहालयमा प्रदर्शित बौद्ध मूर्तिको बारेमा विस्तृत अध्ययन नहुनु ।
- स्थायी रुपका प्रदर्शित भएपनि संग्रहालयको बौद्ध मूर्तिको बारेमा कम मात्रामा प्रचार प्रसार हुनु ।
- प्रदर्शित बौद्ध मूर्तिहरुको प्रतिमालक्षणको आधारमा अध्ययन, अनुसन्धान र प्रकाशन नहुनु ।

## १.३ अध्ययनको उद्देश्य

- बौद्ध मूर्तिहरुको बारेमा विस्तृत अध्ययन गर्ने ।
- संग्रहालयमा प्रदर्शित बौद्ध मूर्तिहरुको बारेमा प्रचार प्रसारमा ल्याउने ।
- संग्रहालयमा प्रदर्शित बौद्ध मूर्तिहरुको प्रतिमालक्षणको विस्तृत अध्ययन गर्ने ।

## १.४ अध्ययनको महत्व

नेपालमा भएका विभिन्न संग्रहालयहरुमध्ये पाटन संग्रहालयको आफ्नै विशिष्ठ पहिचान रहेको छ । यो संग्रहालय ललितपुरको मल्लकालीन राजदरबारमा रहेकोले अझ महत्वपूर्ण छ । यहाँ हिन्दू, बौद्ध र जैन धर्मका विभिन्न मूर्तिहरु प्रदर्शन गरिएका छन् । यहाँका मूर्तिहरु सामाजिक, धार्मिक, साँस्कृतिक तथा कलाकारिताको दृष्टिकोणमा ज्यादै नै महत्वपूर्ण छन् । यहाँ प्रदर्शित गरिएका बौद्ध मूर्तिहरुको सूक्ष्म अध्ययन अनुसन्धान र प्रकाशन हाल सम्म हुन सकेको छैन । यस अध्ययनबाट संग्रहालयमा प्रदर्शित बौद्ध धर्मसंग सम्बन्धित मूर्तिकलाको बारेका विस्तृत जानकारी प्रकाशमा आउने भएकोले यस अध्ययनको महत्व रहेको छ ।

## १.५ पूर्वसाहित्य समीक्षा

बौद्ध मूर्तिहरुको बारेमा विभिन्न विद्वानहरुले अध्ययन अनुसन्धान गरी थुप्रै भरपर्दो पुस्तक, लेखहरु प्रकाशित गरेका छन् । तसर्थ शोधकार्य तयार गर्नको लागि प्राप्त भए सम्मको पुस्तक, लेखहरुको अध्ययन गरिएको छ । अध्ययनको प्रस्ताव तयार पारिने क्रममा निम्न उल्लेखित पुस्तकहरुको समीक्षा गरिएको छ ।

*B.T. Bhattacharya,* **The Indian Buddhist Iconography**, Firma KLM Private Limited, 1987(Reprint)

यस पुस्तकमा बौद्ध सम्प्रदायको विभिन्न देव देवीहरु जस्तै आदिबुद्ध, ध्यानी बुद्ध, बोधिसत्व, मञ्जुश्री, मैत्रय, तारा आदिका प्रतिमालक्षणको बारेमा जानकारी दिइएको छ । यस पुस्तकमा मूर्तिको स्वरुपको व्याख्या गरिएको छ । त्यसैले शोधकार्यको लागि यो पुस्तकको समीक्षा गरिएको छ ।

*मारुतिनन्दन तिवारी र कमल गिरी,* **मध्यकालीन भारतीय प्रतिमालक्षण**, वाराणसी चौक : विश्वविद्यालय प्रकाशन, ई. स. १९९७।

यस पुस्तकमा बौद्ध मूर्तिहरुको विकास कम र बौद्ध सम्प्रदायको विभिन्न देव देवीहरु जस्तै आदिबुद्ध, ध्यानी बुद्ध, बोधिसत्व, मञ्जुश्री, मैत्रय, तारा आदिका प्रतिमालक्षणको बारेमा जानकारी दिइएको छ । यस पुस्तकमा मूर्तिको स्वरुपको व्याख्या गरिएको भएपनि मुद्रा र भावभंगीको बारेमा उल्लेख गरिएको छैन । ता पनि अध्ययन क्षेत्रमा उपलब्ध हुने बौद्ध मूर्तिहरूको तुलनात्मक अध्ययन गर्न यो पुस्तक सहयोगी हुनेछ ।

*मोहन प्रसाद खनाल,* **नेपाली कला**, ललितपुर : साझा प्रकाशन, वि.स. २०५२।

परम्परागत रूपमा चित्रकार, कालिगढले विभिन्न औजारहरूको माध्यमबाट सिर्जना गरेको सीप कौशललाई कला भनिन्छ । नेपाली माटोमा नेपालीहरूले सिर्जना गरेको कलालाई नेपाली कला भनिन्छ । प्रस्तुत पुस्तकमा नेपालमा विकसित भएको विभिन्न कलाबारे विश्लेषण गरिएको छ । यसमा नेपालको र पश्चिम क्षेत्रको कला, हिन्दू, बौद्ध देव देवीको मूर्तिकलाको विषयमा उल्लेख गरिएको छ । नेपालको कला र तिनको विशेषता संगै प्रतिमालक्षण, कला निर्माणको काल निर्धारण गर्नमा केही सघाउ पुग्ने देखिएकोले यो पुस्तक समीक्षा गरिएको छ ।

*Gotz Hagmuller,* **Patan Museum**, Serindia Publication, 2002

यस पुस्तकमा संग्रहालयको वास्तुकलाको बारेमा प्रकाश पारेको छ । यसमा पाटन संग्रहालय र त्यहाँ संग्रहित वस्तुबारे लेखिएका लेखहरु समावेश गरिएको छ । संग्रहालयको स्वरुप र त्यहाँ प्रदर्शित गरिने वस्तुहरुको बारेमा जानकारी सम्बन्धित लेखहरु रहेको छ ।

*Min Bahadur Shakya,* **The Buddhist Iconography of Nepalease Buddhism**, Kathmandu : Handicraft Association of Nepal, 1999(Second Edition)

यस पुस्तकमा बौद्ध सम्प्रदायको विभिन्न देव देवीहरु जस्तै ध्यानी बुद्ध, बोधिसत्व, तारा, लोकेश्वर, बज्रपाणि, बज्रयोगीनी, मैत्रय, नामसङ्गीति, मञ्जुश्री, दिपङ्कर, वसुन्धरा, हेवज्र

आदिका छायाँ चित्र सहित जानकारी दिइएको छ । तर यो पुस्तकमा बौद्ध मूर्तिको कला पक्षको सन्दर्भमा मौन रहेको देखिन्छ । ता पनि पुस्तकमा उपलब्ध छायाँचित्र र अध्ययनबाट प्राप्त हुने छायाँचित्रको तुलनात्मक अध्ययन गर्न सहयोगी हुने भएकोले यो पुस्तकको समीक्षा गरिको छ ।

*वीणा पौड्याल,* **काठमाडौं उपत्यकाका विष्णुविभव मूर्ति र चित्रहरू**, काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.स. २०६२ ।

यस पुस्तकमा काठमाडौं उपत्यकामा रहेको विभिन्न विष्णु मूर्तिहरूको चित्र सहित वर्णन गरिएको छ । यस पुस्तकमा बुद्धलाई विष्णुको नवौं अवतारको रूपमा वर्णन गरिएको छ (पृ. ११४) । यस शोधकार्य बौद्ध मूर्तिहरूमा केन्द्रित भएको हुनाले यो पुस्तक समीक्षा गरिएको छ । पुस्तकमा पुस्तकाकारले काठमाडौं उपत्यकाको विभिन्न स्थानको, विभिन्न समयको बुद्ध मूर्तिहरूको चित्र सहित उल्लेख गरेको पाइन्छ ।

## १.६ अध्ययनको क्षेत्र र सीमाङ्कन

यस शोधको मुख्य विषय पाटन संग्रहालयमा प्रदर्शित बौद्ध प्रतिमाहरुको अध्ययन बारे रहको छ । संग्रहालयमा प्रदर्शित बौद्ध मूर्तिहरुमा पनि नेपाली र तिब्बती बौद्ध मूर्तिहरु मात्र अध्ययन गरिएको छ ।

## १.७ अनुसन्धान विधि

यो शोधपत्रमा निम्न लिखित अनुसन्धान विधिहरु अपनाइको छ ।

### १.७.१ प्राथमिक स्रोत

यस स्रोत अन्तर्गत निम्न लिखित स्रोतहरू अपनाई आवश्यक तथ्यांकहरू संकलन गरिएको छ ।

१.७.१.१ स्थलगत अवलोकन :

पाटन संग्रहालयको ग्यालरी ए, ई र एफको स्थलगत अवोलकन गर्दा उक्त ग्यालरीहरूमा प्रदर्शित बौद्ध मूर्तिहरूको सूक्ष्म अध्ययन गरि सम्बन्धित मूर्तिहरूको अभिलेखात्मक विवरण संकलन गरिएको छ । अवलोकनको क्रममा विषयगत मूर्तिहरूको छाँया चित्र ( फोटोग्राफी)को संकलन गरिइको छ ।

## १.७.२ द्वितीयक स्रोत

यस स्रोत अन्तर्गत निम्न स्रोतहरू अपनाई आवश्यक तथ्यांकहरू संकलन गरिएको छ ।

१.७.२.१ साहित्यिक स्रोत

विषयसंग सम्बन्धित हालसम्म प्रकाशित तथा अप्रकाशित सामाग्री, लेख रचनाहरू, प्रतिवेदनहरू लगायत वेबसाइटमा उपलब्ध भएका साहित्यिक सामाग्रीहरूको सूक्ष्म अध्ययन गरि यो प्रतिवेदन तयार गरिएको छ ।

# अध्याय दुई : पाटन संग्रहालय

## २.१ संग्रहालयको इतिहास

संग्रहालय शब्द संग्रह र आलय मिलेर बनेको हो जसको अर्थ संग्रह गरिने स्थान भनेर बुझिन्छ । संग्रहालय शब्द ग्रीक भाषाको *'म्यूस'*बाट बनेको हो । ग्रीक भाषामा ज्ञानकी देवीलाई म्यूस भनिन्छ । संग्रहालय यस्तो ठाँउ हो जहाँ कलात्मक र प्राकृतिक वस्तुहरू संग्रह गरी त्यसको संरक्षण र प्रदर्शन गर्ने गरिन्छ । संग्रहालय मुख्यतया साधारण संग्रहालय, कला संग्रहालय, ऐतिहासिक एंव पुरातात्विक संग्रहालय, विज्ञान संग्रहालय आदि हुने गर्दछ । संग्रहालयको मुख्य कार्य ऐतिहासिक, प्राचीन, बहुमूल्य, दुर्लभ र अनौठा वस्तुहरूको संग्रह, संरक्षण एवंम्  अध्ययन अनुसन्धान गरि प्रकाशन गर्नु र शिक्षा प्रदान गर्नु हो ।

संग्रहालयको इतिहास पुरातत्वको इतिहास जतिकै पुरानो छ । सौख र संकलन गरिएका वस्तुहरू संग रमाउन, आनन्द लिन, अन्य व्यक्तिलाई प्रभाव पार्न पनि वस्तु संग्रह गर्ने र सुरक्षण गर्ने, व्यक्तिगत रूपमा प्रदर्शन गर्नको लागि विकसित भएको वस्तु संग्रहको सिद्धान्त कालान्तरमा विस्तारै शिक्षा आर्जन गर्ने स्थलको रुपमा यसको विकास हुन पुग्यो । तसर्थ संग्रहालय केवल ज्ञान आर्जन गर्न चाहने व्यक्तिलाई मात्र नभएर मनोरञ्जन गर्न चाहनेहरुका लागि पनि संग्रहालय स्थापना हुन थाल्यो ।

विश्वको सर्वप्राचीन संग्रहालय इशापूर्व तेह्रौं शताब्दीमा निर्माण भएको थियो । यस संग्रहालयको निर्माण मिश्रका शासक रेमसेज द्वितीयले गरेका थिए । वास्तवमा उनी सौख का रुपमा पुराना वस्तुहरू संग्रह गर्ने गर्दथे । कालान्तरमा ती वस्तुहरु संग्रहालयको रुपमा परिणत हुन पुग्यो । यसको अलावा मेसोपोटामियाका शासक नबोनिदसले इशापूर्व छैटौं शताब्दीमा केही प्राचीन भग्नावशेषहरूमा उत्खनन् गरेका थिए । र त्यहाँबाट प्राप्त भएका ऐतिहासिक तथा प्राचीन वस्तुहरुलाई बेबीलोनमा संग्रहालय स्थापना गरि संग्रह गरिएको थियो । संग्रहालयको उद्देश्य राखि स्थापना गरिएको विश्वको पहिलो आधुनिक संग्रहालय सन् १६८२ मा निर्माण भएको बेलायतको अक्सफोर्ड विश्वविद्यालयमा रहेको अस्मोलियन संग्रहालय हो (श्रेष्ठ सुरेश, २०७० : २५-२६) ।

## २.२ नेपालमा संग्रहालयको विकास

नेपालको सन्दर्भमा संग्रहालयको विकासक्रम त्यति पुरानो छैन । हुन त मल्लकालदेखि नै राजप्रासाद र देवालयहरूमा कलात्मक वस्तुहरुले सजाउने र संग्रह गर्ने गरिन्थ्यो । यसका साथै विभिन्न खालका मूर्तिहरू र चित्रहरूलाई पनि मठमन्दिर, विहारहरुमा संग्रह गरी हरेक वर्ष एक निश्चित दिनमा सार्वजनिक रूपमा प्रदर्शन गर्ने परम्परा चलेको पाईन्छ । International Council of Museum (ICOM) ले ऐतिहासिक स्मारकहरूलाई संग्रहालय स्वीकार गरेको हुँदा नेपालमा संग्रहालयको विकासक्रम खोजि गर्ने क्रममा मल्लकालसम्म पुग्न सकिन्छ । तर संग्रहालयकै उद्देश्य अनुरुप स्थापित संस्था भने बीसौं शताब्दीमा मात्र हुन पुग्यो । वास्तवमा नेपालमा संग्रहालयको सुरुवात सैनिकका हातहतियारहरू राख्ने घरबाट भएको थियो । समग्रमा नेपालमा संग्रहालयको विकास विशेषत चार चरण पार गरि भएको मानिन्छ । जुन चरणहरुलाई यसप्रकार व्याख्या गर्न सकिन्छ ।

### २.२.१ पहिलो चरण

लिच्छविकालदेखि वि.सं. १८७५ सम्मको चरणलाई पहिलो चरण अथवा खुल्ला संग्रहालय विकासको चरण पनि भन्न सकिन्छ । यस अवधिमा संग्रहालयकै नाममा कुनै पनि भवनहरु बनेका थिएनन् । तर प्राचीनकाल देखि वि.सं. १८७५ सम्म राजदरबार र देवालयहरूमा कलात्मक वस्तुहरू संग्रह गर्ने, प्रदर्शन गर्ने काम मल्लकालका तीनवटै राजदरबारका चोकहरुमा भएका थिए । मल्ल राजा प्रताप मल्लले आफ्नो शासन कालमा भक्तपुर सल्लाघारीबाट त्यस क्षेत्रमा भएका देवल, पाटी, पोखरी आदिका महत्वपूर्ण सामानहरू हनूमानढोका दरबारमा ल्याए । त्यसै बेला जगज्योती मल्लले बनाएको पोखरीको बीचको खम्बामा रहेको नागको आकृति तथा यताउता भएका प्रस्तरका सिंहहरू ल्याएका थिए । उनले ज्ञानेश्वरबाट प्राप्त जलशायी नारायणको मूर्ति (बुढानिलकण्ठ) ल्याएर दरबारभित्रको भण्डारखालमा पोखरी बनाएर राखे, लाजिम्पाटबाट कालियदमनको मूर्ति ल्याएर सुन्दरीचोकमा राखे, रानीवन (बुढानीलकण्ठ जाने बाटोमा पर्ने वन) बाट ल्याइएको कालभैरवको विशाल मूर्ति दरबारको प्राङ्गणमा राखे (वज्राचार्य, २०३३ : ७५-१२७) । यसको अतिरिक्त चाँगुनारायण, पशुपति, स्वयम्भू, हिरण्यवर्ण महाविहार, रुद्रवर्ण महाविहार आदि

वरपर थुप्रै मूर्तिहरू संग्रह गरेको पाईन्छ । यी देवालयहरूमा लिच्छविकालका मूर्तिहरू पनि पाईन्छन् ।

यसरी लिच्छविकालदेखि नै ईसाको बीसौं शताब्दीको प्रारम्भ नहुदाँसम्म वस्तु संग्रह गर्ने परम्परा चलेको देखिन्छ । तसर्थ यस कार्यले संग्रहालयलाई जन्म दिनमा ठूलो मद्दत पुगेको हुदाँ यस चरणलाई संग्रहालयको गर्भ अवस्थाको चरण मान्न सकिन्छ ।

## २.२.२ दोश्रो चरण

वि.सं. १८७६ देखि १९९५ सम्मको चरणमा नेपालमा संग्रहालय विकासको दोश्रो चरण मानिन्छ । वि.सं. १८७६ मा तत्कालीन प्रधानमन्त्री भीमसेन थापाले आफ्नो निवास बनाउने उद्देश्यले हालको छाउनीमा ब्रिटिश र फ्रेन्स वास्तुशैलीमा दरबार निर्माण गराए तापनि आफ्नो लगनटोल स्थित पुरानो निवासस्थानलाई छोडेनन् र त्यो भव्य महल खाली नै रह्यो । यस महलमा विभिन्न ठाउँहरूबाट संकलन गरिएका, नमूनाका लागि निर्माण भएर थुप्रिन आएका हतियारहरू, बन्दुकहरू, टोप गोलाहरू, जंगी पोसाकहरू सुरक्षित संग्रह गर्न लगाए । तर त्यहाँ संग्रहित वस्तुहरुलाई सर्वसाधारणलाई अवलोकन गर्न निषेध गरिएको थियो । तर केवल राणा प्रधानमन्त्रीहरू, उनका परिवारजनहरू, विदेशी पाहुनाहरूलाई मात्र देखाउने गरिन्थ्यो । यसै क्रममा वि.सं. १९९५ फागुन १ गते देखि यसलाई नेपाल म्यूजियम नामाकरण गरि सर्वसाधारणलाई समेत प्रवेश खुल्ला गरियो । यस प्रकार संग्रहालयको जन्म हुनको लागि पनि भीमसेन थापाको समयदेखि वि.सं. १९९५ सम्म ११९ वर्ष लाग्यो । प्रारम्भमा हतियार संग्रहालयको रूपमा जन्मिएको यस संग्रहालयमा त्यहि सालमा नै लण्डनको ब्रिटिस म्यूजियममा काम गरिरहेका भारतीय संग्रहालयविद् शिवनारायण सेनलाई नेपाल झिकाई यस संग्रहालयका निर्देशक सरहको क्यूरेटर पदमा नियुक्त गरि उनकै संरक्षकत्वमा सुधार तथा विकासलाई अगाडि बढाउँदै लगियो (श्रेष्ठ, २०७० : ३९-४१) ।

## २.२.३ तेस्रो चरण

दोस्रो चरणमा हातहतियारहरू मात्र संग्रहित भएको नेपाल म्यूजियमको जन्म मात्र भएको थियो भने यो चरणमा थुप्रै खालका संग्रहालयहरूको स्थापना हुन पुग्यो । त्यसैले यो चरणलाई विशेष महत्वपूर्ण मानिन्छ । वि. सं. १९९५ देखि वि. सं. १९९९ सम्म नेपाल

म्यूजियमको एउटा मात्र भवन थियो त्यस कारण अन्य कलात्मक वस्तुहरू प्रदर्शन गर्न सम्भव थिएन । तसर्थ पुरानो म्यूजियम भवनको पूर्वतिर अर्को भवन निर्माण गरियो जसलाई जुद्धजातीय कलाशाला नामाकारण गरिएको थियो । त्यस भवनमा विभिन्न खालका मूर्ति र चित्रहरू संग्रह गरि वि.सं. २००० बैशाख ५ गते आईतबारको दिनमा सर्वसाधारणको लागि खुल्ला गरियो । यस प्रकार वि.सं. २००० सालसम्म आईपुग्दा यहाँ दुईवटा भवन विस्तार हुन पुग्यो (श्रेष्ठ सुरेश : २७) ।

वि.सं. २००९ सालमा पुरातत्व विभागको स्थापना भएपछि जुद्धजातीय कलाशालालाई नाम परिवर्तन गरि राष्ट्रिय कलाशाला राखियो । साथसाथै संग्रहालय पुरातत्व विभागको अन्तर्गतमा आएपछि संग्रहालयको विकासमा महत्वपूर्ण कार्य हुन थाल्यो । पुरातत्व विभागको सक्रियतामा वि.सं. २०१७ सालमा उपत्यकाका तीनै वटा राजदरबारहरुलाई संग्रहालयमा परिणत गरियो । सोही सालमा भक्तपुरमा चित्रकला संग्रहालयको स्थापना भयो भने वि.सं. २०१९ सालमा हनुमानढोका राजदरबारमा मुद्रा संग्रहालय स्थापना भयो । यही वर्ष कपिलवस्तुमा उत्खनन्बाट प्राप्त वस्तुहरू संग्रह गर्ने उद्देश्यले क्षेत्रिय संग्रहालय स्थापना भयो । साथै त्यही वर्ष भक्तपुरमा काष्ठकला संग्रहालय र पाटनमा धातुकला संग्रहालय स्थापना भयो । तर काष्ठकला संग्रहालय र पाटनको धातुकला संग्रहालय क्रमशः वि.सं. २०२४ सालमा र वि.सं. २०२६ सालमा मात्रै सर्वसाधारणको लागि खुल्ला गरियो । त्यस्तै गरी वि.सं. २०२४ सालमा आएर नेपाल म्यूजियमलाई राष्ट्रिय संग्रहालय नामाकरण गरियो । वि.सं. २०२५ सालमा हनुमानढोकामा त्रिभुवन स्मृति संग्रहालय स्थापना भयो (उही : २८) । यसरी विभिन्न खालका संग्रहालयहरू स्थापना भएको हुनाले यो चरण महत्वपूर्ण रहेको छ ।

## २.२.४ चौथो चरण

यस काललाई संग्रहालय विकासको आधुनिक चरण मानिन्छ । किनभने यसभन्दा अगाडि सरकारी स्तरबाट मात्र संग्रहालयहरू स्थापना भएका थिए । तर यसबेलादेखि गैरसरकारी संस्थाले पनि संग्रहालय स्थापना गर्न विशेष भूमिका खेले । यसको अतिरिक्त यसभन्दा पहिले कलात्मक वस्तुहरू, हातहतियारहरू एंवम् उत्खनन्बाट प्राप्त वस्तुहरू मात्र राखेका

संग्रहालयहरू मात्र खोलिएका थिए । तर यस समयदेखि हुलाक टिकट, प्राकृतिक जीव, वनस्पति आदि वस्तुहरू संग्रह गरेका संग्रहालयहरू पनि खुल्न पुगे ।

यस चरणको प्रारम्भतिर वि.सं. २०२९ सालमा नेपाली हुलाक टिकट संकलन गर्ने उद्देश्यले काठमाडौंको धरहरामा हुलाक टिकट संग्रहालयको स्थापना भयो । पछि यो संग्रहालय राष्ट्रिय संग्रहालयमा स्थानान्तरण गरियो । वि.सं. २०३२ सालमा स्वयम्भू विकास मण्डल नामको एउटा निजी संस्था खोलिएको थियो । यसले पनि संग्रहालय स्थापना गर्नमा विशेष भूमिका खेलेको थियो । यस संस्थाले विभिन्न स्थानहरुबाट प्राप्त बौद्ध मूर्तिहरूलाई संग्रह गरि स्वयम्भू परिसरमा संग्रहालयको स्थापना गरियो । सोही सालमा नेपाल प्राकृतिक इतिहास संग्रहालयको स्थापना भयो, जसको संचालन तथा व्यवस्थापन हाल त्रिभुवन विश्वविद्यालयको विज्ञान संकायले गर्दै आएको छ । वि.सं. २०३३ सालमा राष्ट्रिय संग्रहालयको प्राङ्गणमा महेन्द्र स्मृति संग्रहालयको स्थापना गरियो । हाल यो संग्रहालय काठमाडौंको हनुमानढोकामा सारिएको छ । देशको पाँचवटै विकास क्षेत्रमा संग्रहालयको स्थापना गर्ने कार्यक्रम अनुसार पूर्वाञ्चलको धनकुटामा क्षेत्रीय संग्रहालय, पश्चिमाञ्चलको पोखरामा क्षेत्रिय संग्रहालय र मध्यपश्चिमाञ्चलको सुर्खेतमा क्षेत्रिय संग्रहालयको स्थापना भएका छन् । अहिलेसम्म सरकारी स्तरबाट बाहेक अन्य संस्था तथा व्यक्तिगत तवरबाट पनि विभिन्न उद्देश्यहरू राखी उपत्यकाभित्र र बाहिर त्यस्ता कैयौं विभिन्न किसिमका संग्रहालयको स्थापना भईसकेका छन् र केही बन्ने योजनामा छन् । जसमध्ये पोखराको पर्वतारोहण संग्रहालयको आफ्नो छुट्टै महत्व रहेको छ । अझ २०४६ को जनआन्दोलन पश्चात् थुप्रै स्मृति तथा निजी संग्रहालयहरु निर्माण हुने क्रम बढ्दो छ (उही : २९) ।

तसर्थ नेपालको कला, संस्कृति, धर्म, सामाजिक जीवन जस्ता विविध पक्षका बारेमा आगामी पिँढीलाई विश्वभरि नै जानकारी दिने कार्यमा नेपालका संग्रहालयको ठूलो भूमिका रहेको छ । आज संग्रहालयलाई वैज्ञानिक तरिकाले शैक्षिक केन्द्रको रूपमा विकास गरी जनमानसमा लोकप्रिय बनाउनु आवश्यक छ ।

## २.३ पाटन संग्रहालय

पाटन संग्रहालय एक चिनारी पुस्तिकाको आधारमा यस संग्रहालयको स्थापना ललितपुरको मंगलबजारस्थित मल्लकालिन पाटन दरबारमा २०१९ सालमा राष्ट्रिय धातु संग्रहालयको

नामबाट भएको थियो । युनेस्कोले सन् १९७९ (वि.सं. २०३६) मा काठमाडौं उपत्यकाका ५ क्षेत्रलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्ने क्रममा पाटन दरबार क्षेत्र पनि परेको थियो । काठमाडौं उपत्यकाका स्मारकको संरक्षणका लागि अष्ट्रियन अभियान अन्तर्गत पाटन दरबार क्षेत्रको संरक्षणका लागि तत्कालिन श्री ५ को सरकारलाई अष्ट्रियन सरकारले आर्थिक तथा प्राविधिक सहयोग गरेको थियो । वि.सं. २०३९ मा यहाँको प्रसिद्ध केशवनारायण चोक अथवा सुनको झ्याल भएको एवं ढलौट संग्रहालय भएको दरबारको मर्मत संभारबाट संरक्षणको कार्य सुरू भएको थियो । यो अभियान सम्पूर्ण दरबार क्षेत्र र प्रशिक्षण संग्रहालय निर्माणसम्म फैलिएको थियो । तत्कालिन श्री ५ को सरकार र अष्ट्रियन सरकारको संयुक्त प्रयासबाट यस ऐतिहासिक दरबारको मौलिक सुन्दरताको पुननिर्माण गरेको मात्र नभएर यसले यो क्षेत्रकै एउटा नमूना सांस्कृतिक संस्थाको रूपमा सिर्जना गरेको छ । पुननिर्माणको क्रममा संग्रहालयको लागि आवश्यक नयाँ ढाचाँको लागि ऐतिहासिक कलालाई जति सक्दो पुनःस्थापित गर्दै केही मात्रामा परिर्वतन गरियो । पहिलेको बनावटको स्वरूप देखाउन मुख्य मोहडामा १९औं शताब्दीका तस्वीरहरू नै मन्दिर पुननिर्माणको लागि आधारको रूपमा लिइयो । त्यहाँ अरू धेरै ऐतिहासिक दस्ताबेजहरू अथवा तस्वीर नभएकोले केही भवनहरूको पुननिर्माण अन्दाजको आधारमा गरिएको छ ( पाटन संग्रहालय, २०५९ : २३) ।

पुननिर्माणको अवधिमा भवनको कलात्मक भाग र छानाको स्वरूपलाई भूकम्प पछिको पुननिर्माण अभियानमा भएको समय र साधनको अभाव अनुसार केही परिवर्तन गरिएको थियो । पहिले कुँदिएको झ्याल, ढोकाहरू, छानाका सामाग्रीहरू लगाएत पुरानो भवनका सामाग्रीहरूलाई जति सक्यो त्यति पुनःप्रयोगमा ल्याइएको थियो । परम्परागत इँट्टा र काठका बनावट कमजोर हुने र भूकम्प जाँदा भत्किने हुँदा यो भवन पक्की किसिमबाट निर्माण गरियो । दरबारको पश्चिमी भागको मुख्य आँगन वि.स. १७९१ म जस्तो थियो सम्भवतः अहिले पनि उस्तै देखिन्छ । तर संग्रहालयको योजनानुसार विभिन्न कक्षहरू बनाउनको लागि नयाँ र ठूला भऱ्याङहरू र ऐतिहासिक गारोहरू हटाइएका छन् । परम्परागत माटोका भुइँहरू र स्थानीय कलाकृतिका पर्खालहरू र चुनको लेपनमा परिवर्तन गरिएको छ । साथै चिसोबाट गारोलाई बचाउन र छानाको आयु लम्व्याउन बाहिरी भागका एक किसिमको पातलो पक्की लेपन लगाइएको छ ।

अष्ट्रियन सरकारको आर्थिक सहयोग र वास्तुकलाविद् गज ह्याग्मूलरको निर्देशनमा १४ वर्षको लामो, निरन्तर प्रयासबाट यो बहुमूल्य कलाकृतिको पुनर्निर्माण गरी एउटा संग्रहालय, शैक्षिक र सांस्कृतिक केन्द्रको रूपमा स्थापना गरिएको छ । यस ऐतिहासिक भवनमा नेपाली कलाको एउटा नयाँ संग्रहालय निर्माण गर्ने सोच एकदमै स्पष्ट र मौलिक थियो । यस संग्रहालयको लागि सुप्रसिद्ध सांस्कृतिक, इतिहासविद् डा. मेरी एस. स्लसरले त्यहाँ अवस्थित १५०० वटा कलाकृतिको संग्रहमध्ये २०० वटा छनौट गरी प्रत्येकको निर्माणकाल सहित परिचय दिएकी छिन् ।

आफ्नै निर्देशन समितिबाट संचालनको व्यवस्था गरिएको यो नै नेपालको पहिलो पटक स्वतन्त्र आर्थिक हिसाबबाट स्थापना गरिएको सार्वजनिक संग्रहालय हो । पाटन संग्रहालय नेपालको प्रथम आत्मनिर्भर संग्रहालय हो । संग्रहालय संचालन गर्नको लागि चमेना गृह, उपहार पसल, प्रवेश शुल्क तथा संग्रहालयको प्राङ्गणमा गरिने विभिन्न कार्यक्रमबाट केहि बचत गर्ने गरिएको छ । दक्षिण एसियाको सबभन्दा राम्रा संग्रहालयमध्ये एक पाटन संग्रहालय पनि एक हो ।

वि. सं. २०७१ साल वौशाखबाट पाटन दरबार क्षेत्रमा अवस्थित मूलचोकमा वास्तुकला ग्यालरी र सुन्दरीचोक सर्वसाधारणको लागी खुल्ला गरियो । यस ग्यालरीमा पाटन क्षेत्रमा पाइएका काठ, ढुङ्गा, माटोका विभिन्न वास्तु अवयवहरूको व्यवस्थित प्रदर्शनी गरिएको छ ।

# तेस्रो अध्याय : नेपाली मूर्तिकलाको विकासक्रम

## ३.० परिचाय

कलाको विकासक्रमको अध्ययन गर्ने क्रममा प्रागऐतिहासिक कालदेखि कलाकृतिको सृजना, विकास, संरक्षण र सम्बर्द्धन भएको अनुमान गर्न सकिन्छ । दक्षिण एशियाको सन्दर्भमा सिन्धुघाँटी सभ्यता त्यहाँ प्राप्त लिपि र विभिन्न आकृति भएका मातृका देवीका मूर्तिहरूलाई मूर्तिकलाको विकास क्रमको प्रारम्भिक चरण मानिन्छ ।

नेपालमा मूर्ति निमार्ण गर्ने परम्परा ईसा पूर्वका शताब्दीहरू देखि नै भएको पाइन्छ । नेपालमा विभिन्न समयमा भएको पुरातात्विक अन्वेषण र उत्खनन्बाट प्राप्त मूर्तिहरूलाई आधार मानेर नै मूर्तिकलाको विकास क्रम अध्ययन गर्नु पर्दछ । यसै क्रममा कपिलवस्तु, लुम्बिनी, बन्जराही, तिलौराकोट, धुम्बाराही आदि स्थानमा गरिएको उत्खनन्बाट प्राप्त मृण्मय मूर्तिबाट नेपालमा प्रारम्भिक रूपमा माटोलाई नै प्रथम कलाको माध्यम बनाइएको देखा पर्दछ । बन्जराहीबाट प्राप्त नारी शिर(मुखौटो) लाई इसा पूर्व तेस्रो शताब्दीको मानिएको छ (देव, १९६८ : २६) ।

यस्तै बाबुकृष्ण रिजालले लुम्बिनीको मायादेवीको मूर्तिलाई इ.सा पूर्व प्रथम शताब्दीको मानेका छन् । यो मूर्ति रातो बलौटे ढुंगामा कुदिएको छ । यस प्रकारको ढुंगा शुङ्गहरूले आफ्नो राज्यकाल इसा पूर्व १००- इसाको १०० जम्मा जम्मी २०० वर्षको अवधिमा प्रयोग गरिएको विश्वास गरिन्छ (रिजाल, १९७९ : १-२) ।

## ३.१ पूर्व लिच्छविकाल

नेपालमा प्राप्त मूर्तिकलाको आधारमा इसाको तेस्रो शताब्दी पूर्वको समयलाई पूर्व लिच्छवी काल मानिएको छ । काठमाडौं उपत्यकामा प्राचीन मूर्तिहरूमा पाटनको च्यासल टोलको गजलक्ष्मी मूर्ति, हौगलबहालको मातृका मूर्ति, पाटनको सिकुबहीको उमामहेश्वरको मूर्ति, पशुपती मृगस्थलीको यलम्बरको मूर्ति, पशुपति आर्यघाटको विरूपाक्ष, छाउनी संग्रहालयको यक्ष, छाउनी संग्रहालयको संवत् १०७ को जयबर्माको मूर्ति, राष्ट्रिय नाचघरको प्राङ्गणमा

रहेको चतुमूर्ति आदिलाई लिने गरिन्छ । लिच्छविकाको मूर्तिहरूको विशेषता भन्दा केही भिन्न भएको हुनाले त्यी मूर्तिहरूलाई पूर्वलिच्छविकाल मानिएको हो ।

### ३.१.१ पूर्व लिच्छविकालका मूर्तिका विशेषता

पूर्व लिच्छविकालमा पाइएका मूर्तिहरू केहि भद्दा, बाटुलो मुखाकृति, लाम्चिलो आँखा, चेप्टो/डल्लो नाक, छोटो गर्दन, ठूलो मस्तक, बलिष्ठ हातगोडा, गठिलो मांसपेशी देखिने शरीर सहितको मंगोलाकृति रहेको पाइन्छ । केहि मूर्तिहरूले दायाँ हत्केलालाई अलि कुप्रो पारी वरद मुद्रामा र बायाँ हत्केला अभय मुद्रामा प्रदर्शन गरेको देखिन्छ । त्यस कालका नारी र पुरूष मूर्तिहरूमा छड्के पटुकाको प्रयोग र धोतीलाई मुजा पारेर देखाउने गरेको पाइन्छ । मूर्तिमा साधारण र गोलो आकारको प्रभामण्डलको प्रयोग भएको देखिन्छ । नारी र पुरूष मूर्तिमा कठोरताको भाव देखिनुले नारी र पुरूष मूर्तिको बीचको भेद छुट्याउन गाऱ्हो पर्दछ । त्यस समयका पुरूष मूर्तिहरूका यज्ञोपवितको अभाव रहेको पाइन्छ । मूर्तिहरूमा ठूला-ठूला कर्ण कुण्डलहरूको प्रयोग भएको पाइन्छ भने नारी मूर्तिहरूको गोडामा ठूला-ठूला कल्लीको प्रयोग भएको देखिन्छ । त्यस कालमा मूर्ति बनाउनको लागि कडा खालको प्रस्तरको प्रयोग भएको पाइन्छ ।

### ३.१.२ च्यासलहिटीको गजलक्ष्मी

गजलक्ष्मीको मूर्तिमा लक्ष्मीलाई दायाँ र बायाँ दुवैतिरबाट हात्तीले जल अभिषेक गरिरहेको अवस्था प्रदर्शित गरिन्छ । विष्णुधर्मोत्तर पुराण (८२/३-८) अनुसार गजलक्ष्मीको मूर्ति पद्मासनमा बसेको हुनुपर्ने, लक्ष्मीको हातमा कमल, बेल, कलश, शंख लिएको हुनुपर्ने र हात्तीले सुँढद्वारा घैला उठाई लक्ष्मीलाई अभिषित गरिरहेको हुनुपर्ने वर्णन गरिएको छ । यसै वर्णन अनुसारको मूर्ति पाटनको च्यासलहिटीमा रहेको छ । यस गजलक्ष्मीको मूर्तिलाई नेपालबाट प्राप्त प्राचीन मूर्ति मानिन्छ (चित्र संख्या- १) ।

यस गजलक्ष्मीको मूर्ति समभङ्ग मुद्रामा उभिएको, कानमा ठूल्ठूला कुण्डल लगाएको, घाँटीमा माला, कम्मरमा तीन तहको पटुका बाँधेको र उक्त पटुका बायाँतिर घुडासम्म लत्रेको देखाइएको छ । मूर्तिमा शरीरको माथिल्लो भाग वस्त्ररहित, शरीरको तल्लो भागमा पारदर्शी वस्त्रको प्रयोग गरिएको छ । मूर्तिको दायाँ हातमा फुलेको कमल र बायाँ हातमा कमलको

कोपिला लिएको छ । गजलक्ष्मीको गोडामा ठूल्ठूला कल्लीको प्रयोग, लक्ष्मीको शरीर हृष्टपुष्ट, मांसपेशी खदिलो र कम्मर चाहिँ पातलो देखाइएको छ । यस मूर्तिमा देवीको दुवैतिर लामा लामा कमलको डाँठ भएको र कमलको डाँठ माथि दुईवटा हात्ती उभिएको र हात्तीले घैलाबाट जल खन्याएर लक्ष्मीलाई अभिषेक गरिरहेको देखाइएको छ । यस मूर्तिलाई वाङ्देलले ईसा पूर्व प्रथम शताब्दीको मान्दै उपत्यकामा प्राप्त सबैभन्दा प्राचीन प्रस्तरको मूर्ति मानेका छन् (वाङ्देल, २०३९ : २६) ।

## ३.१.३ हौंगलबहालको मातृका देवी

प्रजनन्की देवीको रूपमा मातृदेवीको पूजा परम्परा प्रागऐतिहासिक कालदेखि सिन्धु सभ्यता र वैदिक कालमा पनि मातृदेवीको पूजा उपासना पछि गएर मातृका पूजा परम्पराबाट नै सप्तमातृका र अष्ट मातृकाको पूजा गर्ने परम्परा चल्यो । नेपालमा समेत ऐतिहासिक कालको प्रारम्भ देखि नै मातृका पूजाको परम्परा चलेको विश्वास गरिन्छ । नेपालमा पाइएका प्राचीनत्म मूर्तिहरू मध्येको हौंगलबहालको मातृका मूर्ति पनि एक हो ।

यो मूर्ति प्रलम्बपादासनमा बसेकी, सिंगारिएको गद्दि जस्तो आसनमा दुवै खुट्टा तल झारी घुँडा फारेर बसेको यस मूर्तिले पैतालाको औंलापट्टिको भागले भूईमा टेकी कुर्कुचा चाँहि आसनको तल्लो भागमा अड्याएर राखेको देखिन्छ । कुम पछाडि कपडा पट्टयाएको जस्तो स्वरूप देखिन्छ । देवीको कम्मरको माथिको भाग नग्न रहेको र शरीरको तल्लो भागमा पारदर्शी अधोवस्त्र लगाएको देखिन्छ । देवीले दुवै खुट्टामा कल्ली, कानमा ठूल्ठूल्ला कर्णकुण्डल, घाँटीमा माला लगाएको देखिन्छ । दुई खुट्टाको बीचमा धोतीलाई मुजापारी पट्याइएको जस्तो बुट्टा देखिन्छ (चित्र संख्या- २) ।

लामा कान, छोटो घाँटी, लामा लामा र मोटो हात, सानो शरीर, ससाना तथा नग्न स्तन, गढ्केको नाभि, लामा एवं हृष्टपुष्ट मांसपेशीयुक्त खुट्टा भएको यो मूर्ति मथुरा कलाशैलीबाट प्रभावित भएको देखिन्छ । तर यो मूर्तिको दायाँ हातको हत्केला केही कोप्रो पारेर वरदमुद्रामा देखाइनाले नेपाली शैलीको स्पष्ट झल्को पाइन्छ । यस मूर्तिको बायाँ हातमा केही वस्तु ( विल्वफल) समातेको जस्तो देखिन्छ, जुन वस्तुलाई वाङ्देलले माछा मानेका छन् (उही : ४२) । अस्पष्ट आकृति भएकोले यही भन्न सक्ने अवस्थामा भने छैन । यस मूर्तिलाई वाङ्देलले इस्वीको दोस्रो शताब्दीको मानेका छन् (उही) ।

## ३.२ लिच्छविकाल

मूर्तिकलामा पाइने विशिष्ट विशेषताले गर्दा लिच्छवि युगलाई स्वर्णयुग भनिन्छ । लिच्छविकालमा धेरै शैव, वैष्णव र बौद्ध मूर्तिहरूको निर्माण भएको पाइन्छ । यसको प्रमाण स्वरूप उपत्यकाका विभिन्न ठाँउबाट प्राप्त मूर्तिहरूलाई लिन सकिन्छ । लिच्छवि राजा मानदेवको समयदेखि नेपाली मूर्तिकलाको इतिहासमा मिति र अभिलेख युक्त मूर्तिहरू पाइएको छ । सर्वप्रथम मिति र अभिलेख कुँदिएको राजा मानदेवले स्थापना गराएका मूर्ति विष्णुविक्रान्तको मूर्ति हो । ई.सं. ४६७ (संवत् ३८९) मा राजा मानदेवले विष्णुविक्रान्तको मूर्ति दुई ठाउँमा स्थापना गराएको छन् । लाजिम्पाट धोबीचौर र पशुपति तिलगङ्गामा स्थापना गराएको मूर्तिहरूमा एकै खालको व्यहोरा भएको अभिलेख कुदिएको छ । यी मूर्तिहरूको पाठपीठमा राजा मानदेवले "आफ्नी आमा राज्यवतीको पुण्यको बढीबढाउको लागि भगवान वामनको मूर्ति स्थापना गरे" भनी लेखिएको छ (वज्राचार्य, २०५३ : ३६) । राजा मानदेवको पालामा वैष्णव मूर्तिहरूको मात्र विकास नभएर शैव मूर्तिहरूको पनि विकास भएको पाइन्छ । ई.सं. ४६८ (सवंत् ३९०) मा मानदेवकी रानी क्षेमसुन्दरीले लाजिम्पाट धोवीचौरमा शिवलिङ्गको स्थापना गरेकी थिइन् (उही : ३९) । राजा मानदेवकै पालामा रत्नसंघले रत्नेश्वर शिवलिङ्गको स्थापना गरेका थिए (उही : ५०) । यसै गरि राजा मानदेवकी रानी गुणवतीले ई.स. ४९७ (संवत् ४१९) मा लाजिम्पाट टुकुचामा शिवलिङ्ग स्थापना गरेकी थिइन् (उही : ६५) । मानदेवकी छोरी विजयवतीले पनि ई.सं. ५०५ (संवत् ४२७) मा पशुपति सूर्यघाटमा शिवलिङ्ग स्थापना गरेकी थिइन् (उही : ८२) ।

लिच्छविकालमा निर्माण भएको बौद्ध मूर्तिको सन्दर्भमा राजा रामदेवको पालामा स्थापना गरिएको धरहरा पछाडि ढुङ्गेधाराको आर्यावलोकितेश्वरको मूर्ति पनि एक हो । लिच्छविकालमा प्राप्त मूर्तिहरूमा विष्णु विक्रान्तको मूर्ति, बुढानीलकण्ठ नारायण, श्रीधर विष्णु, छाउनी संग्रहालयको पदमलक्ष्मी, बराह मूर्ति, कालियादमन मूर्ति, चाँगुनारायणको विश्वरूप मूर्ति, बाङ्गेमुंढाको बुद्ध मूर्तिहरू आदि रहेका छन् ।

### ३.२.१ लिच्छविकालका मूर्तिका विशेषता

लिच्छविकालमा कलाकारहरूले हरियो मास रंगको प्रस्तरलाई मूर्ति बनाउनको लागि प्रयोग गरेको देखिन्छ । त्यस कालका बनेका अधिकांश मूर्तिहरूको सम्पूर्ण विषयवस्तु आध्यात्मिक

रहेको पाइन्छ । मूर्तिहरू मिभिन्न धर्म, सम्प्रदायका कथा, घटना एवं पुराणहरूमा आधारित रहेका छन् । त्यस समयमा बनेका मूर्तिहरूको शारीरिक सुगठन तथा आंगिक अनुपातमा मेल खाएको पाइन्छ । नारी मूर्ति र पुरूष मूर्तिहरूमा स्वभाविकताको गुण हुनु र सुन्दर मुखाकृति (स्वभाव अनुसार कोमल/कठोर भाव) भएको मूर्तिहरू निर्माण गरिनाले नारी र पुरूष मूर्तिहरूको बीचको भेद छुट्याउन सजिलो भएको छ । त्यस समयको पुरूष मूर्तिहरूमा अनिवार्य यज्ञोपवितको प्रयोग भएको पाइन्छ । नारी मूर्तिहरूमा कोमलता तथा लचकता भएको देखिन्छ । नारी र पुरूष दुवै मूर्तिहरूमा आवश्यक मात्रामा मात्र गरगहनाको प्रयोग गरिएको पाइन्छ भने पारदर्शी वस्त्रको प्रयोग भएको देखिन्छ । नारी मूर्तिहरूमा अंलकृत केश विन्यासको प्रयोग गरिएको पाइन्छ भने सबैजसो मूर्तिहरूमा साधा र गोलो आकारको प्रभामण्डलको प्रयोग भएको देखिन्छ । लिच्छवी कालमा मूर्ति बनाउने कलाकारहरूले मूर्तिलाई विशेष लेपको प्रयोग गरेर मूर्तिहरूलाई भरपुर आकर्षक र मिहिन बनाउन खोजेको देखिन्छ । यस लेप केको र कसरी बनाइएको भन्ने कुरा मध्यकालका केही हस्तलिखित पुस्तकहरूमा लेखिएको विश्वास गरिएको छ । तर यो कस्तो प्रकारको लेप हो भन्ने विषय अनुशन्धेय नै रहेको छ । लिच्छविकालका सबैजसो मूर्तिहरूमा शुक्ष्म विषय वस्तुहरूको प्रयोगमा विशेष ध्यान दिएर मूर्ति बनाइएको पाइन्छ ।

### ३.२.२ बाङ्गेमुढाको बुद्धमूर्ति

काला रंगको प्रस्तर फलकमा कुँदिएको यस मूर्तिमा बुद्ध स्थानक अवस्थामा रहेको छ । यसमा बुद्धमूर्तिलाई हिंड्न खोजेको अवस्थामा उत्कीर्ण गरेको छ । बुद्धको कानको लोती लामा र लत्रेको देखिन्छ । घुँघुरिएको कपाल र उष्णीष बनाइएको छ । मूर्तिमा आँखाको गेडी (आँखीभौं र गालाको हड्डिभन्दा) अस्वभाविकबाहिर निस्केको, नाक च्याप्टो, ओठ मोटो रहेको छ । मूर्तिको दायाँ हात वरद मुद्रामा र बायाँ हात तिघ्रासम्म पुऱ्याएर चीवर समातेको छ । मूर्तिमा पारदर्शी चीवरको प्रयोग गरिएको छ । कम्मरमा एकसरो उधरबन्ध स्पष्ट देखिन्छ । बुद्धको दायाँ बायाँ दुई भक्तहरूले घुँडा मारेर नमस्कार मुद्रामा रहेको छ (चित्र संख्या- ३) ।

यस मूर्तिलाई वांग्देलले पाँचौ शताब्दीको मानेका छन् (वाग्देल, १९८९ : ३१६), पालले छैठौं शताब्दीको मानेका छन् (पाल, १९७४ : १६७) । मूर्तिमा देखिएको शारीरिक लक्षण, प्रस्तरको

चयन र मुखाकृतिको आधारमा यस मूर्तिलाई पाँचौं शताब्दी कै हाराहारीमा पुऱ्याउन सकिन्छ ।

### ३.२.३ ढोकाबहाल चैत्यको पद्मपाणी लोकेश्वर

चैत्यमा पद्मपाणी लोकेश्वरलाई स्थानक रूपमा प्रस्तुत गरिएको छ । यिनको दायाँ हात वरद मुद्रामा र बायाँ हातले नालसहितको कमलको फूल समातेको छ । यिनको शिरमा अलंकृत मुकुट, कानमा कुण्डल रहेको छ । घाँटीमा हार, यज्ञोपवित पाखुरामा सर्प केयूर, नाडीमा बाला रहेको छ । लोकेश्वरको घुँडासम्म लर्केको पारदर्शी बुट्टेदार धोतीलाई वाध्न कलात्मक उद्यरबन्धको प्रयाग गरिएको छ । कम्मरमुनि पटुका जस्तो वस्त्र बेरिएको देखिन्छ । धोतीको मुजा सपक्क बसेको देखिन्छ भने सो मुजा पिडुंलासम्म लर्केको देखिन्छ । लोकेश्वरको दायाँ तर्फ घुँडा टेकी गरुडासनमा बसेको एक भक्त देखिन्छ (चित्र संख्या- ४) ।

यस मूर्तिलाई पाल र क्रामरिशले सातौं शताब्दीको मानेका छन् (पाल, १९७४ : १३, क्रामरिश , १९६४ : २८) । मूर्तिमा देखिएको शारीरिक अनुपात, आर्यमुखाकृति, बुट्टेदार पारदर्शी संघाती, अल्लिक फुस्रो खालको प्रस्तरको आधारमा यो मूर्तिको काल निर्धारण सहि मान्न सकिन्छ ।

## ३.३ मध्यकाल

मध्यकाललाई दुई भागमा विभाजन गरिन्छ । नेपालको इतिहासमा सम्बत् ९३६ देखि जयस्थिति मल्लको उदय सम्मको समयलाई पूर्व मध्यकाल मानिन्छ । नेपालको इतिहासमा जयस्थिति मल्लको उदयदेखि पृथ्वी नारायण शाहले उपत्यका विजय गरेको समय वि.स. १८२५ सम्मको समयलाई उत्तर मध्यकाल भनिन्छ । मध्यकालका प्राप्त उल्लेखनीय नमूनाका मूर्तिहरूमा हाँडीगाउँ कोटालटोलको उमामहेश्वर मूर्तिफलक, क्वावहाल टोलको उमामहेश्वर मूर्तिफलक, थापाहिटीको सूर्यमूर्ति, बनेपाको सूर्यमूर्ति, पनौतीको सूर्यमूर्ति, चाँगुनारायणको श्रीधर विष्णु, चाँगुनारायणको नरसिंह, राष्ट्रिय संग्रहालयको विष्णु, पाटन दरबार क्षेत्रको गणेश मूर्ति आदि रहेका छन् ।

### ३.३.१ मध्यकालमा मूर्तिहरूको विशेषता

मध्यकालमा उपत्यकाभित्रका कलाकारहरूले प्रस्तरको रंगलाई ध्यान नदिइकन कडा खालको प्रस्तरलाई मूर्ति बनाउन प्रयोग गरेको पाइन्छ । खासगरी मल्लकालका मूर्तिहरूमा तान्त्रिक प्रभाव परेको पाइन्छ । मूर्तिहरूमा धेरै टाउको, धेरै हातहरू कुँदिनाले मूर्तिहरूमा स्वाभाविकता, सजीवता एवं साधापनमा ऱ्हास आएको पाइन्छ । मूर्तिहरूमा अत्याधिक गरगहनाहरूको प्रयोगले गर्दा आकर्षक भन्दा भद्दापन देखापर्दछ । त्यस समयमा बनेका मूर्तिहरूको अनुहार केही लाम्चो, चुच्चे नाक, पातलो ओठ, लामा आँखा, लामो चिउँदो सहितको आर्य मुखाकृति रहेको पाइन्छ । मध्यकालमा प्रस्तर/ढलोटका मूर्तिहरू बनाउँदा दोहोरो पद्मपीठ, ज्वालायुक्त प्रभामण्डल र ज्वालावलीको प्रयोग गरिएको पाइन्छ । मध्यकालमा कलाकारहरूले मूर्तिमा रहेको अनावश्यक भागहरूलाई हटाएर हावा वारपार हुने गरी प्वाल पारी मूर्तिलाई स्वाभाविक एवं सजिव बनाएको पाइन्छ । त्यस समयमा बनेका कतिपय मूर्तिहरूमा शारिरीक तालमानको बेमेल भएको पाइन्छ भने केही मूर्तिहरू तालमान युक्त पनि पाइन्छ (नरसिंह मूर्ति - हनूमान ढोका) ।

### ३.३.२ क्वावहाको अवलोकितेश्वरको मूर्ति

पाटनको क्वावहामा अवस्थित अवलोकितेश्वरको मूर्ति चारपाटे पद्मपीठमाथि समभङ्गासनमा रहेको छ । मूर्तिको दायाँ हात वरद मुद्रामा र बायाँ हात अंकुश मुद्रामा रहेको छ । शिरमा आकर्षक मुकुट, शिरको पछाडी चुलिएको ज्वालावलीयुक्त प्रभामण्डल, कानमा कर्ण कुण्डल, कण्ठहार र यज्ञोपवित रहेको छ । पाखुरामा केयूर, नाडीमा बाला र खुट्टामा पाउजु (कल्ली) रहेको छ । धोतीलाई कम्मरमा बाँध्नको लागी उद्यरबन्धको प्रयोग गरिएको छ । पटुका तिघ्राको तल्लो भागसम्म लर्केर बेरिएको अवस्था छ (चित्र संख्या- ५) ।

यस मूर्तिलाई पालले चौधौं शताब्दीको मानेका छन् (पाल, १९७४ : ११९) । मूर्तिमा देखिएको शारीरिक लक्षण, मूर्तिको बनोट र गरगहनाको आधारमा यो धातु मूर्तिलाई चौधौं शताब्दीकै कोटीमा राख्न सकिन्छ ।

## ३.४ आधुनिक काल

मध्यकालपछि उन्नाइसौं शताब्दीदेखि हालसम्मको समयलाई आधुनिक काल भन्ने गरिन्छ । आधुनिक कालका प्राप्त उल्लेखनीय नमूनामा श्वेत भैरवको मूर्ति, वसन्तपुरको नौ तल्ले दरबार, शिव पार्वती मन्दिर, गद्दी बैठक आदि रहेका छन् ।

### ३.४.१ आधुनिक कालका मूर्तिहरूका विशेषता

आधुनिक कालमा बनेका मूर्तिहरू मध्यकालमा बनाइएका मूर्तिहरू भन्दापनि स्वाभाविकता, सजीवता, एवं साधापनमा ऱ्हास आएको देखिन्छ । यस समयका मूर्तिहरूमा शारिरीक तालमानको बेमेल रहेको छ भने आर्य मुखाकृति रहेको पाइन्छ । प्रस्तरको चयनमा यस कालका कलाकारहरूले खासै ध्यान दिएको पाइदैन जसको कारण कमसल र नरम प्रस्तरमा मूर्ति कुँदिएको पनि पाइन्छ ।

### ३.४.२ गणेश

असन चोकमा रहेको यस गणेशको एकदन्त, त्रिनेत्र, चारहातहरुमा क्रमश दायाँतर्फ अक्षयमाला र मुला, बाया तर्फ परशु र मोदकपात्र रहेको छ । मोदकपात्रमा रहेको लड्डुलाई गणेशको लामो सूँडले उचाल्न लागेको देखिन्छ । कमलको फूलमा अर्धपर्यङ्कासनमा, सादा मुकुट भएको चौडा निधार, चौडा र पुष्ट छाती, चौडाई केही कम भएको ठुलो कान, उठेको पेट, सर्पयज्ञोपवित, सर्पकै बाला र केयूर आदि लक्षणहरु यस मूर्तिमा देखिन्छन् । मूर्ति फलकको पृष्ठ भागमा ज्वालावली जस्तो बुट्टा देखिन्छ । गणेशको दायाँ गोडा छेउमा आधा कुँदिएको मूसा आकृति रहेको छ (चित्र संख्या- ६) ।

यहाँ प्राप्त वि.सं. १९८४ र वि.सं. १९८५का अभिलेखहरुले यो गणेशको मूर्ति आधुनिक कालको भएको पुष्टि गर्दछ ।

# अध्याय चार : नेपालमा बौद्ध धर्मको विकासक्रम

## ४.१ परिचय

गौतम बुद्धको जन्म ६२३ ई. पू.मा लुम्बिनीमा भएको थियो (www.doa.gov.np/content.php-2071/08/24) । ७औं किराँती राजा जितेदास्तिका पालामा शाक्य सिंह बुद्ध नेपाल आएका र उनले स्वयम्भू चैत्य, मञ्जुश्री चैत्य भम्रण गरेर आफ्नो निवास पुच्चाग्र चैत्यमा स्थापित गरे । उनले त्यहाँ चुडा नामक भिक्षुणीबाट पुजा ग्रहन गरी शारीपुत्र, मौदगल्यान, आनन्द आदि बाहुन, क्षेत्री समुदायका १३५० जनालाई दीक्षा दान गरे (राईट, १९७२ : १०९) । यस कुराले काठमाडौं उपत्यकामा ई. पू. ५औं शताब्दीदेखि नै बौद्ध धर्मको प्रचार प्रसार भएको बुझिन्छ । 'मूलसर्वास्तीवादविनयसूत्र' अनुसार भिक्षुहरू व्यापारीहरूका साथ उपत्यका आउने गर्दथे । बुद्धको समयमा कौशलका राजा विरूद्धकले कपिलवस्तुका शाक्यहरूको हत्या गरे पश्चात शाक्यहरू शरणार्थीका रूपमा उपत्यका प्रवेश गरे (विडारी, २००७ : १०२-१०६) । लिच्छवि अभिलेखमा शाक्यहरूको उल्लेख आएको पाइन्छ (वज्राचार्य, २०५३ : १७२-१७३) ।

महावंस सूत्रका अनुसार सम्राट अशोकले आफ्नो नौ धार्मिक शिष्ट मण्डलहरूलाई विभिन्न देशहरूमा पठाइका थिए । हिमाली क्षेत्रमा मझिझमले नेतृत्व गरेका थिए । यही समूहले नेपाल भ्रमण गरे (रेग्मी, १९९४ : २३) । १४औं किराँती राजा स्थुंकोको पालामा सम्राट अशोक नेपाल भ्रमणमा आएका थिए । उनले यहाँको धार्मिक स्थलहरूको भ्रमण लगाएत यहाँका पवित्र स्थानहरूमा स्नान गरे । स्वयम्भू, गुहेश्वरी लगाएत आठ चैत्यको भ्रमण र विभिन्न चैत्यहरू पनि स्थापना गरे (राइट, १९७२ : ११०) । मौय कालका चन्द्र गुप्त, विन्दुसर र अशोक प्रख्यात राजाहरू थिए । कलिंगको युद्ध पश्चात अशोकले आफ्नो विजयी अभियान त्यागी, बौद्ध धर्मलाई आत्मसात गरी त्यसको प्रचारमा लागे । उनले आफ्नो धर्म यात्राको क्रममा बुद्ध जन्मेको स्थान लुम्बिनीको भ्रमण गरेर त्यहाँ भगवान बुद्धको जन्म स्थान चिनाउने गरी अभिलेख सहित स्तम्भ (ई. पू. २४८) राखे (www.lumbinitrust.org-2071/08/24) । त्यसपछी बौद्ध धर्मको प्रचार टाढा टाढासम्म भयो । अशोकले आफ्नो अन्तिम समयतिर मात्र धर्म प्रचारको लागि शिष्ट मण्डलहरू पठाएका थिए । यसै क्रममा नेपालमा पनि सोही दुत आएको बुझिन्छ । यहाँका

मानिसहरूमा शिष्टमण्डलको सम्पर्क हुँदा बौद्ध धर्म र दर्शनको प्रभाव परेको पाईन्छ ( आचार्य, १९९८ : १५) । संभवत अशोकका दुतहरू हिमवत्खण्ड नेपाल गएका थिए । दुतहरू ई.पू. २३६ मा नेपाल आए र साँखुको डाँडामा गुणविहार बनाए । गुणविहारको निर्माण पछि नेपालमा बौद्ध धर्मको स्थापना र प्रचार भएको विश्वास गरिन्छ (भिक्षु, २०४० : ३०-३२) ।

## ४.२ लिच्छवि काल

लिच्छवि कालमा आएर बौद्ध धर्मलाई लिच्छवि राजाहरूले संरक्षकत्व प्रदान गरेको पाइन्छ । जस अनुसार :-

| मिति | राजा | बौद्ध धर्म सम्बन्धि कार्य | श्रोत |
|---|---|---|---|
| - | वृषदेव | कुनै महिला बौद्ध भक्तिनीले धेरै कालसम्म दुःख कष्ट गरी बनाइएको चावहिल चैत्यमा नियमित पुजाआजा गर्नको लागि वर्षेनी ४५ मानिका धान आउने खेत गुठी राखिएको | (वज्राचार्य, २०५३ : २) |
| संवत् ३९६ | मानदेव | आफ्नै नाममा 'श्रीमानविहार' बनाउन लगाएर बौद्धधर्ममा पनि मानदेवले समान आस्था व्यक्त गरेको | (उही : ४१-४३) |
| संवत् ३२ | अंशुवर्मा | गुंविहारलाई ६ पुराण २ पण, श्रीमानविहारलाई ६ पुराण २ पण, श्रीराजविहारलाई ६ पुराण २ पण, खर्जूरिकाविहारलाई ६ पुराण २ पण, मध्यमविहारलाई ६ पुराण २ पण र अरू सामान्य विहारलाई ३ पुराण १ पण दिइएको उल्लेख | (उही : ३२०-३३५) |
| - | अंशुवर्मा | फर्पिङ्ग भेगमा भएको बौद्ध विहारमा धारा निर्माण गराएको | (उही : ३६९) |
| - | अंशुवर्मा | गोकर्ण भेगमा रहेको बौद्ध चैत्यको संरक्षणको लागि गुठीको व्यवस्था गरेको | (उही : ३७१) |

| | | | |
|---|---|---|---|
| संवत् ४३ | अंशुवर्मा | बुद्धको पूजाआजाको लागि जयवर्तिकाको छोराले फर्पिङ्ग भेगमा बौद्ध मन्दिर बनाएर त्यसको सञ्चालनको लागि गुठी राखेको | (उही : ३७२-३७३) |
| - | अंशुवर्मा | धर्मपाल भन्ने व्यक्तिकी भोगिनी मृगिनीले गन्धकुटी (विहार विशेष)को मर्मत गर्न, भिक्षुणीसघंलाई भोजन गराउन जग्गा गुठी राखिएको | (उही : २८२-२८३) |
| - | अंशुवर्मा | बुद्धमूर्तिको पूजाआजाको लागि गुठी राखिएको कुराको उल्लेख आएको | (उही : २८४ -२८५) |
| - | अंशुवर्मा | अवलोकितेश्वरको पूजा र भिक्षुसंघको भोजनको लागि केही जग्गा गुठी राखेको कुरा उल्लेख भएको | (उही : २८६) |
| - | अंशुवर्मा | महायान सम्प्रदायको अक्षोभ्य, शाक्यमुनि, अमिताभ आदि बुद्धहरू र समन्तभद्र मैत्रेय, मञ्जुश्री, महास्थामप्राप्त आदि बोधिसत्वहरू, पद्मपाणि लोकेश्वर आदिको उल्लेख भएको | (उही : ३८७-३८८) |
| - | अंशुवर्मा | कुनै दानपतिले बुद्धको पूजाआजा, भिक्षुसंघको लागि भोजन, पानी आदिको बन्दोवस्त मिलाई गुठी राखेको | (उही : ३८९-३९०) |
| - | - | प्रियपाल नामक शाक्य भिक्षुले उज्ज्वल कीर्ति भएका उहाँ ठूला रत्नत्रय (बुद्ध, धर्म, संघ)लाई लख गरेर प्राणीहरूको उपभोगको निमित्त यो कुवा र टुटेधारा बनाएको | (उही : ४५४-४५५) |
| संवत् १०३ | नरेन्द्रदेव | श्रीशिवदेवविहारमा चारैतिरबाट आइबसेका आर्यभिक्षु संघको आर्य आर्जनको लागि गुल्लतङ्ग (यागबहाल) ग्राम र (प)ञ्चगर्त ग्राम दान दिइएको | (उही : ४९६-५०६) |
| - | नरेन्द्रदेव | कुनै देवता स्थापना गरी तिनको पूजा आदिको | (उही : ५०७) |

| | | | |
|---|---|---|---|
| | | लागि भिक्षुणीसंघलाई केही पुराण र पण कसैले दान दिएको | |

नरेन्द्र देवको पालाको साँखुको अभिलेखको आधारमा लिच्छविकालमा बौद्ध धर्मको प्रचारप्रसार र सुरक्षाको लागि ठाउँ-ठाउँमा भिक्षुसंघहरू (उही : ४) बनाइएको उल्लेख छ । तिनै भिक्षु संघहरूको समूह मिलेर महासंघ (महायान) बनेको देखिन्छ र यसको नेतृत्व गुंविहार (साखुँ)ले गरेको विश्वास गर्न सकिन्छ ।

लिच्छवि शासनको अन्तिम समयतिर विभिन्न विहारहरूमा श्रामणेर (दीक्षा प्राप्त गर्न योग्य मानिस)हरूलाई शील दान गरिएको प्रसंग उल्लेख गरिएको छ (उही : ५८७-५९८) ।

शिवदेव द्वितीयले नन्दीशाला विहार बनाए र भिक्षुभोज्य सत्र निर्माण गरेको कुरा परेको छ ( वज्राचार्य र मल्ल, १९८५ : ७८) । एकथरी संक्षिप्त गोपाल वंशावलीमा पनि उनले भिक्षुहरूलाई सुख दिई राखेको तथा शास्त्रास्त आदि गराएको विवरण पाइन्छ (वज्राचार्य, १९७७ : ११९,१२४) ।

लिच्छविकालमा राजा र प्रजाहरूले बौद्ध मूर्तिको तुलनामा धेरै चैत्य र विहारहरू बनाएका र त्यसको संरक्षणको लागि विभिन्न गुठीहरूको व्यवस्था गरेका थिए ।

## ४.३ पूर्वमध्यकाल

नेपालको इतिहासमा सम्बत् ९३६ देखि जयस्थिति मल्लको उदय सम्मको समयलाई पूर्व मध्यकाल मानिन्छ । लिच्छविकालमा जस्तै पूर्वमध्यकालमा पनि राजाहरू र जनताहरूले बौद्ध धर्मको संरक्षणको लागि आ-आफ्नो तर्फबाट प्रयास गरेको बुझिन्छ ।

| मिति | राजा | बौद्ध धर्म सम्बन्धि कार्य | श्रोत |
|---|---|---|---|
| ने.सं. १४४ | लक्ष्मीकामदेव | महापण्डित गौतमश्रीले ललितपुरमा सप्तपुरी महाविहार (गुइतः बहिल) बनाइको | (वज्राचार्य, २०६८ : ३७-३९) |
| ने.सं. २२८ | रूद्रदेव | गुंविहार र प्रसिद्ध वज्रयोगिनी भएको स्थानमा कुनै धर्मात्माले दुङ्गेधारा बनाउन लगाएको | (उही : ९७-९८) |

| | | | |
|---|---|---|---|
| ने.सं. ३६८ | अभय मल्ल | ठूलो महायानका अनुयायी श्रीचन्द्र, महापण्डित श्रीश्रीविभूतिचन्द्रपाल, ठूलो उपासना गर्ने भिक्षुणी श्रीमलयश्रीरोवको यो दान धर्म हो भनि उल्लेख भएको | (उही : १३४) |
| ने.सं. ३९९ | - | ने.सं. ३९९ माघशुक्ल प्रतिपदाको दिन गौतम श्रीयतीन्द्र भिक्षुले भूइँचालोले भत्केको विहारको जीर्णोद्वार गरेको | (उही : १३८-१३९) |
| ने.सं. ४७९ | - | ने.सं. ४७७ चैत्रशुक्ल नवमी तिष्यनक्षत्र शूलयोग बालवकरण वृहस्पतिवारको दिन मेघपालले बुद्ध भगवानको चैत्य र मूर्तिको प्रतिष्ठा गरेको | (उही : १५०-१५१) |
| ने.सं. ४८१ | - | श्रीन्होलवहार प्रधानाङ्ग पात्र रणजोतिन, श्रीउल्हासलक्ष्मीले चैत्य जीर्णोद्वारगरी प्रतिष्ठा गरेको | (उही : १५३) |
| ने.सं. ४९२ | जयार्जुनदेव र जयस्थिति मल्ल | श्रीराजहर्ष मल्ल भल्लोक र उहाँकी धर्मपत्नी श्रीज्योतीलक्ष्मीले ने.सं. ४९२ आश्विनशुक्ल पूर्णिमा आश्विनीनक्षत्र सुकर्मायोग बुधबारको दिन साराको कल्याण गर्ने स्तुपको प्रतिष्ठा, गजूर चढाउने काम र लक्षहोम गराएको | (उही : १५४-१५८) |
| ने.सं. ५०२ | - | मदनरामले श्रीदीपंकर बुद्ध बनाउन लगाएर पारावत बौद्धविहार (इटुम्बहाल)मा श्रीदीपंकर बुद्ध स्थापना गराए । मदनरामकी पत्नी जैत्रलक्ष्मीले पनि श्रीपारावतविहारमा आर्यताारा स्थापना गराएको | (उही : १६५-१६८) |
| ने.सं. ५०८ | जयस्थितिराज मल्लदेव | श्रीरंगचन्द्रका छोरा मानचन्द्रले भाइ हर्षराम र छोरा ज्ञानचन्द्रमा साथ रंगनक (लगन) विहारको बुद्ध मन्दिरमा गांधूलिभट्टारक बुद्धदेवको सुनको मूर्ति बनाएर विधिपूर्वक | (उही : १७७-१७८) |

| | | | |
|---|---|---|---|
| | | लक्षहोम गरी स्थापना गराएको | |
| ने.सं. ५२९ | - | श्रीहिरण्यवर्ण महाविहारको आँगनको बीचमा रहेको श्रीश्रीचैत्यको भट्टारकको मन्दिरमा त्यहीका वज्राचार्य श्रीमगरम थवर र उनकी धर्मपत्नी जयलक्ष्मी भरीले सुनका कलश र ध्वजा चढाएको | (उही : २२६) |
| ने.सं. ५४७ | जयज्योतिर् मल्लदेव | श्रीदक्षिणविहारका कुटुम्बन प्रधान महापात्र दैत्यनारायण श्रीराजसिंह मल्लदेव वर्मा, चक्रनारायण श्रीउदयसिंह मल्ल वर्मा, अचुकनारायण श्रीजयधर्मसिंह मल्ल वर्मा, असुरनारायण श्रीरूद्रसिंह वर्मा, असुरनारायण श्रीजयभीम मल्ल वर्मा यी पाँच जनाले राजश्रीमहाविहारमा ज्येष्ठशुक्ल दशमी चित्रानक्षत्र परिघयोग बुधबार कन्यालग्नमा श्रीश्रीश्रीगधुह्नि तथागतलाई उठाई सुनको बोधिसत्वको प्रतिष्ठा गराएको | (उही : २७७-२७९) |
| ने.सं. ५६७ | जययक्ष मल्लदेव | महापात्र श्री ... चदं ... वर्मा, श्रीकयतपाल वर्मा, ... वर्मा, .... पत्नी कीर्तिलक्ष्मी सहितले श्रीगवर्म पिंथविहारमा महाविहारमा अहोरात्र ठूलो यज्ञ गरिकन काठको श्रीश्रीवज्रसत्व तथागत देवताको स्थापना गराएको | (उही : ३११-३१२) |

पूर्व मध्यकालमा राजा र जनताहरूले विभिन्न बौद्ध मूर्तिहरूको स्थापना लगाएत चैत्य र विहारहरूको निर्माण गरेका थिए । साथै यस समयमा विभिन्न विहार र चैत्यहरूको पनि जीर्णद्वार गरेको प्रमाण विभिन्न ऐतिहासिक तथा पुरातात्विक प्रमाणहरूले प्रष्ट गर्दछ ।

## ४.४ उत्तर मध्यकाल

नेपालको इतिहासमा जयस्थिति मल्लको उदयदेखि पृथ्वी नारायण शाहले उपत्यका विजय गरेको समय वि.स. १८२५ सम्मको समयलाई उत्तर मध्यकाल भनिन्छ । मध्यकालको शुरूदेखि नै नेपाल मण्डलमा धार्मिक सहिष्णुता कायम रहेको थियो । यस कालमा शैव र बौद्ध धर्मका अनुयायीहरू अमपसमा मिलेर आ-आफ्ना सम्प्रदायको धर्मको विकासमा विना रोकटोक लागि परेको पाइन्छ ।

| मिति | राजा | बौद्ध धर्म सम्बन्धि कार्य | श्रोत |
|---|---|---|---|
| ने.सं. ६३५ | जयरत्न मल्ल | जखराजजु र उनकी पत्नी मानमयी भरीले आफ्नो दिवङ्गत छोरा विजयसिंह भारोको लख गरी श्रीश्रीश्रीमहांकाल देवताको स्थापना गरेको | (वज्राचार्य, २०५८ : १-२) |
| ने.सं. ६३५ | रत्न मल्ल, रण मल्ल, राम मल्ल | कीर्तिपुरको चिलंचोमा चैत्य स्थापना गरेको | (उही : ४७३-४७९) |
| ने.सं. ६३६ | - | सुक्षेम भन्ने एक भारदार परिवारको व्यक्तिले आफ्नी पत्नी विजयलक्ष्मीको नामले आर्यताराको स्थापना गरी पाटी बनाएको | (उही :४८०-४८१) |
| ने.सं. ६४३ | - | वुंगमतीका पुजारी र केही स्थानीय व्यक्ति आदि मिली मत्स्येन्द्रनाथको मन्दिरको जीर्णाद्धार गरेको | (उही : ४) |
| ने.सं. ६४३ | - | दाता जयतराजले स्वयम्भू भगवान स्थानमा अवलोकितेश्वर र वज्रपाणि लोकेश्वरको मूर्ति स्थापना गरेको | (भट्टराई, २०६८ :७) |
| ने.सं. ६५६ | महापात्र विष्णुसिंह | बौद्ध चैत्यको जीर्णोद्धार गरी सुनको छत्र, गजुर, मण्डप आदि चढाई नित्य, नैनित्तिक पूजाको लागि जग्गा गुठी राखिएको | (वज्राचार्य, २०५८ : ७-९) |

| | | | |
|---|---|---|---|
| ने.सं. ६८१ | - | जजमान शाक्यभिक्षु श्री र..जुले श्रीश्रीश्री धर्मधातु वागीश्वर भट्टारकको जीर्णोद्वार गरेको | (उही : २१-२२) |
| ने.सं. ६८५ | - | जयराज र उनका भाईले आफ्नो दिवङ्गत बाजेको नाममा पाटी बनाई खड्गमञ्जुश्रीको स्थापना गरेको | (उही : ४८५) |
| ने.सं. ७१६ | - | प्रमुख पञ्चहरूले श्री अथवहाल (ननी)मा शासन बुद्ध भट्टारकलाई सुनको चँदुवा चढाएको | (उही : ४३-४४) |
| ने.सं. ७३४ | शिवसिंह देव | पञ्चबुद्ध सहित तीन चैत्य निर्माण गरेको | (उही : ४९-५०) |
| ने.सं. ७३५ | शिवसिंह देव | कृष्णरामले स्तूपको जीर्णोद्वार, यज्ञ पूजा, व्रत आदि गरी प्रतिष्ठा गरेको | (उही : ५५) |
| ने.सं. ७३९ | सिद्धिनरसिंह मल्ल | चैत्यको जीर्णोद्वार गरेको | (उही : ५७-५९) |
| ने.सं. ७३९ | सिद्धिनरसिंह मल्ल | शाक्यमुनि बुद्धको मूर्ति स्थापना गरेको | (उही : ५९-६०) |
| ने.सं. ७४६ | सिद्धिनसिंह मल्ल | दानपति श्री जसकीतजु, श्री विजयसिंजु, श्री अमृतसिंजु, श्री जिकितजुले श्रीधर्मधातु वागीश्वर भट्टारकको जीर्णोद्वार गरी अहोरात्र यज्ञ गरेको | (उही : ६४-६५) |
| ने.सं. ७४६ | - | श्रीचेतलंड (चितलाङ)का गुरूभाजु श्री उजोतदेवजु, आमा आदिकाजु, नकग्राम (नगाउँ)का रत्न आदि गरी ३३ जनाले चैत्यको जीर्णोद्वार गरी प्रतिष्ठा गरेको | (उही : ४८८) |
| ने.सं. ७५९ | सिद्धिनरसिंह मल्ल | शाक्यवंशका श्री देवजु, श्री देवज्योतिजु र श्री अमृतज्योतिजुले श्रीवैश्रवण महाविहारको शाक्यमुनिको पछाडि अलंकार सुनको | (उही : ७९-८०) |

| | | | |
|---|---|---|---|
| | | मोलम्बा लगाई पञ्चतथागत, वज्रपाणि, पद्मपमणिको प्रतिमा बनाई सुनको तोरण चढाइएको | |
| ने.सं. ७६१ | सिद्धिनरसिंह मल्ल र श्रीनिवास मल्ल | ललितपुरका जिरण प्रमानले चोभारका लोकेश्वरको तीन तले मन्दिर बनाई सुनको गजुर चढाएको | (उही : ८५-८६) |
| ने.सं. ७६२ | - | दानपति शाक्यवंशका हाकुले श्री शाक्यमुनि, श्री धर्मधातु वागीश्वरको स्थापना अहोरात्र यज्ञ गरी गरको | (उही : ४९०) |
| ने.सं. ७७९ | - | बेखसिंह, गोमीसिंह, बाबुचा, किन्हराम बुसिंङ धमीसिंह आदि ५७ जनाले श्रीधर्मधातु बागीश्वरलाई चाँदीको तोरण चढाइएको | (उही : ११३–११४) |
| ने.सं. ७८१ | - | श्रीपद्मकाष्ठगिरि महाविहारमा श्री धर्मधातु वागीश्वर भट्टारकलाई ध्वजारोहण गरी गजुर चढाएका | (उही : ४९८) |
| ने.सं. ७८१ | - | दाता हाकुदेवले स्वयम्भूमा अक्षोभ्यको मूर्ति स्थापना गरेको | (भट्टराई, २०६८ : १६) |
| ने.सं. ७८५ | श्रीनिवास मल्ल | सुगतरा मभारो र उनकी पत्नी शिवदूतीले कीर्तिपुरको गालफस्थानमा ग्रन्थकूट देवल बनाई सुनको गजुर चढाएको र देवता प्रतिष्ठा गरी खेत गुठी राखेको | (वज्राचार्य, २०५८ : ५०३-५०६) |
| ने.सं. ७८६ | - | योखाछें युताविहारीका ब्रह्मचारी श्री हाकुजु र छोरा श्री देजचन्द्रजुले चैत्यभट्टारकको जीर्णोद्वार गरी सुवर्णलेप गरेको मुकुट र तीनतह भएको छत्र चढाई प्रतिष्ठा गरिएको दिन यज्ञ गरेको | (उही : १४०-१४१) |
| ने.सं. | - | हरिराम भावो र उनकी पत्नी धवंतीले | (उही : १५४- |

| | | | |
|---|---|---|---|
| ७८८ | | आफ्नो नाममा पाटी बनाई शक्तिसहित लोकेश्वरको स्थापना गरी सो पाटीमा इन्द्रजात्राको दिन श्रीलोकेश्वर र ताराको पूजा गर्ने | १५५) |
| ने.सं. ७९१ | - | श्रीपद्मकाष्ठगिरि महाविहारको चैत्यरङको दायाँतिर चैत्य बनाएर सुनको छत्र चढाई अक्षोभ्य तथागत, प्रज्ञापारमिता र लोकेश्वरको स्थापना गरेको | (उही : ५१८-५१९) |
| ने.सं. ७९१ | श्रीनिवास मल्ल | पद्मकाष्ठगिरिमा रहेको चैत्यरङ महाविहारका धर्मधातुका दक्षिणाभिमुख रत्नसंभवको दायाँबायाँ दुई बोधिसत्व र दुई ताराको स्थापना, गजुर, सुवर्ण चुडामणि, सुनको छत्र बनाई प्रतिष्ठा गरेको | (उही : ५१९-५२०) |
| ने.सं. ७९३ | - | श्रीतानिग्ल बहालका श्रीश्रीश्रीलोकेश्वरलाई प्रसन्न पार्न, व्हवनडवली (महास्नान गराउने डबली) जीर्णोद्धार गरी प्रतिष्ठा गरेको | (उही : १६८-१६९) |
| ने.सं. ७९३ | श्रीनिवास मल्ल | दानपति हाकुदेव भारो र उनकी दुई पत्नी मंगला र सुमंगलाले श्रीधर्मधातु भट्टारकका चार कुनामा चार तारा देवी प्रतिष्ठा गराएको | (उही : ५२३) |
| ने.सं. ७९३ | निवास मल्ल | श्रीचैत्यरङ चैत्यको दायाँपट्टि बुद्धधर्मसंघ प्रतिमा बनाई प्रतिष्ठा गरेको | (दर्नाल, २०७० : ३२) |
| ने.सं. ७९५ | नृपेन्द्र मल्ल | माङन परिवारले स्वयम्भूमा धर्मशाला र महाकालको मूर्ति प्रतिष्ठा गरेको | (भट्टराई, २०६८ : २३) |
| ने.सं. ८०९ | - | दाता शुजचन्द्रले स्वयम्भूमा अमिताभको प्रतिमा राखेको | (उही : ३०) |
| ने.सं. ८१० | - | यम्पिबहालका ब्रह्मचारी भिक्षु श्रीचिन्तामणिज्यू, कोनिहन घर खाछंका राम | (वज्राचार्य, २०५८ : २७०- |

| | | | |
|---|---|---|---|
| | | भारो आदि गुठियारहरूले यम्पिस्तूपको प्रिउखा देवताको लागि देवल बनाएको | २७१) |
| ने.सं. ८१० | - | न्हागल विहारका भिक्षु श्री धनमुनिजु, भिक्षु श्री तवाधिकजु र भाई श्री धर्मश्रीजुहरूले दुंगाले छापी चैत्य जीर्णोद्वार गरी प्रतिष्ठा गराएको | (उही : २७२) |
| ने.सं. ८१७ | भूपालेन्द्र मल्ल | विष्णुमती लखुतीर्थमा वज्रधातुचैत्य र धर्मशाला प्रतिष्ठा गरेको | (भट्टराई, २०६८ : ३४) |
| ने.सं. ८१९ | भूपालेन्द्र मल्ल | त्यौड टोल निवासी वैकुण्ठराम भारो र छोरा हिलिसिवा भारो दुईजनाले स्वयम्भू विहारमा स्वयम्भू चैत्य अगाडी वज्रधातु चैत्य र कुमारको मूर्ति स्थापना गरी आयस्ता राखेको | (दर्नाल, २०६९ : १०) |
| ने.सं. ८२५ | - | चम्पापुरीको भन्सार घरमा बस्ने शङ्कर भारोले श्री ३ चैत्यवहाल देवताको स्थापना गरी खेत चढाइएको | (वज्राचार्य, २०५८ : ३५२) |
| ने.सं. ८२८ | इन्द्र मल्ल | दिवङ्गत महसिंह भारोको नाममा उनका छोराले श्री शिलापुरि वाणागिरी विहारमा श्री शाक्यमुनि तथागतको सुनको मूर्ति अहोरात्र यज्ञ गरी स्थापना गराए र प्रतिवर्ष यज्ञ गर्नका लागि अढाई रोपनी खेत गुठी राखेको | (उही : ३६५-३६६) |
| ने.सं. ८३० | - | दाता हरिम भारोले मछिन्द्रबहालमा वज्रधातु चैत्य प्रतिष्ठा गरेको | (भट्टराई, २०६८ : ४१) |
| ने.सं. ८७८ | जयप्रकाश मल्ल | जयप्रकाश मल्ल, पर्वतका राजा तथा अरू महानुभावहरू समेत सामेल भई स्वयम्भू महाचैत्यको पुननिर्माण गरेको | (उही : ५८) |

उत्तर मध्यकालमा राजा र जनताहरूले विभिन्न बौद्ध मूर्तिहरूको स्थापना स्थापना लगाएत चैत्य र विहारहरूको निर्माण गरेका थिए । साथै यस समयमा विभिन्न बौद्ध मूर्ति, विहार र

चैत्यहरूको पनि जीर्णद्वार गरेको र त्यसको संरक्षणको निम्ति विभिन्न गुठीहरूको व्यवस्था गरेको प्रमाण विभिन्न ऐतिहासिक तथा पुरातात्विक प्रमाणहरूले प्रष्ट गर्दछ ।

## ४.५ आधुनिक काल

पृथ्वी नारायण शाहले उपत्यका विजय गरे देखि हालसम्मको समयलाई आधुनिक काल मानिन्छ । मध्यकालमा जस्तै आधुनिक कालमा पनि नेपालमा धार्मिक सहिष्णुता कायम रहेको छ । यस कालमा शैव, बौद्ध र अरू धर्मका अनुयायीहरू आपसमा मिलेर आ-आफ्ना सम्प्रदायको धर्मको विकासमा विना रोकटोक लागि परेको पाइन्छ ।

| मिति | राजा | बौद्ध धर्म सम्बन्धि कार्य | श्रोत |
|---|---|---|---|
| ने.सं. ८९९ | - | दाता गोवर्धसिका परिवारले चैत्य जीर्णोद्वार गरेका | (भट्टराई, २०६८ : ८७) |
| ने.सं. ९०२ | रणबहादुर शाह | दाता ग्यानओत र धनरक्ष्मिले स्वयम्भू क्षेत्रमा वज्रधातु चैत्य थापेको | (उही : ७२) |
| ने.सं. ९०३ | - | दाता धंजु कंसाकारले आफ्नो आमाबाबुको नाममा धर्मधातु वागीश्वरलाई खुशी पार्न धर्मशाला बनाएको | (उही : ७४) |
| ने.सं. ९०६ | रणबहादुर शाह | दाता तुराध्र धंतसिंह आदिले स्वयम्भू भगवानको उत्तरतर्फ वज्रधातु चैत्य प्रतिष्ठा गरेको | (उही : ७६) |
| ने.सं. ९०८ | रणबहादुर शाह | दाता मिरम्ह प्रमुखका परिवारले विष्णुकान्त लोकेश्वरको मूर्ति प्रतिमा र धर्मशाला सत्तल बनाएको | (उही : ७९) |
| ने.सं. ९१९ | - | दाता भाजुधनजुका परिवारले स्वयम्भूमा शिलामय चैत्य बनाइ वर्षवन्धन पूजाको लागि गुठी जग्गा राखेको | (उही : ९४) |
| ने.सं. ९२१ | गीवार्णयुद्ध विक्रम शाह | वटु धम्मचक्र महाविहार निवासी भाजु कुतु शाक्यभिक्षुले आफ्नो बहालमा चैत्य बनाएको | (दर्नाल, २०६९ : १५) |

| | | | |
|---|---|---|---|
| ने.सं. ९२४ | - | विक्रमशील महाविहारमा पहिले बनाई राखेको शीलाको चैत्यमा सुवर्ण चैत्य बनाएको | (दर्नाल, २०७० : ६९) |
| ने.सं. ९२६ | गीर्वाणयुद्ध विक्रम शाह | दाता लक्ष्मीधन कंसाकार परिवारले श्रीलोकेश्वर आगमघर जीर्णोद्वार गरेको | (दर्नाल, २०६९ : १६) |
| ने.सं. ९३७ | राजेन्द्रविक्रम शाह | दाता श्रीकृष्ण तुलाधर परिवारले नरदेवी निवासी सिंहलक्ष्मीको नाममा मञ्जुश्री स्थानको उकालोमा श्रीवज्रधातु चैत्य स्थापना गरेको | (उही : ३०) |
| ने.सं. ९४१ | - | दाता थाकुसिंह पुत्र बेखासिं देवले स्वयम्भू उकालोमा वज्रचैत्य र आर्यावलोकितेश्वर मूर्तिको जीर्णोद्वार गरेको | (उही : ३६) |
| ने.सं. ९५७ | - | मखनटोल चिबाछें निवासी दाता विलओन्तसिं परिवारले मञ्जुश्री मूर्ति स्थापना गरेको | (उही : ६७) |
| ने.सं. ९६४ | राजेन्द्रविक्रम शाह | दाता भाजुनरसिंह ताम्राकार परिवारले वज्रधातु चैत्य र महामंजुश्रीको मूर्ति स्थापना गरेको | (उही : ६८) |
| ने.सं. ९७३ | सुरेन्द्रविक्रम शाह | दाता भाजुविरसिं सहितको परिवारले विजयश्वरि बहालभित्र वज्रधातु चैत्य बनाएको | (उही : ८७) |
| ने.सं. ९७४ | सुरेन्द्रविक्रम शाह | हेमाकर महाविहार निवासी श्रीवजाचार्य र ताम्राकार परिवार धर्म गोष्ठि खलकबाट प्रत्येक महिनाको अष्टमी व्रत गरी श्रीआर्यालोकितेश्वर करूणामयलाई महादीप बाली यज्ञ गरी प्रताप समर्पण गरी ढुङ्गाको खम्बा राखी सुवर्णको .. सिंहनाद लोकेश्वर प्रतिष्ठा कर्म गरी स्थापना गरेको | (उही : ८८) |
| ने.सं. ९७९ | - | यताखा टोल निवासी लक्ष्मीनारां परिवारसहितले देउपाटन राजराजेश्वरनिर | (दर्नाल, २०७० : ८१) |

| | | | |
|---|---|---|---|
| | | वज्रधातु चैत्य बनाएको | |
| ने.सं. ९८३ | सुरेन्द्रविक्रम शाह | दाता लक्ष्मीनरसिंहले मछिन्द्रबहालभित्र अष्टमी व्रत गरी अवलोकितेश्वर देवताको अगाडी श्रीषतक्षरि लोकेश्वरको मूर्ति स्थापना गरेको | (दर्नाल, २०६९ : ९८) |
| ने.सं. ९९२ | - | तँलाछिका तुलाधर भाजुनारां परिवारले नघल टोल, शान्तिघट चैत्यको जीर्णोद्वार गरेको | (उही : १०१) |
| ने.सं. ९९४ | - | पारावर्त महाविहार निवासी लक्ष्मीधन शाक्यभिक्षु परिवारले पहिले स्थापना गरी राखेको इतुबहालको चैत्य जीर्णोद्वार गरेको | (उही : १०३) |
| ने.सं. ९९९ | सुरेन्द्रविक्रम शाह | कनकचैत्य महाविहारमा वज्रचार्यभिक्षु रूबुआजुले पहिले बनाई राखेको अमोघपास लोकेश्वरको जीर्णोद्वर गरेको | (उही : १०९) |
| ने.सं. १००३ | पृथ्वी वीर विक्रम शाह | केलटोल तषाक्षे निवासी हेमालक्ष्मी परिवारले आर्यावलोकितेश्वर अगाडी चैत्य जीर्णोद्वार गरेको | (उही : ११४) |
| ने.सं. १०३१ | - | मुसुमबहाल निवासी कुलमान वज्राचार्य परिवारले सुवर्णको आर्यतारा स्थापना गरेको | (उही : १३८) |
| ने.सं. १०३२ | त्रिभूवन वीर विक्रम शाह | पाको, पुखलिद्याङ्ग निवासी मानन्धर परिवारले वज्रधातु चैत्य बनाएको | (उही : १३९) |
| ने.सं. १०६६ | त्रिभूवन वीर विक्रम शाह | कोहिटी टोल निवासी भीमसेन मानन्धर परिवारले चैत्य जीर्णोद्वार गरेको | (उही : १४९) |

आधुनिक कालमा राजा र जनताहरूले विभिन्न चैत्य लगाएत धेरै बौद्ध मूर्तिहरूको स्थापना गरेको पाइन्छ । साथै यस समयमा विभिन्न बौद्ध मूर्ति, विहार र चैत्यहरूको जीर्णद्वार गरेको प्रमाण विभिन्न ऐतिहासिक तथा पुरातात्विक प्रमाणहरूले प्रष्ट गर्दछ ।

# पाँचौ अध्याय : संग्रहालयमा प्रदर्शित बौद्ध मूर्तिहरू

## ५.१ पृष्ठभूमि

बुद्धको जीवनकालमा नै बुद्धको चित्र बनाइएको कुरा दिव्यावदानमा उल्लेख भएको छ । राजा विम्विसारको इच्छा अनुसार बुद्धले आफ्नो चित्र बनाउन अनुमति दिए । उक्त चित्र कुनै पूजाको उद्देश्यले नभई केबल श्रद्धाको रूपमा बनाइएको थियो । चित्र बनाउने चित्रकारले बुद्धको मुखमण्डलको तेजले गर्दा चित्र कोर्न नसकेपछि बुद्धले कपडामा आफ्नो छाँया पारि त्यसको बाहिरी रेखा कोर्न र रंग भर्न लगाए (बर्गेस, १९०१ : ६८) । राजा अशोकको समयदेखि बुद्धको जीवनमा घटेका घटनालाई सांकेतिक रूपमा उत्कीर्ण गर्न थालियो । भारतको साँची स्तुपको रेलिङ्ग बारमा पनि यक्ष, नाग, देवता र बुद्ध जीवनीसंग सम्बन्धित सांकेतिक चिजहरू अंकित छन् (वनर्जी, १९५६ : ९९) ।

बुद्ध जन्मबारे जातक, ललितविस्तर, बुद्धचरित्रमा सविस्तार वर्णन गरिएको छ । ललितविस्तारमा बुद्धको जन्मबारे यस्तो वर्णन छ "मायादेवी लुम्बिनी वनमा प्रवेश गरिन् । प्लक्ष (पकरिपा) को वृक्ष भएको ठाउँमा पुगिन् । त्यसपछि त्यो प्लक्ष रूख वोधिसत्वको तेजको बलले झुकेको प्रणाम गर्न लाग्यो ।" यही वर्णन अनुसार बुद्धको जन्म मूर्ति र चित्रमा चित्रण गरिन्छ । बुद्ध जन्म, सात वटा कमलको फूलमा टेकेर हिडेको दृश्य मूर्ति र चित्रमा दर्शाउने प्रचलन छ (पौड्याल, २०५३ : २२७-२२८) ।

## ५.२ पाटन संग्रहालयमा प्रदर्शित बौद्ध मूर्तिहरू

पाटन संग्रहालयको ग्यालरी ए, ई र एफमा नेपाल, भारत र तिब्बतबाट संकलन गरिएका बौद्ध धर्मसंग सम्बन्धित विभिन्न आकृतिका, पदार्थका पुरूष, नारी र संयुक्त मूर्तिहरूको प्रदर्शन गरिएको छ ।

### ५.२.१ शाक्यमुनि बुद्ध

रूपमण्डनमा बुद्धको प्रतिमा निर्माण गर्ने नियम बताइएको छ । जस अनुसार बुद्ध रातो कनलको फूलमा पद्मासनमा बसेको, गहना र कपाल त्यागेको अर्थात बिना आभूषण

देखाउनु पर्दछ । दुईवटा मात्रै हात भएका बुद्धको ध्यान मुद्रा देखाउनु पर्दछ (श्रीवास्तव, २०२१ : १३९-१४०) । नेपालमा प्राप्त धेरैजसो बुद्ध मूर्ति पद्मासनमा बसेको र ध्यान मुद्रा, भूस्पर्श मुद्रा वा व्याख्यान मुद्रामा देखाइएको पाइन्छ ।

### ५.२.१.१ शाक्यमुनि बुद्ध

पाटन संग्रहालयको अभिलेख संख्या नं ६१४मा शाक्यमुनि बुद्धको अभिलेखन गरिएको छ । ग्यालरी 'ई' मा प्रदर्शित तामामा सुवर्ण लेपन गरि बनाईएको यस शाक्यमुनि बुद्धको मूर्ति ध्यान आसनमा रहेको छ । शिरमा उष्णीष र दुई आँखाको बीचमा उर्णा रहेको छ । दायाँ हात भू-स्पर्श मुद्रामा र बायाँ हात काखमाथि राखेको छ । मूर्तिको लामो कानमा पुष्पकुण्डल रहेको छ । अर्धउन्मिलन लाम्चो आँखा, चुच्चो परेको नाक, मोटो ओठ, छोटो चिउँदो, शान्त मुखाकृति रहेको छ । मूर्तिमा राजकीय संघातीको प्रयोग गरिएको छ (चित्र संख्या-५७) ।

४८.२ से. मि. अग्लो यो मूर्ति १२औं शताब्दीमा नेपालमा निमार्ण गरिएको कुरा संग्रहालयको टिप्पणीले देखाउँछ ।

### ५.२.१.२ शाक्यमुनि बुद्ध

पाटन संग्रहालयको अभिलेख संख्या नं ३९१मा शाक्यमुनि बुद्धको अभिलेखन गरिएको छ । ग्यालरी 'ई' मा प्रदर्शित यस शाक्यमुनि बुद्धको मूर्ति दुई पुष्पदलको बिचमा रहेको चौकोरमा दुई सिंहहरू साहास र शक्तिको प्रतीक, सिंहासनमा ध्यान मुद्रामा रहेको छ । शिरमा उष्णीष र दुई आँखाको बीचमा उर्णा बनाईएको छ । दायाँ हात भू-स्पर्श मुद्रामा र बायाँ हात काखमाथि राखेको छ । अर्धउन्मिलन आँखा, चुच्चो नाक, शान्त आर्यमुखाकृति रहेको छ । मूर्तिमा तहदार संघातीको प्रयोग गरिएको छ ।

ढलौटमा सुवर्ण लेपन गरेको यो मूर्ति ३७.३ से. मि. अग्लो रहेको छ । यो मूर्ति १३-१४औं शताब्दीमा नेपाल वा तिब्बतमा र यसको पादपीठ १८औं शताब्दीमा निर्माण गरिएको कुरा संग्रहायको श्रोतले देखाउँछ (चित्र संख्या-५८) ।

### ५.२.१.३ शाक्यमुनि बुद्ध

पाटन संग्रहालयको अभिलेख संख्या नं ४४५मा शाक्यमुनि बुद्धको अभिलेखन गरिएको छ । ग्यालरी 'ई' मा प्रदर्शित यस शाक्यमुनि बुद्धको मूर्ति दोहेरो पद्मपीठमाथि ध्यान आसनमा रहेको छ । शिरमा उष्णीष र दुई आँखाको बीचमा उर्णा बनाईएको छ । दायाँ हात भू-स्पर्श मुद्रामा र बायाँ हात काखमाथि राखेको छ । मूर्तिमा संघातीको प्रयोग गरिएको छ (चित्र संख्या-५९) ।

ढलौटमा सुनको मोलम्बा लेपन गरेको यो मूर्ति १६.७ से. मि. अग्लो रहेको छ । यो मूर्ति १६-१७औं शताब्दीमा नेपाल वा तिब्बतमा निर्माण गरिएको कुरा संग्रहायको श्रोतले देखाउँछ ।

### ५.२.१.४ शाक्यमुनि बुद्ध

पाटन संग्रहालयको अभिलेख संख्या नं २०२मा शाक्यमुनि बुद्धको अभिलेखन गरिएको छ । ग्यालरी 'ई' मा प्रदर्शित यस शाक्यमुनि बुद्धको मूर्ति दोहेरो पद्मपीठमाथि ध्यान आसनमा रहेको छ । शिरमा उष्णीष र दुई आँखाको बीचमा उर्णा बनाईएको छ । दायाँ हात भू-स्पर्श मुद्रामा र बायाँ हातमा पात्र लिई काखमाथि राखेको छ । मूर्तिमा संघातीको प्रयोग गरिएको छ (चित्र संख्या-६०) ।

१४.५ से. मि. अग्लो यो मूर्ति तामाबाट बनाईएको छ । यो मूर्ति १७औं शताब्दीमा नेपालमा निर्माण गरिएको कुरा संग्रहायको श्रोतले देखाउँछ ।

### ५.२.१.५ शाक्यमुनि बुद्ध

पाटन संग्रहालयको अभिलेख संख्या नं २७३मा शाक्यमुनि बुद्धको अभिलेखन गरिएको छ । ग्यालरी 'ए' मा प्रदर्शित यस शाक्यमुनि बुद्धको मूर्ति दोहेरो पद्मपीठमाथि ध्यान आसनमा रहेको छ । शिरमा उष्णीष र दुई आँखाको बीचमा उर्णा बनाईएको छ । दायाँ हात भू-स्पर्श मुद्रामा र बायाँ हात काखमाथि राखेको छ । मूर्तिमा संघातीको प्रयोग गरिएको छ । यस मूर्तिको पद्मपीठमाथि वज्र रहेको छ ।

वज्र भएको हुनाले यो मूर्ति अक्षोभ्यको हुनुपर्ने हो तर यसको पद्मपीठको तल्लो भागमा तिब्बती लिपीमा शाक्यमुनि लेखिएको छ (चित्र संख्या-६१) ।

१६.१ से. मि. अग्लो यो मूर्ति ढलौटबाट बनाईएको छ । यो मूर्ति १७औं शताब्दीमा तिब्बतमा निर्माण गरिएको कुरा संग्रहायको श्रोतले देखाउँछ ।

## ५.२.१.६ शाक्यमुनि बुद्ध

पाटन संग्रहालयको अभिलेख संख्या नं ५४९मा शाक्यमुनि बुद्धको अभिलेखन गरिएको छ । ग्यालरी 'ए' मा प्रदर्शित यस शाक्यमुनि बुद्धको मूर्ति एकोहोरो पद्मपीठमाथि ध्यान आसनमा रहेको छ । शिरमा उष्णीष र दुई आँखाको बीचमा उर्णा बनाईएको छ । दायाँ हात भू-स्पर्श मुद्रामा र बायाँ काखमाथि राखेको छ । मूर्तिमा संघातीको प्रयोग गरिएको छ (चित्र संख्या-६३) ।

५३ से. मि. अग्लो यो मूर्ति तामालाई पिटेर (repousse) बनाईएको छ । यो मूर्ति १९औं शताब्दीमा नेपालमा निर्माण गरिएको कुरा संग्रहायको श्रोतले देखाउँछ ।

## ५.२.१.७ शाक्यमुनि बुद्ध

पाटन संग्रहालयको अभिलेख संख्या नं ३१८मा शाक्यमुनि बुद्धको अभिलेखन गरिएको छ । ग्यालरी 'ए' मा प्रदर्शित तामाको पातालाई पिटी बनाइएको यस शाक्यमुनि बुद्धको मूर्ति एकोहोरो पद्मपीठमाथि ध्यान आसनमा धर्मचक्र मुद्रामा रहेको छ । शिरमा उष्णीष र दुई आँखाको बीचमा उर्णा बनाईएको छ । मूर्तिमा संघातीको प्रयोग गरिएको छ (चित्र संख्या-६४) ।

५३ से. मि. अग्लो यो मूर्ति १९औं शताब्दीमा नेपालमा निर्माण गरिएको कुरा संग्रहायको श्रोतले देखाउँछ ।

## ५.२.१.८ शाक्यमुनि बुद्ध

पाटन संग्रहालयको अभिलेख संख्या नं ३१७मा शाक्यमुनि बुद्धको अभिलेखन गरिएको छ । ग्यालरी 'ए' मा प्रदर्शित तामाको पातालाई पिटी बनाइएको यस शाक्यमुनि बुद्धको मूर्ति

एकोहोरो पद्‌मपीठमाथि ध्यान आसनमा धर्मचक्र मुद्रामा रहेको छ । शिरमा उष्णीष र दुई आँखाको बीचमा उर्णा बनाईएको छ । मूर्तिमा संघातीको प्रयोग गरिएको छ (चित्र संख्या-६५) ।

५३ से. मि. अग्लो यो मूर्ति १९औं शताब्दीमा नेपालमा निर्माण गरिएको कुरा संग्रहायको श्रोतले देखाउँछ ।

## ५.२.१.९ शाक्यमुनि बुद्ध

पाटन संग्रहालयको अभिलेख संख्या नं २५१मा शाक्यमुनि बुद्धको अभिलेखन गरिएको छ । ग्यालरी 'ए' मा प्रदर्शित यस शाक्यमुनि बुद्धको मूर्ति दोहोरो पद्‌मपीठमाथि ध्यान आसनमा रहेको छ । शिरमा उष्णीष र निधारमा उर्णा बनाईएको छ । दायाँ हात भू-स्पर्श मुद्रामा र बायाँ हात काखमाथि राखेको छ । मूर्तिमा संघातीको प्रयोग गरिएको छ (चित्र संख्या-६६) ।

१६.५ से. मि. अग्लो यो मूर्ति तामामा सुवर्ण लेपन गरि बनाईएको छ । यो मूर्ति १६-१७औं शताब्दीमा तिब्बतमा निर्माण गरिएको कुरा संग्रहायको श्रोतले देखाउँछ ।

## ५.२.२ पञ्च बुद्ध

बौद्ध धर्ममा वज्रयानको विकास भएपछि मात्र पञ्चध्यानी बुद्धसम्बन्धी धारणाको विकास भएको हो । पञ्चध्यानी बुद्धहरू अक्षोभ्य, अमिताभ, अमोघसिद्धि, रत्नसंभव र वैरोचन हुन् । ध्यानी बुद्धहरूको एक्लो मूर्ति, शक्तिसहितको मूर्ति र आलिंगनयुक्त भएको मूर्तिहरू पाइन्छन् । अक्षोभ्यको वर्ण नीलो, भू-स्पर्श मुद्रामा बसेको रहेको हुन्छ । यिनको वाहन जोडी हात्ती र चिन्ह वज्र हो । यिनी वायु तत्वका प्रतीक र पूर्व दिशाका स्वामी मानिन्छ । अमिताभ कमलासनमाथि ध्यान मुद्रामा बसेको रातो वर्णको मानिन्छ । यिनी पश्चिम दिशाका स्वामी र जल तत्वका प्रतीक मानिन्छ । यिनको वाहन मयूर र कमल चिन्ह हो । अमोघसिद्धि अभय मुद्रामा हरियो वर्णको हुन्छ । यिनको वाहन गरूड र चिन्ह वज्र तथा सात फणयुक्त नाग हुन्छ । यिनी उत्तर दिशाका स्वामी र पृथ्वी तत्वलाई प्रतिनिधित्व गर्दछन् । रत्नसंभवको वर्ण पहेंलो, वरद मुद्रामा बसेको रहेको हुन्छ । यिनको सिंह वाहन र चिन्ह रत्न हुन्छ । यिनी दक्षिण दिशाका स्वामी र अग्नी तत्वका प्रतीक हुन् । वैरोचन सेतो वर्णको धर्मचक्र मुद्रामा

हुन्छ । यिनको वाहन जोडी नाग र चक्र चिन्ह हुन्छ । यिनीको चिन्ह चक्र र केन्द्रीय क्षेत्रको स्वामी मानिन्छ ।

### ५.२.२.१ अक्षोभ्य

पाटन संग्रहालयको अभिलेख संख्या नं २४७मा अक्षोभ्यको अभिलेखन गरिएको छ । ग्यालरी 'ई' मा प्रदर्शित यस अक्षोभ्यको मूर्ति दोहोरो पद्मपीठमाथि पद्मासनमा बसेको छ । मूर्तिको शिरमा उष्णीस, आँखीभूईका बीचमा उर्णा बनाइएको छ । किनारामा बुट्टा भएको पारदर्शी चीवर लगाएको यस मूर्तिको दायाँ हात भू-स्पर्श मुद्रामा र बायाँ हात काखमाथि अड्याएको छ । यस मूर्तिमा अक्षोभ्य बुद्धको अनुहार शालिन रहेको छ । पद्मपीठमाथि वज्र रहेको छ । हत्केला र पैतालामा शुभ सूचक चिन्ह रहेको छ (चित्र संख्या-४४) ।

२४.६ से.मि. अग्लो यस मूर्ति ढलौटमा सुवर्ण जलप लेपन गरि बनाइएको छ । यो मूर्ति १२औं शताब्दीमा नेपालमा निर्माण गरिएको कुरा संग्रहालयको श्रोतले देखाउँछ ।

### ५.२.२.२ रत्नसंभव

पाटन संग्रहालयको अभिलेख संख्या नं ४४६मा रत्नसंभवको अभिलेखन गरिएको छ । ग्यालरी 'ई' मा प्रदर्शित यस रत्नसंभवको मूर्ति दोहोरो पद्मपीठमाथि पद्मासनमा बसेको छ । मूर्तिको शिरमा उष्णीस रहेको छ । मूर्तिको आँखीभूईका बीचमा उर्णा बनाइएको छ । मूर्तिले किनारामा बुट्टा भएको चीवर लगाएको छ । मूर्तिको दायाँ हात वरद मुद्रामा र बायाँ हात काखमाथि अड्याएको छ । यस मूर्तिमा रत्नसंभवको अनुहार हँसिलो रहेको छ (चित्र संख्या-४५) ।

१५.१ से.मि. अग्लो यस मूर्ति ढलौटमा सुवर्ण जलपले लेपन गरि बनाइएको छ । यो मूर्ति १६-१७औं शताब्दीमा तिब्बतमा निर्माण गरिएको कुरा संग्रहालयको श्रोतले देखाउँछ ।

### ५.२.२.३ अमिताभ बुद्ध

पाटन संग्रहालयको अभिलेख संख्या नं ४८५मा अमिताभ बुद्धको अभिलेखन गरिएको छ । ग्यालरी 'ई' मा प्रदर्शित यस अमिताभ बुद्धको मूर्ति दोहोरो पद्मपीठमाथि पद्मासनमा

बसेको छ। मूर्तिको शिरमा मुकुट रहेको छ। मूर्तिको आँखीभूईका बीचमा उर्णा बनाइएको छ। मूर्तिको कानमा रत्न जडित कर्ण कुण्डल लगाएको छ। गलामा रत्न जडित हार र रत्न जडित लामो माला लगाएको छ। दुवै हातको नाडीमा रत्न जडित बाला र पाखुरामा केयूर रहेको छ। मूर्तिको दुवै हातको हत्केलाले रत्न जडित सुवर्ण कलश समातेको छ। मूर्तिले बुट्टेदार किनार भएको धोती लगाएको छ। यस मूर्तिमा अमिताभ बुद्धको अनुहार शालिन रहेको छ (चित्र संख्या-४६)।

१६ से.मि. अग्लो यस मूर्ति तामामा सुवर्ण लेपन र रत्न जडित गरि बनाइएको छ। यो मूर्ति १७-१८औं शताब्दीमा तिब्बतमा निर्माण गरिएको कुरा संग्रहालयको श्रोतले देखाउँछ।

## ५.२.२.४ अमिताभ बुद्ध

पाटन संग्रहालयको अभिलेख संख्या नं ३१०मा अमिताभ बुद्धको अभिलेखन गरिएको छ। ग्यालरी 'ए' मा प्रदर्शित यस अमिताभ बुद्धको मूर्ति एकोहोरो पद्मपीठमाथि पद्मासनमा बसेको छ। मूर्तिको शिरमा उष्णीष र आँखीभूईका बीचमा उर्णा बनाइएको छ। मूर्तिको दुवै हातको हत्केला काखमा अड्याएर ध्यान मुद्रामा रहेको छ (चित्र संख्या-४७)।

२१.८ से.मि. अग्लो यस मूर्ति ढलौटबाट बनाइएको छ। यो मूर्ति १६-१७औं शताब्दीमा तिब्बतमा निर्माण गरिएको कुरा संग्रहालयको श्रोतले देखाउँछ।

## ५.२.२.५ अमोघसिद्धि

पाटन संग्रहालयको अभिलेख संख्या नं ४५६मा अमोघसिद्धिको अभिलेखन गरिएको छ। ग्यालरी 'ई' मा प्रदर्शित यस अमोघसिद्धिको मूर्ति दोहोरो पद्मपीठमाथि पद्मासनमा बसेको छ। मूर्तिको शिरमा यूं जडित आकर्षक मुकुट रहेको छ। मूर्तिको आँखीभूईका बीचमा उर्णा बनाइएको छ। मूर्तिको कानमा गोलो कर्ण कुण्डल रहेको छ। मूर्तिले पारदर्शी चीवर लगाएको छ। मूर्तिको दायाँ हात अभय मुद्रामा र बायाँ हात काखमाथि अड्याएको छ। यस मूर्तिमा अमोघसिद्धिको अनुहार शालिन रहेको छ (चित्र संख्या-४८)।

३१.५ से.मि. अग्लो यस मूर्ति तामामा सुवर्ण लेपन र यूं जडित गरि बनाइएको छ। यो मूर्ति १७-१८औं शताब्दीमा तिब्बतमा निर्माण गरिएको कुरा संग्रहालयको श्रोतले देखाउँछ।

राष्ट्रिय संग्रहालय छाउनीको बौद्ध ग्यालरीमा पनि अमोघसिद्धिको मूर्ति रहेको छ ।

## ५.२.३ दीपंकर बुद्ध

ऐतिहासिक बुद्ध शाक्यमुनि भन्दा पहिलेका बुद्ध भएकोले दीपंकर बुद्धलाई आदि बुद्ध मानिन्छ । नेपालमा खासगरि बौद्ध नेवार समाजमा दीपंकर बुद्धलाई सम्यक देवताको रूपमा लिइन्छ ।

दीपंकरको मूर्ति बनाउँदा शिर निकै ठूलो बनाउने र शरीर बाँसको वा निगालो वा काठको फ्रेमको बनाई शरीरको भागलाई खोक्रो बनाउने परम्परा छ । यस्तो मूर्ति बनाउँदा शिर तथा हात जस्ता देखिने भागहरू धातुको बनाइन्छ । बेतबाट बनाइएका मूर्तिमा भित्रपट्टी ठूलो ठाउँ छोडिएको हुन्छ र बाहिरबाट कपडाले छोपिन्छ जस भित्र जात्राको बेला मानिस बसि दीपंकरको मूर्तिलाई परिक्रमा गराइन्छ । दीपंकरको मूर्तिमा विभिन्न प्रकारका आभूषणहरूको पनि प्रयोग गरिन्छ ।

सर्वानन्द नृप जातकमा दीपंकर बुद्धको वर्णन छ । यो कथामा राजा सर्वानन्दले दीपंकरलाई बोलाएर सम्यक् दान गरेको उल्लेख छ । यस कथा अनुसार राजा सर्वानन्दले दीपंकर बुद्धलाई आफ्नो दरबारमा बोलाएर दान दिए । त्यो देखेपछि एक वृद्ध महिलालाई आफूले पनि दान गर्नु इच्छा गरिन् । त्यस अनुसार वृद्ध महिलाले ज्यालादारी गरि अन्नहरू संकलन गरिन् । ती महिलाले आफूले जम्मा गरेको अन्नहरू दीपंकर बुद्धलाई दान गर्न अगाडि नै राजाले दीपंकर बुद्धलाई दानको लागि आफ्नो दरबारमा बोलाए । तर दीपंकर बुद्ध राजाको दरबारमा नगई पहिले वृद्ध महिलाको घरमा गई दान लिए । यो कुरा थाहा पाए पछि राजाले दीपंकर बुद्धलाई आफुले पहिले बोलाउँदा पनि आफ्नोमा पहिले नआई ती वृद्ध महिलाकोमा किन गएको भनि बिन्ति गरे । दीपंकर बुद्धले ती वृद्ध महिलाले परिश्रम गरी जम्मा पारेको अन्नको दान राजाले बिना मेहनत जम्मा गरेको सम्पतिको दान भन्दा सयौं गुणा बढी भन्ने भाव प्रकट गरे । यसपछि राजाले आफूपनि मेहनत गरी धन कमाई दीपंकर बुद्धलाई दान गर्ने इच्छा राखे । सोहि अनुसार राजा कामको खोजीमा दरबारबाट बाहिर गए । त्यहाँ काम गरी कमाएको धनले दीपंकरलाई दान गरे (वज्राचार्य, २०५१ : ७६-९६) ।

दीपंकर बुद्ध नेपालमा खासगरी काठमाडौं उपत्यकामा निकै लाकप्रिय रहेको पाइन्छ । भिक्षा दिने पर्वको अवसरमा दीपंकर बुद्धको मुर्तिलाई सार्वजनिक रूपमा प्रदर्शन गरिन्छ । नेवार

बौद्ध धर्मावलम्बीहरूले गद्दीनसिन राजा वा राष्ट्र प्रमुखलाई दीपंकर मानी पूजा गर्ने परम्परा रहेको पाइन्छ ।

दीपंकर बुद्धसंग सम्बन्धित विषय सबैभन्दा पहिले इटुम्बहाल काठमाडौंको ने.स. ५०२ (वि.सं १४३८-१४३९) को मदनरामसिंह बर्द्धनको अभिलेखमा उल्लेख गरिएको छ । यसमा उनले दीपंकर बुद्धको स्थापना गरेको उल्लेख रहेको छ (वज्राचार्य, २०६८ : १६५-१६७) ।

### ५.२.३.१ दीपंकर बुद्ध

पाटन संग्रहालयको अभिलेख संख्या नं ३४४मा दीपंकर बुद्धको अभिलेखन गरिएको छ । ग्यालरी 'ई' मा प्रदर्शित धातुबाट बनाइएको एक मुख दुई हात भएको दीपंकर बुद्धको पूर्ण कदको मूर्ति दोहोरो पद्मपीठमा स्थानक मुद्रामा रहेको छ । मूर्तिको शिरमा आकर्षक रत्न जडित मुकुटमा पताका कानको नजिकबाट उडिरहेको देखिन्छ भने उष्षीषमा चुडामणि रहेको छ । निधारमा यूंको उर्णा, कानमा रत्न जडित पद्म पूष्पकुण्डल र गलामा रत्न जडित सिंहाकृति भएको आकर्षक हार रहेको छ । यो मूर्तिको दायाँ हात अभय मुद्रा र बायाँ हात वरद मुद्रा प्रदर्शित गरेको छ । मूर्तिलाई मुजा-मुजा पारी पट्याइएको जामालाई कम्मरमा बाँध्न पटुका र अलंकारिक चादर पहिराइएको छ । यस मूर्तिमा दीपंकर बुद्धको अर्धउन्मिलन आँखा, मलिन आर्यमुखाकृति र हत्केलामा शुभ सूचक चिन्ह रहेको छ । मूर्तिलाई खाँदिलो देखाउन काठको प्रयोग गरिएको छ (चित्र संख्या-१६) ।

७१ से.मी अग्लो यो मूर्ति १७-१८औं शताब्दीमा नेपालमा निर्माण गरिएको कुरा संग्रहालयको श्रोतले देखाउँछ । यस मूर्तिमा सुनको जलप एवं मुल्यवान् रत्नहरू जडित गरिएको छ ।

## ५.२.४ मैत्रेय बुद्ध

मैत्रेय बुद्धलाई सबैसँग मित्रताको भाव राख्ने देवताको रूपमा लिइन्छ । बौद्ध दर्शन अनुसार मैत्रेय बुद्धले भविष्यमा बुद्धको अवतारको रूपमा पृथ्वीमा अवतरण गर्ने विश्वास गरिएको छ । यी बुद्ध तुषित भुवनमा बस्दछन् । साधनामालामा मैत्रेय बुद्धको दुई स्वरूपको परिकल्पना गरिएको पाइन्छ । पहिलो स्वरूपमा मुल देवताकै रूपमा र दोस्रो स्वरूपमा अन्य देवदेवताको साथमा सहायक देवताको रूपमा प्रस्तुत गरिएको छ (तिवारी, १९९७ : २२३) ।

सहायक देवताको रूपमा मैत्रेय बुद्धलाई प्रस्तुत गरिदा उनको दाहिने हातमा चमर र देब्रे हातमा नाग केशर फुल लिइएको देखाइन्छ । मुख्य देवताको रूपमा मैत्रेय बुद्धलाई देखाइदा भने उनको तीन शिर र चार हातमा क्रमश दुई हातले व्याख्यान मुद्रा, एक हातले वरद मुद्रा, र अर्को हातले नाल सहितको पूर्ण विकसित नाग केशरको फूल समाएको, कुनै पशुमाथि पर्यङ्कासनमा बसेको रूपमा देखाईन्छ (उही) । बौद्ध सिद्धान्तमा मैत्रेय बुद्धले सुन्दर वस्त्र र आभूषण पहिरन गरेको कल्पना गरिएको छ । उनको मुकुटमा चैत्यको आकृति देखाइन्छ, जसको आधारमा पद्मपमणि र मैत्रेय बुद्ध छुट्याउन सकिन्छ (भट्टाचार्य, १९८७ : ८०-८१) ।

## ५.२.४.१ मैत्रेय बुद्ध

पाटन संग्रहालयको अभिलेख संख्या नं ४५८-१मा मैत्रेय बुद्धको अभिलेखन गरिएको छ । ग्यालरी 'ए' मा २२.४ से.मि.अग्लो हसिँलो मुहारमा प्रदर्शित मैत्रेय बुद्ध गद्दीमा प्रलम्बपादासनमा छ । यस मूर्तिमा मैत्रेय बुद्धको केशविन्यास घुँघुरिइएको, उष्णीषमा चैत्य रहेको छ भने निधारमा उर्णा र कान लामो बनाइएको छ । मैत्रेय बुद्धको दुई हातले छातीको समतलसम्म उठाएर व्याख्यान मुद्रा प्रदर्शन गरेको छ भने बायाँ हातले नाल सहितको कमलको फूल समाएको र त्यस फूलमाथि कलश र बिर्कोमा चैत्यको आकृति रहेको छ । मैत्रेय बुद्धको मूर्तिलाई किनारामा फूल बुट्टा भएको संघाती पहिराइएको छ (चित्र संख्या-१७) ।

यो मूर्ति १६औं शताब्दीमा तामामा सुवर्ण लेपन तिब्बतमा निर्माण गरिएको कुरा संग्रहालयको श्रोतले देखाउँछ । यस मूर्तिको आसनमा तिब्बती लिपिमा अभिलेख कुँदिएको छ ।

## ५.२.४.२ मैत्रेय बुद्ध

पाटन संग्रहालयको अभिलेख संख्या नं १३३मा मैत्रेय बुद्धको अभिलेखन गरिएको छ । यस संग्रहालयको ग्यालरी 'एफ' मा प्रदर्शित २१.८ से.मि उचाईको मैत्रेय बुद्ध दोहोरो पद्मपीठमाथि वज्रपर्यङ्कासनमा रहेको छ । मैत्रेय बुद्धको शिरमा आकर्षक पुष्पमुकुट, उष्णीषमा चैत्य, कानमा पुष्पकुण्डल, गालामा आर्कषक हार र लामो माला रहेको छ । दुवै

हातको पाखुरामा केयूर, नाडीमा बाला र खुट्टामा पाउजु रहेको छ । दुवै हातले नाल सहितको कमलको फूल समाएर, छातीको समतलसम्म उठाई व्याख्यान मुद्रा प्रदर्शन गरेको छ । बायाँ तर्फको फूलमाथि चैत्यको आकृति रहेको छ । मूर्तिको कम्मरमा किनारामा फूल बुट्टा भएको सादा धोती बाँध्न उद्यरवन्धको प्रयोग गरिएको छ । मूर्तिको हत्केला र पैतालामा शुभ सूचक चिन्ह रहेको छ (चित्र संख्या-१८) ।

यो मूर्ति १६औं-१७औं शताब्दीमा तामाबाट तिब्बतमा निर्माण गरिएको कुरा संग्रहालयको श्रोतले देखाउँछ । यस मूर्तिको आसनको तल्लो भागमा तिब्बती लिपिमा अभिलेख कुँदिएको छ ।

## ५.२.४.३ मैत्रेय बुद्ध

पाटन संग्रहालयको अभिलेख संख्या नं ३२०मा मैत्रेय बुद्धको अभिलेखन गरिएको छ । यस संग्रहालयको ग्यालरी 'ई' मा प्रदर्शित तामाबाट निर्मित ५५.२ से.मि. अग्लो मैत्रेय बुद्ध दोहोरो पद्मपीठमाथि पद्मासनमा छ । मैत्रेय बुद्धको उष्णीषमा चैत्य चुडामणि रहेको छ । मैत्रेय बुद्धको गहना बिहिन लामो कान छ भने गलामा सिंहाकृति भएको आकर्षक हार, सिक्रियुक्त लामो माला रहेको छ । दुवै हातको पाखुरामा आकर्षक केयूर, नाडीमा दुई तहको बाला, दुवै हातको चोर, साहिंली औंलामा पुष्पदल औंठी र कान्छी औंलामा सादा औंठी र खुट्टामा पाउजु रहेको छ । दुवै हात छातीको समतलसम्म उठाएर व्याख्यान मुद्रा प्रदर्शन गरेको छ । मूर्तिमा कम्मर माथिको भाग वस्त्र रहित, काँधबाट झरेर फैलिरहेको कसागा छ भने बुट्टेदार पारि भएको धोतीलाई बाध्न आकर्षक कटिबन्धको प्रयोग गरिएको छ । मूर्तिको अर्धउन्मिलन आँखा, लाम्चो नाक, पातलो ओठ, छोटो चिउँदो, शान्त आर्यमुखाकृति, हत्केला र पैतालामा शुभ सूचक चिन्ह रहेको छ (चित्र संख्या-१९) ।

यो मूर्ति १८औं शताब्दीमा नेपालमा निर्माण गरिएको कुरा संग्रहालयको श्रोतले देखाउँछ ।

## ५.२.४.४ मैत्रेय बुद्ध

पाटन संग्रहालयको अभिलेख संख्या नं २४१मा मैत्रेय बुद्धको अभिलेखन गरिएको छ । यस संग्रहालयको ग्यालरी 'ए' मा प्रदर्शित मैत्रेय बुद्धको मूर्ति दोहोरो पद्मपीठमाथि पद्मासनमा रहेको छ । शिरमा आकर्षक मुकुट, उष्णीषमा चैत्य, निधारमा उर्णा, कानमा पुष्प कुण्डल,

गलामा जन्तरयुक्त हार र दुई तहको लामो माला रहेको छ । दुवै हातको पाखुरामा आकर्षक केयूर, नाडीमा बाला, खुट्टामा कल्ली र पाउजु रहेको छ । दुवै हात छातीको समतलसम्म उठाएर व्याख्यान मुद्रा प्रदर्शन गरेको छ । मूर्तिको दुवै तिर नाल सहितको फक्रेको कमलको फूल रहेको र बायाँ तर्फको फूलमाथि चैत्यको आकृति रहेको छ । बुट्टेदार कसागा काँधबाट झरेर पाखुरामा बेरेर भुँईसम्म लक्रेको, संघातीलाई कम्मरका बाँध्न सादा उद्यरबन्धको प्रयोग गरिएको छ । हत्केला र पैतालामा शुभ सूचक चिन्ह रहेको छ (चित्र संख्या-२०) ।

२४.६ से.मि. अग्लो यो मूर्ति ढलौटको बनाइएको छ । यो मूर्ति १७औं शताब्दीमा तिब्बतमा निर्माण गरिएको कुरा संग्रहालयको श्रोतले देखाउँछ ।

### ५.२.४.५ मैत्रेय बुद्ध

पाटन संग्रहालयको अभिलेख संख्या नं ४५८-२मा मैत्रेय बुद्धको अभिलेखन गरिएको छ । यस संग्रहालयको ग्यालरी 'ई' मा प्रदर्शित मैत्रेय बुद्धको मूर्ति एकोहोरो पद्‌मपीठमा बनाइएको गद्दीमाथि रहेको कमलमा प्रलम्बपादासनमा रहेको छ । शिरका मुकुट, उष्णीषमा चैत्य, निधारमा उर्णा, कानमा पुष्पकुण्डल, गलामा २ हार, लामो माला रहेको छ । दुवै हातको नाडीमा बाला र पाखुरामा केयूर रहेको छ । व्याख्यान मुद्रामा रहेको दुवै हातले नाल सहितको कमलको फूल समातेको देखिन्छ र दायाँ फूलमाथि कलश रहेको छ । मूर्तिको लामो कपाल दुवै काँधबाट झरेर पाखुरामा लर्केको छ । बुट्टेदार धोतीलाई अड्याउन मेखलाको प्रयोग गरिएको छ (चित्र संख्या-२१) ।

१८.२ से.मि. अग्लो यो मूर्ति तामामा सूवर्ण लेपन गरि बनाइएको छ । यो मूर्ति १७-१८औं शताब्दीमा तिब्बतमा निर्माण गरिएको कुरा संग्रहालयको श्रोतले देखाउँछ ।

### ५.२.५ तारा

बौद्ध धर्ममा शक्ति, देवीलाई 'तारा' शब्दले सम्बोधन गरिएको छ । बौद्ध धर्ममा तारालाई बुद्धको शक्ति वा लोकनाथका सहयोगीका रूपमा मानिन्छ । तारा शब्द संस्कृतको तारण धातुबाट लिएको हो जसको अर्थ पार गराउनु वा तार्नु हुन्छ । ताराको अर्थ यस दुःख रूपी समुन्द्रबाट मानिसलाई तार्नु हो । बौद्ध धर्ममा ताराको विशेष महत्वको कारण उनको अनेक नाम र स्वरूपहरूको कल्पना गरियो । बौद्ध सम्प्रदायमा कुनै पनि देवीलाई तारा शब्दको

प्रयोग गर्न सकिन्छ । ताराका कतिपय स्वरूपलाई हिन्दूहरूले पनि पूजा गर्ने गर्दछन् । तिब्बतमा प्रचलित धारणा अनुसार कुनै पनि चरित्रवान स्त्री तारा हुन सक्दछिन् (तिवारी, १९९७ : २२४) । "**ॐ तारे तुत्त तारे स्वाहा**" मन्त्र उच्चारण हुने देवीलाई मात्र तारा भन्न सकिन्छ (भट्टाचार्य, १९८७ : ३०६) ।

तान्त्रिक ग्रन्थहरूमा ताराको अनेक स्वरूपहरूको बारेमा चर्चा गरिएको छ । आर्यताराभट्टारिकानामस्तोत्रशतकस्तोत्र मा १०८ ताराको नाम उल्लेख गरिएको छ । मुख्यतया तारा दुई स्वरूपको हुन्छ, एक श्वेत तारा र अर्को हरित तारा । सेतो कमल लिने श्वेत तारा दिनको प्रतीक हो भने नीलकमल लिने हरित तारा रातको प्रतीक हो ( तिवारी, १९९७ : २२५) । ताराहरू विभिन्न रूप र वर्णका हुन्छन् ;

(क) श्वेत तारा

सेतो वर्णको श्वेत तारा प्रवित्रता एवं ज्ञानकी देवी हुन् । साधनमालामा श्वेत ताराको सात स्वरूपको वर्णन गरिएको छ, जस अनुसार अष्टमहाभय तारा, मृत्युवंचन तारा, चतुर्भुजा सिततारा, षड्भुजा सिततारा, विश्वमाता, कुरूकुल्ला र जांगुली तारा हुन् ( भट्टाचार्य, १९८७ : ३०८) ।

(ख) हरित तारा

हरियो वर्णको हरित तारा शक्तिको प्रतीक हुन् । साधनमाला हरित ताराको नौ स्वरूपको वर्णन गरिएको छ, जस अनुसार खदिरवणी तारा, वश्य तारा, आर्यतारा, महत्तरी तारा, वरद तारा, दुर्गोत्तारिणी तारा, धनद तारा, जांगुली र पर्णशबरी हुन् (उही : ३०७) ।

(ग) पीत तारा

पहेंलो वर्णको पीत तारा बहुमुखी एंव बहुभुजी हुन् । साधनमालामा पीत ताराको चार स्वरूपको वर्णन गरिएको छ, जस अनुसार वज्रतारा, जांगुली, पर्णशबरी र भृकुटी हुन् (उही : ३०९) ।

(घ) नील तारा

नीलो वर्णको नील तारा खराब तत्वको नाश गर्ने र सौभाग्य प्रदान गर्ने देवी हुन् । साधनमालामा नील ताराको दुई स्वरूपको वर्णन गरिएको छ, जस अनुसार एकजटा र महाचीनतारा हुन् (उही) ।

(ङ) रक्त तारा

रक्त वर्णकी यी तारा प्रेमकी प्रतीक हुन् । साधनमालामा रक्त ताराको कुरूकुल्ला नामक एक स्वरूपको मात्र वर्णन गरिएको छ (उही) ।

तारा सम्बन्धि मूर्ति संग्रहालयको ग्यालरी 'ए' , 'ई' र 'एफ' मा प्रदर्शित गरिएको छ ।

## ५.२.५.१ भृकुटी

पाटन संग्रहालयको अभिलेख संख्या नं ३७१मा भृकुटी ताराको अभिलेखन गरिएको छ । नेपालमा भृकुटीलाई हरित ताराको रूपमा चिनिन्छ । भृकुटीलाई पहेंलो रंगको र पञ्चध्यानी बुद्धमध्ये अमिताभ बुद्धको परिवारको रूपमा लिइएको पाईन्छ ( भट्टाचार्य, १९८७ : १५२/३०९) । तर नौ प्रकारको हरित ताराहरूको सूचिमा भृकुटीको नाम उल्लेख गरिएको छैन (उही : ३०७) । तिब्बतमा प्राप्त श्रोतको आधारमा भृकुटी नेपालको प्रतापी राजा अंशुबर्माकी छोरी हुन् । उनको तिब्बतका प्रतापी राजा स्रोङ्चोङ् गम्पोसंग सन् ६३२ मा विवाह भएको थियो (तेञ्जिङ्ग, १९८२ : ८५) । भृकुटीको बारेमा पुरातात्विक स्रोतहरूमा कतै उल्लेख भएको पाईदैंन । भृकुटीलाई ताराको रूपमा आर्य मञ्जुश्रीमूलकल्प र हेबज्र तन्त्रमा उल्लेख गरिएको छ (शाक्य, १९९९ : ४१-४२) । भृकुटीलाई पहेंलो र नीलो गरी दुई स्वरूपमा देखाइन्छ । पहेंलो स्वरूप भएको भृकुटीको एक शिर, तीन आँखा, चार हात देखाइन्छ भने नीलो स्वरूपको भृकुटीको तीन शिर र छ हातमा देखाइन्छ (www.himalayanmart.com/bhrikuti_tara.php-2071/08/24) ।

ग्यालरी 'ई' मा प्रदर्शित काठबाट बनेको दया र करुणाकी देवी भृकुटीको मूर्ति पद्मपीठमा त्रिभङ्गासन छ । देवीलाई पहेंलो वर्णमा त्रिनेत्र, चार हातयुक्त देखाएको छ । शिरमा मुकुट, जुरोमा चुडामणि, कानमा पुष्प कुण्डल, गलामा रातो, पहेंलो, हरियो गरी ३ प्रकारको

आकर्षक हार, दानादार दुई तहको लामो माला र लामो पुष्पमाला रहेको छ । चारैवटा हातको नाडीमा बाला, पाखुरामा केयूर र खुट्टामा फूल बुट्टायुक्त कल्ली रहेको छ । मूर्तिमा नीलो रंगको चोली, बुट्टेदार रातो रंगको धोती अड्याउन उद्यरवन्ध र तह परेको कसागा (ओढ्न)को प्रयोग गरिएको छ । मूर्तिको दायाँतर्फको माथिल्लो हात नमन मुद्रामा, तल्लो हातमा अक्षयमाला, बायाँतर्फको माथिल्लो हातमा त्रिदण्डी, तल्लो हातमा सानो जलपात्र देखाइएको छ (चित्र संख्या-७) ।

८५ से.मी. अग्लो यो मूति १७-१८औं शताब्दीताका नेपालमा निर्माण गरिएको कुरा संग्रहालयको श्रोतले देखाउँछ । मूर्ति दुई भिन्न पदार्थहरूको समिश्रणबाट बनेको स्पष्ट देखिन्छ । मूर्तिको पाउ मात्र धातुबाट र बाँकी अङ्ग काठबाट बनाइएको छ ।

प्रतिमालक्षण अनुसार भृकुटीका चार हातमा दायाँतर्फको माथिल्लो हात वरद मुद्रामा, तल्लो हातमा अक्षयमाला, बायाँतर्फको माथिल्लो हातमा त्रिदण्डी, तल्लो हातमा सानो जलपात्र हुने गर्दछ (भट्टाचार्य, १९८७ : १५२/३०९, तिवारी, १९९७ : २२४) । तर यहाँ (पाटन संग्रहालयमा) प्रदर्शित भृकुटीको मूर्तिमा प्रतिमालक्षणमा वर्णन गरिए अनुसार वरद मुद्रा नभई नमन मुद्रा रहेको छ ।

## ५.२.५.२ हरित तारा

पाटन संग्रहालयको अभिलेख संख्या नं २५०मा हरित ताराको अभिलेखन गरिएको छ । संग्रहालयको ग्यालरी 'ए' मा प्रदर्शित २३ से.मी. अग्लो ताराको मूर्ति दोहोरो पद्मपीठमा ललितासनमा छ जसको दायाँ पाउ फक्रेको कमलको फूलमा रहेको छ । एक मुख, दुई हात रहेको यस मूर्तिको शिरमा मुकुट र जुरोमाथि सिन्हमू (ऐना) रहेको छ । निधारमा उर्णा, कानमा पुष्पकुण्डल, गलामा हार र लामो माला रहेको छ । दुवै हातको नाडीमा फूल बुट्टे बाला र पाखुरामा केयूर रहेको छ । मूर्तिको दुवै हातले नाल सहितको कमलको फूल समातेको, दायाँ हात वरद मुद्रामा र बायाँ हात बिन्दु मुद्रामा रहेको छ । मूतिको काँधबाट झरेको कसागा पाखुरामा बेरिएर भूँईसम्म लत्रिएको छ । पारदर्शी धोतीलाई अड्याउन उद्यरबन्धको प्रयोग गरिएको छ (चित्र संख्या-८) ।

तामाबाट बनाइएको यो मूर्ति १७औं शताब्दीमा नेपालमा निर्माण गरिएको कुरा संग्रहालयको श्रोतले देखाउँछ ।

### ५.२.५.३ तारा

पाटन संग्रहालयको अभिलेख संख्या नं ५९३मा ताराको अभिलेखन गरिएको छ । ग्यालरी 'एफ' मा प्रदर्शित एक शिर, दुई हात, हँसिलो मुखाकृति भएको ताराको मूर्ति एकोहोरो पद्मपीठमा त्रिभङ्गपादासन रहेको छ । ताराको दायाँ  हात वरद मुद्रामा र बायाँ हातले कमलको फूल समातेको हुनुपर्छ (भट्टाचार्य, १९८७ : ३०६) । यस मूर्तिमा पनि ताराको दायाँ  हात वरद मुद्रामा र बायाँ हातले कमलको फूल समातेको छ । मूर्तिको टाउको पछाडी अण्डाकार ज्वालायुक्त प्रभामण्डल रहेको छ । मूर्तिमा आकर्षक केश विन्यास (जुरो) र केश बन्धी (hair band)को प्रयोग गरिएको छ । कानमा ठूल्ठूला गोलो कुण्डल, गलामा आकर्षक हार र लामो माला रहेको छ । दुवै हातको पाखुरामा केयूर र नाडीमा बाला रहेको छ । मूर्तिको कम्मरको माथिको भाग वस्त्ररहित छ भने शरीरको तल्लो भागमा पारदर्शी धोतीलाई अड्याउन उद्यरबन्धको प्रयोग गरिएको छ । तीन तहको पटुकाको फेरा दायाँ पट्टिबाट बायाँतिर झारेर घुडाँनिरबाट फनक्क घुमाई पछाडीपट्टि लगिएको छ (चित्र संख्या-९) ।

१८ से.मी. अग्लो यो मूर्ति तामामा सुवर्ण लेपन गरि बनाइएको छ । यो मूर्ति १७औं शताब्दीमा नेपालमा निर्माण गरिएको कुरा संग्रहालयको श्रोतले देखाउँछ ।

### ५.२.५.४ तारा

पाटन संग्रहालयको अभिलेख संख्या नं ४५९मा ताराको अभिलेखन गरिएको छ । ग्यालरी 'एफ' मा प्रदर्शित १६.८ से.मी. अग्लो तामाबाट बनेको सामान्य मानवाकृति भएको ताराको मूर्ति एकोहोरो पद्मपीठमा ललितासनमा छ जसको दायाँ पाउ फक्रेको कमलको फूलमा रहेको छ । यस मूर्तिको गरगहना विशेषमा बहुमुल्य पत्थरको यूं जडित मुकुट, जुरोमा चुडामणि, मुकुट र चुडामणिको बीचमा पञ्च ध्यानी बुद्धमध्ये अमिताभ बुद्धको मूर्ति उत्कृर्ण गरिएको छ । कानमा यूं जडित गोलो ठूलो कुण्डल, गलामा यूं जडित आकर्षक हार, यूं जडित लामो माला रहेको छ । दुवै हातको नाडीमा बाला, पखुरामा केयूर र खुट्टामा

आकर्षक पाउजु रहेको छ । बायाँ हातले नाल सहितको कमलको फूल समातेको छ भने दायाँ हातले कलश समाति घुँडामा अड्याएको छ । मूर्तिको कम्मरमाथिको भाग वस्त्ररहित, काँधबाट झरेको कसागा पाखुरामा बेरिएर हावामा तैरिएको छ । किनारामा धर्के बुट्टा भएको पारदर्शी धोतीलाई अड्याउन कम्मरमा यूं जडित उद्यरबन्धको प्रयोग र धोतीको सप्को बायाँ काँधबाट तलसम्म झरेको देखिन्छ । मूर्तिको हत्केला र पैतलामा पद्मपत्रको चिन्ह रहेको छ (चित्र संख्या-१०) ।

१८-१९औं शताब्दीमा तिब्बतमा निर्माण गरिएको यो मूर्तिमा सुवर्ण लेपन गरिएको छ ।

## ५.२.५.५ तारा

पाटन संग्रहालयको अभिलेख संख्या नं २७५मा ताराको अभिलेखन गरिएको छ । ग्यालरी 'ए' मा प्रदर्शित ९.५ से.मी. अग्लो तारा दोहोरो पद्मपीठमा ललितासनमा छ जसको दायाँ पाउ फक्रेको कमलको फूलमा रहेको छ । ज्यादै खिइसकेको यस ताराको मूर्तिमा एक मुख, दुई हात रहेको छ । शिरमा मुकुट, जुरोमा चैत्य, कानमा कर्णकुण्डल, गलामा हार र लामो माला रहेको छ । दुवै हातको नाडीमा बाला र पाखुरामा केयूर रहेको छ । मूर्तिको बायाँ हात विन्दु मुद्रामा, दायाँ हात वरद मुद्रामा रहेको छ भने दुवै हातले नाल सहितको कमलको फूल समातेको छ । मूर्तिको वस्त्रलाई अड्याउन उद्यरबन्धको प्रयोग गरिएको छ (चित्र संख्या-११) ।

तामाबाट बनाइएको यो मूर्ति १७औं शताब्दीमा नेपालमा निर्माण गरिएको कुरा संग्रहालयको श्रोतले देखाउँछ ।

## ५.२.५.६ तारा

पाटन संग्रहालयको अभिलेख संख्या नं ५९२मा ताराको अभिलेखन गरिएको छ । ग्यालरी 'ए' मा प्रदर्शित एक मुख, दुई हात भएको तारा दोहोरो पद्मपीठमा ललितासनमा छ जसको दायाँ पाउ फक्रेको कमलको फूलमा रहेको छ । ताराको पैताला अड्याउन प्रयोग गरिएको कमलको फूलको आडैंमा शाही हात्ती रहेको छ । शिरमा दुई तहको आलंकारिक केश बन्धीको प्रयोग गरिएको छ । कानमा ठूलो गोलो कर्णकुण्डल, गलामा आकर्षक हार र लामो माला रहेको छ । दुवै हातको पाखुरामा केयूर, नाडीमा बाला र खुट्टामा पाउजु रहेको छ ।

ताराको दायाँ हात तिघ्रामा अड्याइ वरद मुद्रा प्रदर्शित गरेको छ भने बायाँ हात विन्दु मुद्रा प्रदर्शित गरेको छ र दुवै हातले नाल सहितको कमलको फूल लिएको छ । छड्के धोती बायाँ काँध पारी धोतीलाई अड्याउन सादा उद्यरबन्धको प्रयोग गरिएको छ (चित्र संख्या-१२) ।

७.६ से.मि. अग्लो यस मूर्ति तामामा सुवर्ण लेपन गरिएको छ । यो मूर्ति १८-१९औं शताब्दीमा तिब्बतमा निर्माण गरिएको कुरा संग्रहालयको श्रोतले देखाउँछ ।

## ५.२.५.७ सप्तलोचनी तारा

सप्तलोचनी ताराको निधारमा एक, अनुहारमा दुई (सामान्य मानवको जस्तै), हत्केलामा दुई र पैतालामा दुई गरि जम्मा सात आँखा हुन्छ ।

### ५.२.५.७.१ सप्तलोचनी तारा

पाटन संग्रहालयको अभिलेख संख्या नं ४४८-१मा सप्तलोचनी ताराको अभिलेखन गरिएको छ । ग्यालरी 'एफ' मा प्रदर्शित २५.२ से.मि. उचाईको ढलौटमा सुवर्ण लेपन गरिएको सप्तलोचनी तारा दोहोरो पद्मपीठमाथि पद्मासनमा रहेको छ । मूर्तिको शिरमा यूं जडित आकर्षक मुकुट, जुरोमा चुडामणि, कानमा यूं जडित ठूलो कर्णकुण्डल, गलामा पनि यूं जडित आकर्षक हार र लामो माला रहेको छ । दुवै पाखुरामा आकर्षक यूं जडित केयूर, नाडीमा बाला, बायाँ हातको साँहिली औंलामा औंठी र खुट्टामा पाउजु रहेको छ । ताराको दायाँ हात वरद मुद्रामा, बायाँ हात बिन्दु मुद्रामा रहेको र दुवै हातले नालसहितको कमलको फूल समातेको छ । मूतिको काँधबाट झरेको कसागा पाखुरामा बेरिएर भूँईसम्म लत्रिएको छ । किनारामा बुट्टेदार धोतीलाई अड्याउन यूं जडित मेखलाको प्रयोग गरिएको छ भने कम्मरमाथिको भाग वस्त्ररहित छ । यस मूर्तिमा सप्तलोचनी ताराको चिम्सो आँखा, थेप्चो नाक, समतल परेको गाला, सानो ओठ, छोटो चिउँदो भईकन हँसिलो तिब्बती मुखाकृति रहेको छ (चित्र संख्या-१३) ।

यो मूर्ति १७-१८औं शताब्दी तिर तिब्बतमा निर्माण गरिएको कुरा संग्रहालयको श्रोतले देखाउँछ ।

### ५.२.५.७.२ सप्तलोचनी तारा

पाटन संग्रहालयको अभिलेख संख्या नं ४७९मा सप्तलोचन ताराको अभिलेखन गरिएको छ। ग्यालरी 'ए' मा प्रदर्शित तामामा सुवर्ण लेपन गरिएको सप्तलोचनी ताराको मूर्ति दोहोरो पद्मपीठमाथि पद्मासनमा छ । मूर्तिको शिरमा आकर्षक मुकुट, जुरोमा समेत मुकुट र मुकुट पछाडी अण्डाकार प्रभामण्डल रहेको छ । कानमा ठूलो गोलो र त्यसमा फूल बट्टा भएको कर्णकुण्डल, गलामा यूं जडित हार र यूं जडित लामो माला रहेको छ। दुवै पाखुरामा यूं जडित केयूर, नाडीमा बाला र पाउमा पाउजु रहेको छ। दायाँ हात वितर्क मुद्रामा, बायाँ हात वितर्क मुद्रामा रहेको यस मूर्तिको दुवै हातले नालसहितको कमलको फूल समातेको छ । मूर्तिको काँधबाट झरेको कसागा पाखुरामा बेरिएर भूँईसम्म लत्रिएको छ । मूतिको कम्मरमाथिको भाग वस्त्ररहित र कम्मरमा धोतीलाई अड्याउन अलंकारित मेखलाको प्रयोग गरिएको छ (चित्र संख्या-१४) ।

२३ से.मि. अग्लो यो मूर्ति १८-१९औं शताब्दीमा तिब्बतमा निर्माण गरिएको कुरा संग्रहालयको श्रोतले देखाउँछ ।

### ५.२.५.८ कुरूकुल्ला तारा

बौद्ध धर्ममा प्रेम र वशीकरणकी देवीलाई कुरूकुल्ला भनिन्छ । वशीकरणको लागी '**ॐ कुरूकुल्ले हुं र्‍हिं स्वाहा**' मन्त्र दश हजार पटक जप्नु पर्दछ। कुरूकुल्ला ताराको एक मुख, दुई, चार, छ वा आठ हात भएको पाइन्छ । साधनमालामा कुरूकुल्ला ताराको विभिन्न स्वरूपको वर्णन गरिएको पाइन्छ । कुरूकुल्ला तारा अमिताभ बुद्धको परिवारको रूपमा लिइन्छ (भट्टाचार्य, १९८७ : १४७) । कुरूकुल्ला तारा पाँच वर्णका हुन्छन् ।

(क) शुक्ल कुरूकुल्ला

शुक्ल कुरूकुल्ला सेतो वर्णको हुन्छ । यिनको वाहन पशु हो । यिनलाई दुई हाते देवीका रूपमा वज्रपर्यङ्कासनमा प्रस्तुत गरिन्छ । यिनको दायाँ हातमा अक्षयमाला र बायाँ हातमा कमलपात्र हुने गर्दछ (उही : १४८) ।

(ख) तारोद्‌भव कुरूकुल्ला

तारोद्‌भव कुरूकुल्ला रातो वर्णको हुन्छ । यिनलाई चार हात भएको र वज्रपर्यङ्कासनमा प्रस्तुत गरिन्छ । यिनको आसनमा राहुमाथि चढेको कामदेव र रतीको मूर्ति उत्कृर्ण गरिएको हुन्छ । चार हातमध्ये दायाँ हातमा धनुष र कमल हुन्छ र बायाँ हात अभय मुद्रामा र वाण रहेको हुन्छ । यिनको मुकुटमा अमिताभ बुद्धको आकृति अङ्कित हुन्छ (उही : १४९) ।

(ग) उड्डियान कुरूकुल्ला

उड्डियान कुरूकुल्ला रातो वर्णको हुन्छ । यिनलाई चार हात भएको र लाशमाथि अर्धपर्यङ्कासनमा प्रस्तुत गरिन्छ । यिनको आकृति भयंकर, लामो दाँत, लामो जिब्रो हुनुका साथै खप्परको माला लगाएको हुन्छ । यिनी त्रिनेत्री र बाघको छाला धारण गर्ने हुन्छिन् । चार हातमध्ये दुई हातले धनुवाण तानेकी र दुई हातले क्रमशः अंकुश र कमल समातेको हुन्छ (उही : १४९) ।

(घ) अष्टभुजा कुरूकुल्ला

अष्टभुजा कुरूकुल्ला रातो वर्णको हुन्छ । यिनलाई आठ हात भएको, वज्रपर्यङ्कासन र त्रिलोकविजय मुद्रामा प्रस्तुत गरिन्छ । यिनको हातमा अंकुश, प्रत्यञ्चा, पाश, धनुष र कमल हुन्छ (उही : १५०-१५१) ।

(ङ) मायाजालकर्म कुरूकुल्ला

मायाजालकर्म कुरूकुल्ला रातो वर्णको हुन्छ । यिनलाई छ हात भएको, वज्रपर्यङ्कासनमा प्रस्तुत गरिन्छ । यिनको हात त्रिलोकविजय मुद्रा, अभय मुद्रा, फूलको कोपिला, अक्षय माला र कमण्डलु लिएको हुन्छ । यिनीले मुकुटमा पञ्चध्यानी बुद्ध धारण गरेकी र तक्षक नागको ढाडमा टेकेको हुन्छिन् ( भट्टाचार्य, १९८७ : १५२) ।

### ५.२.५.८.१ कुरूकुल्ला तारा

पाटन संग्रहालयको अभिलेख संख्या नं १६१मा कुरूकुल्ला ताराको अभिलेखन गरिएको छ । ग्यालरी ‘एफ’ मा रहेको यस कुरूकुल्ला तारा एकोहोरो पद्मपीठमा घोप्टिएको लाशमाथि नृत्य मुद्रामा रहेको छ । एक शिर, तीन आँखा र चार हात रहेको छ यस मूर्तिको शिरमा नरमुण्डयुक्त मुकुट, कपाललाई माथि उठाई बाँधिएको छ । कानमा गोलो कुण्डल, गलामा आकर्षक हार र नरमुण्ड माला रहेको छ । दुवै हातको नाडीमा बाला, पाखुरामा केयूर र खुट्टाका कल्ली रहेको छ । मूर्तिको चार हातमध्ये दायाँ तर्फको माथिल्लो हातमा कमलको फूल र बायाँ तर्फको तल्लो हातमा पाश रहेको छ । बाँकी दुई हातमा धनुष र वाण हुनुपर्नेमा सो नदेखिएता पनि धनुषमा तादो तन्काएर वाण चढाउन लागेको जस्तो देखिन्छ । मूर्तिको बायाँ खुट्टा लाशमाथि र दायाँ घुँडा कमलको फूलमा अड्याइको छ । मूर्तिको कम्मरमाथिको भाग वस्त्ररहित र मेखला बाँध्नको लागी कम्मरमा अलंकारयुक्त उद्यरबन्धको प्रयोग गरिएको छ (चित्र संख्या-१५) ।

उड्‌डियान कुरूकुल्लासंग मिल्न आउने यो मूर्ति १५.४ से.मि. अग्लो ढलौटबाट बनाइएको र १७औं शताब्दीमा तिब्बतमा निर्माण गरिएको कुरा संग्रहालयको श्रोतले देखाउँछ ।

## ५.२.६ वसुन्धरा

नेपालमा वसुन्धरा नामले लोकप्रिय बौद्ध देवी वसुन्धरा तारा कै एक स्वरूप हो । समृद्धिकी देवी वसुन्धरा जम्भलकी सहचारी हुन् । यिनको मुकुटमा पञ्च ध्यानी बुद्धहरू मध्ये अक्षोभ्य वा रत्नसंभवको मूर्ति हुन्छ । साधनमालाको वर्णन अनुसार वसुन्धरा कुनै निर्धारित आसनमा बसेको हुदैन । वसुन्धरा जुनसुकै आसन वा मुद्रामा बसेको वा उठेको देखाउन सकिन्छ । साधनमालामा वर्णन गरिए अनुसार वसुन्धरा गरगहनाले सु-सजित एवं अनुचरहरू रहेको हुन्छ । वसुन्धराको रंग पहेंलो हुन्छ, बायाँ हातमा अन्नको बाला र मणिमाणिक्यको पात्रो र दायाँ हात वरद मुद्रामा हुनुपर्दछ । तर साधनमालामा वर्णन गरिए अनुसारको वसुन्धराको मूर्ति कमै पाइन्छ ।

नेवारी कलामा वसुन्धरालाई एक मुख र छ हात भएको ललितासनमा बसेको देवीको रूपमा चित्रत गरिन्छ । छ हातमध्ये दायाँ तिरको तीन हातहरूमा नमस्कार मुद्रा, वरद मुद्रा र

अन्नको बाला लिएको देखाइन्छ र बायाँ हातहरूमा पुस्तक र मणि पात्रलाई काखमा राखेको देखाइन्छ। वसुन्धराको कपाल माथितिर उठाई ज्वालाको रूपमा देखाइन्छ। सौम्य अनुहारकी वसुन्धरा विभिन्न प्रकारको आभुषणले सजिएको हुन्छ। (भट्टाचार्य, १९८७ : २४४-२४५)

नेपाली बौद्ध समाजमा वसुन्धरा व्रत लोकप्रिय रहेको छ। वसुन्धरा देवीको सम्मानमा बौद्ध धर्मावालम्वीहरू वर्षको एक पटक वसुन्धरा वत्र बस्ने गर्दछ। वसुन्धरा व्रतबाट धन, समृद्धि, सन्तान, लामो आयु, सुख, मनोकामना र विद्या जस्ता सात प्रकारका सिद्धि प्राप्त गर्न सकिन्छ (शाक्य, १९९९ : ४२)।

## ५.२.६.१ वसुन्धरा

पाटन संग्रहालयको अभिलेख संख्या नं ३४८मा वसुन्धराको अभिलेखन गरिएको छ। ग्यालरी 'एफ' मा प्रदर्शित ढलौटमा सुर्वण लेपन र बहुमूल्य रत्न जडित गरि बनाइएको यस वसुन्धराको मूर्ति एक मुख र छ हात एवं ललितासनमा बसेको छ जसको दायाँ पाउ फक्रेको कमलको फूलमा रहेको छ। विभिन्न आभुषणले सु-सज्जित यस मूर्तिको शिरमा रत्न जडित आकर्षक मुकुट, जुरोमा चुडामणि, कानमा गोलो ठूलो कुण्डल, गलामा रत्न जडित हार र नाइटो सम्म आउने लामो माला रहेको छ। छ वटै हातको पाखुरामा रत्न जडित केयूर, नाडीमा रत्न जडित बाला र खुट्टामा पाउजु रहेको छ। मूर्तिको दायाँ तर्फको माथिल्लो हात नमन मुद्रामा, बीचको हातले रत्नको झुपा समातेको र तल्लो हात वरद मुद्रामा रहेको छ। भने बायाँ तर्फको माथिल्लो हातमा पुस्तक, बीचको हातले अन्नको बाला समातेको र तल्लो हातले रत्न कलश (घडा) समाति काखमा राखेको छ। पारदर्शी धोतीलाई अड्याउन रत्न जडित उद्यरबन्धको प्रयोग गरिएको छ। यस मूर्तिको कम्मर बायाँतर्फ धल्किएको र शान्त आर्यमुखाकृति रहेको छ (चित्र संख्या-२७)।

१४.८ से.मि. अग्लो यो मूर्ति १२-१३औं शताब्दीमा नेपालमा निर्माण गरिएको कुरा संग्रहालयको श्रोतले देखाउँछ।

### ५.२.६.२ वसुन्धरा

पाटन संग्रहालयको अभिलेख संख्या नं ४८१मा वज्रपाणिको अभिलेखन गरिएको छ । ग्यालरी 'एफ' मा प्रदर्शित ८.८ से.मि. अग्लो वसुन्धराको मूर्ति एक मुख र छ हात एवं ललितासनमा बसेको छ जसको दायाँ पाउ फक्रेको कमलको फूलमा रहेको छ । अनुहार खिइसकेको यस मूर्तिको शिरमा मुकुट, कानमा गोलो ठूलो कुण्डल, गलामा हार र लामो माला रहेको छ । छ वटै हातको पाखुरामा केयूर, नाडीमा बाला र खुट्टामा पाउजु रहेको छ । मूर्तिको दायाँ तर्फको नमन मुद्रामा, बीचको हातले रत्नको झुपा समातेको र तल्लो हातले केहि समातेको जस्तो देखिन्छ तर स्पष्ट रूपले चिन्न सकिदैन । मूर्तिको बायाँ तर्फको माथिल्लो हातमा पुस्तक, बीचको हातले अन्नको बाला समातेको र तल्लो हातले रत्न घडा (कलश) समाति काखमा राखेको छ । धोतीलाई अड्याउन सादा उद्यरबन्धको प्रयोग गरिएको छ (चित्र संख्या-२८) ।

१३-१४औं शताब्दीमा नेपालमा निर्माण गरिएको यो मूर्ति तामाको रहेको कुरा संग्रहालयको श्रोतले देखाउँछ ।

### ५.२.६.३ वसुन्धरा

पाटन संग्रहालयको अभिलेख संख्या नं ४७०मा वसुन्धराको अभिलेखन गरिएको छ । ग्यालरी 'ए' मा प्रदर्शित तामामा सुवर्ण लेपन गरि बनाईएको यस वसुन्धराको मूर्ति एक मुख र छ हात एवं एकोहोरो पद्मपीठमाथि ललितासनमा बसेको छ । मूर्तिको शिरमा मुकुट र शिर पछाडी प्रभामण्डल, कानमा पुष्प कुण्डल, गलामा हार र लामो माला रहेको छ । छ वटै हातको पाखुरामा केयूर, नाडीमा बाला र खुट्टामा पाउजु रहेको छ । मूर्तिको दायाँ तर्फको माथिल्लो हात नमन मुद्रामा, बीचको हातले रत्नको झुपा समातेको र तल्लो हात वरद मुद्रामा रहेको छ । भने बायाँ तर्फको माथिल्लो हातमा पुस्तक, बीचको हातले अन्नको बाला समातेको र तल्लो हातले घडा (कलश) समातेको छ । काँधबाट झरेको कसागा हावामा उडिरहेको र धोतीलाई अड्याउन उद्यरबन्धको प्रयोग गरिएको छ । मूर्तिको हत्केला र पैतालामा शुभ सूचक चिन्ह रहेको छ (चित्र संख्या-२९) ।

१०.५ से. मि. अग्लो यो मूर्ति वि. सं. १६०६ मा नेपालमा निमार्ण गरिएको रहेको कुरा संग्रहालयको टिप्पणीले देखाउँछ ।

राष्ट्रिय संग्रहालय छाउनीको बौद्ध ग्यालरीमा पनि वसुन्धराको मूर्ति रहेको छ ।

## ५.२.७ वज्रयोगिनी

वज्रयोगिनी वज्रयान सम्प्रदायमा प्रसिद्ध एवं महत्वपूर्ण देवी हुन् । तर वज्रयोगिनीको मुकुटमा कुनै पनि ध्यानी बुद्धका आकृति हुँदैन । वज्रयोगिनी चार स्वरूपका पाइन्छ । वज्रयोगिनीलाई हेरूकको शक्तिको रूपमा लिइन्छ । वज्रयोगिनीको एक रूप मष्तकहिन हुन्छ । हिन्दुहरूको दश महाविद्यामध्ये छिन्नमस्तासँग मिल्दछ । यो स्वरूपमा हुँदा वज्रयोगिनीको दायाँबायाँ वज्रवैरोचन र वज्रवर्णनी रहेको हुन्छ । यो स्वरूपमा देवी पहेंलो वर्णको, नाङ्गो, दुई हातमध्ये दायाँ हातमा देवीको आफ्नै काटिएको मष्तक र बायाँ हातमा कर्तृ लिएको हुन्छ । देवी आलिढासनमा रहेको हुन्छ ।

अर्को स्वरूपमा वज्रयोगिनी रातो वर्णको, आलिढासनमा शव वाहन, त्रिनेत्री, नाङ्गो शरीर रहेको हुन्छ । उनको दुई हातमध्ये दायाँ हातले कपाल र बायाँ हातले वज्र लिएको र दायाँ काँधतिर खट्वाङ्ग झुन्डिएको हुन्छ । देवीको चारैतिर प्रज्वलित भूमि रहेको हुन्छ । यस किसिमको वज्रवाराहीको स्वरूप  नैरात्मा र वज्रवाराही संग मिल्दो जुल्दो आलिढासनबाट छुट्याउन सकिन्छ ।

अर्को स्वरूपमा वज्रयोगिनी पहेंलो वर्णको आलिढासनमा शव वाहन, त्रिनेत्री, नाङ्गो शरीर रहेको हुन्छ । उनको दुई हातमध्ये दायाँ हातले कपाल र बायाँ हातले कर्तृ लिएको र दायाँ काँधबाट खट्वाङ्ग झुन्डिएको हुन्छ (भट्टाचार्य, १९८७ : २४७-२४८) ।

### ५.२.७.१ वज्रयोगिनी

पाटन संग्रहालयको अभिलेख संख्या नं ४९२मा वज्रयोगिनीको अभिलेखन गरिएको छ ग्यालरी 'ए' मा प्रदर्शित वज्रयोगिनीको मूर्ति एकोहोरो पदमपीठमा उत्तानो शवमाथि टेकी उर्ध्वपादासनमा रहेको छ । मूर्तिको एक शिर, त्रिनेत्री र दुई हात रहेको छ । शिरमा मुकुट, कानमा गोलो कर्ण कुण्डल, गलामा हार र लामो घुँडा सम्म आउने माला रहेको छ । दुवै

हातको नाडीमा बाला, पाखुरामा केयूर र खुट्टामा कल्ली रहेको छ । दुई हातमध्ये दायाँ हातमा कपाल र बायाँ हातमा कर्तृ रहेको छ । कसागा हातमा मात्र बेरिएको देखिन्छ भने अधोवस्त्रको रूपमा मेखलाको प्रयोग गरिएको छ । यो मूर्ति फलकको चारैतिर दुई रेखाबीचमा बिन्दुहरू घेरा बनाइएको छ र यस घेराबाहिर चारैतिर ज्वालावलीको अर्को घेरा रहेको छ (चित्र संख्या-३०) ।

वस्त्ररहित शवको शिरमा मुकुट, गलामा हात र लामो माला रहेको छ ।

७.६ से.मि. अग्लो यो मूर्ति प्रस्तरबाट बनाइएको छ । यो मूर्ति १७-१८औं शताब्दीमा नेपालमा निमार्ण गरिएको कुरा संग्रहालयको श्रोतले देखाउँछ ।

### ५.२.७.२ वज्रयोगिनी

पाटन संग्रहालयको अभिलेख संख्या नं ३५१मा वज्रयोगिनीको अभिलेखन गरिएको छ । ग्यालरी 'ए' मा प्रदर्शित ढलौटबाट निर्मित वज्रयोगिनीको मूर्ति एकोहोरो पद्मपीठमा घेप्टो परेको वस्त्ररहित शव माथि उर्ध्वपादासनमा रहेको छ । मूर्तिको एक शिर, त्रिनेत्र, दुई हात रहेको छ । शिरमा आर्कषक मुकुट, जुरोमा चुडामणि, कानमा ठूलो गोलो कर्णकुण्डल, गलामा हार, लामो माला र लामो मुण्डमाला रहेको छ । मूर्तिको शरीरको तल्लो भागमा मुण्डयुक्त मेखला रहेको छ । मूर्तिको दुवै हातको नाडीमा बाला, बायाँ हातको पाखुराका केयूर देखिन्छ र खुट्टामा कल्ली रहेको छ । मूर्तिको पछाडी चार तहको ज्वालावली देखिन्छ । पहिलो तहमा नरमुण्डको घेरा, दोस्रोमा वज्रको घेरा, तेस्रोमा शंखको घेरा र यस घेराबाहिर ज्वालावलीको अर्को घेरा छ (चित्र संख्या-३१) ।

२१.२ से.मि अग्लो यो मूर्ति १९औं शताब्दीमा नेपालमा निर्माण गरिएको कुरा संग्रहालयको श्रोतले देखाउँछ ।

## ५.२.८ डाकिनी

साधनमालाको वज्रवाराही साधन खण्डमा चार डाकिनीहरूको समूहको चर्चा गरिएको छ । ती चार डाकिनीहरू डाकिनी, लामा, खण्डोहा र रूपिणी हुन् । यि डाकिनीहरू क्रमश नीलो, हरियो, रातो र सेतो रङ्गका हुन्छन् । यि डाकिनीहरूका एक मुख, त्रिनेत्र र चार हात हुन्छन् ।

डाकिनीको दायाँ हातमा डमरु र कर्तृ हुन्छ भने बायाँ हातमा कपालपात्र कुदिएको खट्वाङ्ग र कपाल लिएको हुन्छ । ती सबैले हाडका गहना लगाउँछन् र आलीढ मुद्रामा उभिएको हुन्छ (भट्टाचार्य, १९८७ : ३२१) ।

### ५.२.८.१ डाकिनी

पाटन संग्रहालयको अभिलेख संख्या नं १५५मा डाकिनीको अभिलेखन गरिएको छ । ग्यालरी 'ए' मा प्रदर्शित यस डाकिनीको एक मुख त्रिनेत्र, दुई हात र एकोहोरो फर्केको पद्मपीठमा नृत्य मुद्रामा रहेको छ । मूर्तिको शिरमा नरमुण्डयुक्त मुकुट, कानमा यूं जडित ठूलो गोलो कर्णकुण्डल, गलामा यूं जडित हार र लामो माला रहेको छ । दुवै हातको नाडीमा बाला, पाखुरामा केयूर र खुट्टामा कल्ली रहेको छ । मूर्तिको दायाँ हातमा कर्तृ र बायाँ हातमा कपाल रहेको छ । मूर्तिको शरीरको माथिल्लो भाग वस्त्ररहित र अधोवस्त्रको रूपमा मेखला रहेको छ । यस मूर्तिको अनुहारमा सुवर्ण लेपन गरिएको छ (चित्र संख्या-३२) ।

२२.९ से. मी अग्लो यो मूर्ति ढलौटमा सुर्वण लेपन गरि यूंहरू जडित गरि बनाइएको छ । यो मूर्ति १६-१७औं शताब्दीमा तिब्बतमा निमार्ण गरिएको कुरा संग्रहालयको श्रोतले देखाउँछ ।

यो डाकिनीको मूर्ति साधनमालामा वर्णन गरिए अनुसार आलीढ मुद्रामा उभिएको र चार हातमा दायाँ तर्फको हातमा डमरु र कर्तृ र बायाँ हातमा कपाल र खट्वाङ्ग हुने गर्दछ ( उही) । तर यहाँ प्रदर्शित डाकिनीको मूर्ति नृत्य मुद्रामा र दुई हातमा दायाँ हातमा कर्तृ र बायाँ हातमा कपाल रहेको छ ।

## ५.२.९ नैरात्मा

नैरात्माको अर्थ आत्महिन अथवा शून्य हुन्छ । नैरात्माको रंग निलो हुन्छ । बौद्ध परम्परा अनुसार शून्यको रंग आकासको रंग जस्तो हुन्छ जुन नीलो हो (भट्टाचार्य, १९८७ : २०४) । साधनमाला अनुसार नैरात्मा नीलो रंगको शवको छातीमाथि अर्धपर्यङकमा नृत्य मुद्रामा हुन्छिन् । उनको मुकुटमा पञ्चध्यानी बुद्धहरू मध्ये अक्षोभ्यको प्रतिमा हुन्छ र उनको कपाल माथितिर उडेको हुन्छ । उनको जीब्रो निकालिएको र बायाँ हातमा कपाल र खट्वाङ्ग लिएको

हुन्छ । उनको तीन वटा आँखा रातो र गोलो परेको हुन्छ । उनले पञ्च शुभ सङ्केतहरू धारण गरेको हुन्छ (उही) ।

### ५.२.९.१ नैरात्मा

पाटन संग्रहालयको अभिलेख संख्या नं ५४५मा नैरात्माको अभिलेखन गरिएको छ । ग्यालरी 'एफ' मा प्रदर्शित नैरात्माको मूर्ति शवको छातीमा अर्धपर्यङ्कमा नृत्य मुद्रामा रहेको छ । शिरमा पाँचवटा मुण्डमुकुट धारण, कानमा गोलो कुणकुण्डल, गलामा हार र मुण्डमाला रहेको छ । दुवै हातको नाडीमा बाला र दुवै खुट्टामा कल्ली रहेको छ । यो मूर्तिले दायाँ हातमा कर्तृ, बायाँ हातमा कपाल र खट्वाङ्ग लिएको छ भने खट्वाङ्गले लाशको पेटमा घोपेको छ । काँधबाट झरेको कसागा पाखुरामा बेरेर हावामा उडिरहेको भान हुन्छ र शरीरको तल्लो भागमा मेखला रहेको छ । त्रिनेत्रयुक्त मूर्तिको अनुहार डरलाग्दो रहेको छ । मुकुटको पछाडी प्रभामण्डल रहेको छ । नैरात्माको मूर्तिमा चारैतिर बिन्दुहरूको घेरा बनाइएको छ र यस घेरा बाहिर चारैतिर ज्वालीवलीको अर्को घेरा रहेको छ । मूर्तिमा हावा वारपार हुने गरी अनावश्यक भागहरू हटाई प्वाल पारिएको छ (चित्र संख्या-३३) ।

१५ से.मि अग्लो यो मूर्ति तामाको पातालाई घन छिनोको सहायताले पिटेर उठाई बनाइएको छ । यो मूर्ति १९औं शताब्दीमा नेपालमा निर्माण गरिएको कुरा संग्रहालयको श्रोतले देखाउँछ । साधनमालामा वर्णन गरिए अनुसार नैरात्माको मुकुटमा अक्षोभ्यको प्रतिमा हुनुपर्नेमा (उही) उक्त मुकुटमा अक्षोभ्य उत्कीर्ण गरिएको छैन ।

## ५.२.१० वज्रवाराही

वज्रवाराहीको तीन रूपको वर्णन गरिएको छ ।

(क) प्रथम रूपमा देवीको दुई हात, प्रत्यालीढ, त्रिनेत्री, छरिएको कपाल, दायाँ हातमा वज्र तर्जनी मुद्रा र बायाँ हातमा कपाल र खट्वांङ्ग रहेको हुन्छ । देवीको चारै तिर डाकिनी, लामा, खण्डोहा र रूपिणी रहेको हुन्छ ।

(ख) दोस्रो रूपमा देवीको दुई हात, शवमाथि अर्धपर्यङ्कमा नृत्य मुद्रा, दायाँ हातमा कर्तृ र बायाँ हातमा कपाल र बायाँ काँधबाट खट्वाङ्ग झुण्डिएको हुन्छ ।

(ग) तेस्रो रूपमा देवी आर्यवज्रवाराहीको स्वरूपमा चार हात भएको, त्रिनेत्री, डरलाग्दो स्वरूपको हुन्छ । देवीको चार हातमा दायाँको दुई हातमा वज्र र अंकुश रहेको हुन्छ भने बायाँको दुई हातमा कपाल र तर्जनी मुद्रामा पाश समाएको हुन्छ र बायाँ काँध तिर खट्वाङ्ग रहेको हुन्छ । देवी शवमाथि आलिढाशनमा रहेको हुन्छ (तिवारी, १९९७ :२५१, भट्टाचार्य, १९८७ : २१८-२१९) ।

### ५.२.१०.१ वज्रवाराही

पाटन संग्रहालयको अभिलेख संख्या नं ४६५मा वज्रवाराहीको अभिलेखन गरिएको छ । ग्यालरी 'एफ' मा प्रदर्शित वज्रवाराहीको मूर्ति शवको छातीमा अर्धपर्यङ्कमा नृत्य मुद्रामा रहेको छ । शिरमा आकर्षक मुकुट रहेको छ । शिरमा बाराहको थुतुनो अंकित यस मूर्तिको कानमा ठूलो बिन्दुयुक्त गोलो कर्णकुण्डल रहेको छ । गलामा लामा मुण्डमाला, नाडीमा बाला र पाउमा कल्ली रहेको छ । यो मूर्तिले दायाँ हातमा कर्तृ लिइ चोर औंला उठाएको र बायाँ हातमा कपालपात्र लिएको छ । शरीरको माथिल्लो भागमा मान्छेको छाला र शरीरको तल्लो भागमा व्याघ्रचर्म ओढेको छ । त्रिनेत्रयुक्त वज्रवाराहीको अनुहार डरलाग्दो छ (चित्र संख्या-३४) ।

१२ से.मि. अग्लो यो मूर्ति तामामा सुवर्ण लेपन गरी बनाइएको छ । यो मूर्ति १४-१५औं शताब्दीमा नेपाल वा तिब्बत तिर निर्माण गरिएको कुरा संग्रहालयको श्रोतले देखाउँछ ।

संग्रहालयमा प्रदर्शित वज्रवाराहीको मूर्ति वश्य-वज्रवाराहीको रहेको छ । यस किसिमको वज्रवाराहीको मूर्ति नेपाल र अन्य बौद्ध राष्ट्रहरूमा प्रख्यात रहेको छ । यस मूर्तिको तान्त्रिक साधना मानिसहरूले वशीकरणको लागि गर्दछन् (भट्टाचार्य, १९८७ : २१९) ।

## ५.२.११ षडाक्षरी लोकेश्वर

साधनमालामा षडाक्षरी लोकेश्वरको चार साधना पाइएको छ । दुईवटामा षडाक्षरी लोकेश्वर सहित तीन जनाको समूहको वर्णन गरिएको छ । तेस्रोमा षडाक्षरी महाविद्याको साथमा र चौथोमा षडाक्षरी लोकेश्वर एक्लोको वर्णन गरिएको छ । सबै साधनाहरूमा षडाक्षरी लोकेश्वरको एउटै वर्णन पाइन्छ । यस अनुसार षडाक्षरी लोकेश्वरलाई सेतो वर्णमा सबै

किसिमका आभूषण लगाएको, चार हातमा बायाँ हातमा कमलको फूल र दायाँ हातमा अक्षय माला र बाँकी दुई हात अञ्जली मुद्रामा देखाइनु पर्दछ (भट्टाचार्य, १९८७ : १२५-१२६) ।

## ५.२.११.१ षडाक्षरी लोकेश्वर

पाटन संग्रहालयको अभिलेख संख्या नं ४५०मा षडाक्षरी लोकेश्वरको अभिलेखन गरिएको छ । ग्यालरी 'एफ' मा प्रदर्शित एक मुख, चार हात भएको यस षडाक्षरी लोकेश्वरको मूर्ति बुट्टेदार आधारमा दोहोरो पद्मपीठमाथि वज्रपर्यङ्कासनमा छ । शिरमा रत्न जडित मुकुटमा पताका उडिरहेको छ र उष्णीषमा शिरको आकृति रहेको छ । मूर्तिको निधारमा उर्णा, कानमा रत्न जडित पुष्पकुण्डल, गलामा कण्ठहार, रत्न जडित हार र रत्न जडित लामो माला रहेको छ । चार वटै हातको नाडीमा बाला, पाखुरामा केयूर र खुट्टामा पाउजु रहेको छ । मूर्तिको चार हातमध्ये बायाँ हातमा कमलको फूल र दायाँ हातले अक्षय माला समातेको हुनुपर्नेमा सोको अभाव रहेको, बाँकी दुई हात अञ्जनी मुद्रामा रहेको छ । बायाँ काँधमा मृगको छाला ओढेको, कसागा काँधबाट पद्मपीठ हुँदै भुँईसम्म पुगेको देखिन्छ र किनारामा बुट्टा भएको धोतीलाई कम्मरमा बाँध्न मेखलाको प्रयोग गरिएको छ । यस मूर्तिमा षडाक्षरी लोकेश्वरको हँसिलो मुखाकृति, अर्धउन्मिलन लाम्चो आँखा, चुच्चो नाक, पातलो ओठ रहेको छ (चित्र संख्या-३६) ।

२२.६ से.मि. अग्लो यो मूर्ति ढलौटमा सुवर्ण लेपन र रत्न जडित गरी बनाइएको छ । यो मूर्ति १७-१८औं शताब्दीमा तिब्बतमा निर्माण गरिएको कुरा संग्रहालयको श्रोतले देखाउँछ ।

## ५.२.११.२ षडाक्षरी लोकेश्वर

पाटन संग्रहालयको अभिलेख संख्या नं ३२१मा षडाक्षरी लोकेश्वरको अभिलेखन गरिएको छ । ग्यालरी 'ए' मा प्रदर्शित यस षडाक्षरी लोकेश्वरको मूर्ति दोहोरो पद्मपीठमाथि वज्रपर्यङ्कासनमा छ । एक मुख, चार हात भएको यस मूर्तिको शिरमा आकर्षक मुकुट, उष्णीषमा चुडामणि रहेको छ । कानमा पुष्पकुण्डल, गलामा हार र २ तहको लामो माला रहेको छ । चार वटै हातको नाडीमा बाला, पाखुरामा केयूर र खुट्टामा कल्ली रहेको छ । चार हातमध्ये बायाँ हातमा कमलको फूल र दायाँ हातले केहि समातेको छ, बाँकी दुई हात

अञ्जनी मुद्रामा रहेको छ । बायाँ काँधमा मृगको छाला ओढेको, काँधबाट झरेको कसागा पाखुरामा बेरेको र किनारामा बुट्टा भएको धोतीलाई कम्मरमा बाँध्न उधरवन्धको प्रयोग गरिएको छ (चित्र संख्या-३७) ।

२६.२ से.मि. अग्लो यो मूर्ति ढलौटबाट बनाइएको छ । यो मूर्ति १७औं शताब्दीमा तिब्बतमा निर्माण गरिएको कुरा संग्रहालयको श्रोतले देखाउँछ ।

## ५.२.१२ अमोघपाश लोकेश्वर

पाटन संग्रहालयको अभिलेख संख्या नं ३८७मा अमोघपाश लोकेश्वरको अभिलेखन गरिएको छ । ग्यालरी 'ए' मा प्रदर्शित एक शिर, आठ हात भएको अमोघपाश लोकेश्वरको मूर्ति समभङ्ग अवस्थामा रहेको छ । मूर्तिको शिरमाथि अमिताभ बुद्धको आकृति सहितको मुकुट र निधारमा उर्णा रहेको छ । दायाँ हात क्रमशः वितर्क मुद्रा, कटक मुद्रा, वरद मुद्रा, अभय मुद्रा र बायाँ हातले क्रमशः पुस्तक, कटक मुद्रा, कमलको फूल र कलश प्रदर्शित गरेको छ । कम्मरमा ब्याघ्रचर्म बोरिएको छ (चित्र संख्या-३८) ।

ढलौटमा सुवर्ण लेपन गरेको १७.५ से. मि. अग्लो यो मूर्ति १४-१५औं शताब्दीमा नेपालमा निर्माण गरिएको कुरा संग्रलयको टिप्पणीले देखाउँछ ।

अमोघपाश लोकेश्वरको मूर्ति राष्ट्रिय संग्रहालय छाउनीको बौद्ध ग्यालरीमा पनि रहेको छ ।

## ५.२.१३ सिंहनाद लोकेश्वर

साधनमालामा सिंहनाद लोकेश्वरको चार साधना पाइएको छ । महायानी सम्प्रदायमा सिंहनाद लोकेश्वरलाई आरोग्यदायकका रूपमा लिइन्छ । साधनमालाको वर्णन अनुसार सिंहनाद लोकेश्वर सेतो वर्णको, एक मुख र तीन आँखा र जटा मुकुट लगाएको हुन्छ । यिनले कुनै प्रकारको गहना प्रयोग नगरेको, ब्याघ्रचर्म लगाएको र सिंहमाथि महाराजलिलासनमा बसेको हुन्छ । सिंहनाद लोकेश्वरको दायाँतिर सेतो सर्प बेरेको सेतो त्रिशूल र बायाँतिर फूलले भरेको कमल पात्र हुन्छ । यिनको बायाँ हातको कमलको फूलमाथि ज्वाला खड्ग रहेको हुन्छ (भट्टाचार्य, १९८७ : १२७-१२८) ।

### ५.२.१३.१ सिंहनाद लोकेश्वर

पाटन संग्रहालयको अभिलेख संख्या नं ५३०मा सिंहनाद लोकेश्वरको अभिलेखन गरिएको छ । ग्यालरी 'एफ' मा प्रदर्शित यस सिंहनाद लोकेश्वरको मूर्ति एकोहोरो पद्मपीठमा सिंहमाथि ललितासनमा आफ्नो शक्ति सहित बसेको छ । मूर्तिको एक मुख र चार हात रहेको छ । खिइसकेको यस मूर्तिको शिरमा मुकुट, उष्णीषमा चुडामणि, कानमा पुष्प कुण्डल, गलामा हार र लामो माला रहेको छ । मूर्तिको दुवै हातको पाखुरामा केयूर, नाडीमा बाला र खुट्टामा कल्ली रहेको छ । काँधबाट कसागा पाखुरामा बेरिएर हावामा उडिरहेको र धोतीलाई कम्मरमा अड्याउन उद्यरबन्धको प्रयोग गरिएको छ (चित्र संख्या-३९) ।

सिंहनाद लोकेश्वरको देब्रे काखमा शक्ति बसेको देखिन्छ । एक शिर, दुई हात भएको शक्तिको शिरमा मुकुट, जुरोमा चुडामणि, गलामा कण्ठहार, कानमा पुष्पकुण्डल रहेको छ । दुवै हातको नाडीमा बाला, पाखुरामा केयूर र खुट्टामा कल्ली रहेको छ । दायाँ हात अभय मुद्रामा रहेको छ ।

६ से.मि. अग्लो यो मूर्ति तामाबाट बनाइएको छ । यो मूर्ति १७-१८औं शताब्दीमा नेपालमा निर्माण गरिएको कुरा संग्रहालयको श्रोतले देखाउँछ ।

राष्ट्रिय संग्रहालय छाउनीको बौद्ध ग्यालरीमा पनि सिंहनाद लोकेश्वरको मूर्ति रहेको छ । यस पाटन संग्रहालयमा रहेको सिंहनाथ लोकेश्वर सिंहमाथि ललितासनमा आफ्नो शक्ति सहित बसेको छ भने राष्ट्रिय संग्रहालयमा रहेको सिंहनाद लोकेश्वर शक्ति रहित सिंहमाथि बसेको छ ।

## ५.२.१४ एकादशलोकेश्वर

### ५.२.१४.१ एकादशलोकेश्वर

पाटन संग्रहालयको अभिलेख संख्या नं २६८मा एकादशलोकेश्वरको अभिलेखन गरिएको छ । ग्यालरी 'ए' मा प्रदर्शित यस एकादशलोकेश्वर समभङ्गासनमा रहेको छ । मूर्तिको एघार शिर आठ हात रहेको छ । तीन तहमा तीन-तीन वटा टाउको रहेको एकादशलोकेश्वरको पुष्प मुकुट रहेको छ । चौथो तहमा रहेको टाउकोमा आँखा अस्वभाविक रूपमा ठूलो रहेको छ ।

अन्तिम तहमा रहेको शिरमा देखिन्छ। एघारै वटा शिरको निधारमा उर्णा रहेको छ। मूर्तिको तल्लो तहको टाउकोको कानमा पुष्प कुण्डल, गलामा हार र लामो माला रहेको छ। मूर्तिको आठ वटै हातको पाखुरामा केयूर र नाडीमा बाला रहेको छ । मूर्तिमा जामालाई बाध्न कम्मरमा यूं जडित अलंकारयुक्त उद्यरबन्धको प्रयोग गरिएको छ । दुवै काँधबाट झरेको कसागा भुईसम्म झरेको छ । दुई हात नमस्कार मुद्रा सहित बाँकी दायाँ तर्फ क्रमश अक्षयमाला, ज्वाला न्हेँक (ऐना) र वरद मुद्रा र बायाँ तर्फ क्रमश कमलको फूल, धनुष-वाण र कलश रहेको छ। यस मूर्तिमा एकादशलोकेश्वरको अनुहार हँसिलो रहेको छ (चित्र संख्या-४०)।

१८.५ से.मि. अग्लो यस मूर्ति ढलौटबाट बनाइएको छ । यो मूर्ति १७औं शताब्दीमा तिब्बतमा निर्माण गरिएको कुरा संग्रहालयको श्रोतले देखाउँछ।

## ५.२.१४.२ एकादशलोकेश्वर

पाटन संग्रहालयको अभिलेख संख्या नं १९४मा एकादशलोकेश्वरको अभिलेखन गरिएको छ। ग्यालरी 'ए' मा प्रदर्शित यस एकादशलोकेश्वर एकोहोरो पद्मपीठमा उभिएर रहेको छ। मूर्तिको एघार शिर आठ हात रहेको छ । तीन तहमा तीन-तीन वटा टाउको रहेको एकादशलोकेश्वरको पुष्प मुकुट रहेको छ। चौथो तहमा रहेको टाउकोमा ज्वालायुक्त मुकुट र आँखीभूई पनि ज्वालायुक्त बनाइएको छ। जुंगायुक्त यस शिरको अनुहार डरलाग्दो रहेको छ । अन्तिम तहमा रहेको टाउको भने अमिताभ बुद्धको देखिन्छ । मूर्तिको कानमा गोलो कर्ण कुण्डल, गलामा हार, माला, लामो माला र यज्ञोपवित रहेको छ । आठ वटै हातको पाखुरामा केयूर र नाडीमा बाला रहेको छ। जामालाई बाध्न कम्मरमा उद्यरबन्धको प्रयोग गरिएको छ। दुवै काँधबाट झरेको पछ्यौरा हावाको झोंकले उडिरहेको भान पर्दछ। मूर्तिको दुई हात नमस्कार मुद्रामा र बाँकी दायाँ तर्फ क्रमश अक्षयमाला, ज्वाला न्हायक्ं (ऐना) र वरद मुद्रा र बायाँ तर्फ क्रमश कमलको फूल, धनुष-वाण र कलश रहेको छ। यस मूर्तिमा एकादशलोकेश्वरको अनुहार शालिन रहेको छ (चित्र संख्या-४१)।

३२ से.मि. अग्लो यस मूर्ति ढलौटबाट बनाइएको छ। यो मूर्ति १९औं शताब्दीमा नेपालमा निर्माण गरिएको कुरा संग्रहालयको श्रोतले देखाउँछ।

राष्ट्रिय संग्रहालय छाउनीको बौद्ध ग्यालरीमा पनि एकादशलोकेश्वरको मूर्ति रहेको छ ।

## ५.२.१५ पद्मपाणि लोकेश्वर

रातो वर्णको पद्मपाणि लोकेश्वरको दायाँ हात वरद मुद्रामा र बायाँ हातले कमलका फूल समातेको हुन्छ । यिनले जरायोको (antilope) छाला काँधमा ओढेको हुन्छ । यिनी विभिन्न किसिमका गरगहनाले सु-सज्जित र मुकुटमा अमिताभ बुद्धको आकृति रहेको हुन्छ । मुकुटमा अमिताभ बुद्धको आकृति नभएको खण्डमा यिनको वर्ण सेतो हुन्छ (शाक्य, १९९९ : ३२) ।

### ५.२.१५.१ पद्मपाणि लोकेश्वर

पाटन संग्रहालयको अभिलेख संख्या नं ३५०मा पद्मपाणि लोकेश्वरको अभिलेखन गरिएको छ । ग्यालरी 'एफ' मा प्रदर्शित यस पद्मपाणि लोकेश्वरको मूर्ति दोहोरो पद्मपीठमा त्रिभङ्गासन रहेको छ । मूर्तिको शिरमा यूं जडित आकर्षक मुकुट, उष्णवीषमा चुडामणि रहेको छ । मूर्तिको कानमा पुष्प कुण्डल, गलामा यूं जडित हार, रत्न जडित यज्ञोपवित, दुवै हातका पाखुरामा यूं र रत्न जडित केयूर र नाडीमा बाला रहेको छ । मूर्तिको दायाँ हात वरद मुद्रामा र बायाँ हातले नाल सहितको कमलको फूल समातेको छ । मूर्तिको माथिल्लो भाग वस्त्र रहित र कम्मरमा पटुका घुँडासम्म लर्केको छ । पारदर्शी धोतीलाई बाँध्न कम्मरमा रत्न जडित उद्यरबन्धको प्रयोग गरिएको छ । धोतीको मुजा चुच्चोपरि भुँईसम्म लत्रेको देखिन्छ । टाउको दायाँ तर्फ ढल्केको कम्मर बायाँतिर ढल्केको र दायाँ खुट्टा सिधापारि बायाँ घुँडा मुडिएको छ । छिनो कम्मर, गहिरो नाभीस्थान सहित हँसिलो आर्यमुखाकृति देखिन्छ (चित्र संख्या-४२) ।

१९.१ से.मि. अग्लो यस मूर्ति ढलौटमा सुवर्ण लेपन र बहुमूल्य रत्नहरू जडित गरि बनाइएको छ । यो मूर्ति १२-१३औं शताब्दीमा नेपालमा निर्माण गरिएको कुरा संग्रहालयको श्रोतले देखाउँछ ।

राष्ट्रिय संग्रहालय छाउनीको बौद्ध ग्यालरीमा पनि पद्मपाणि लोकेश्वरको मूर्ति रहेको छ ।

## ५.२.१५.२ पद्मपाणि लोकेश्वर

पाटन संग्रहालयको अभिलेख संख्या नं २८५मा पद्मपाणि लोकेश्वरको अभिलेखन गरिएको छ । ग्यालरी 'एफ' मा प्रदर्शित प्रस्तरबाट बनाइएको यस पद्मपाणि लोकेश्वरको मूर्ति पद्मपीठमा बायाँ घुँडा अलिकति मोडिएर स्थानकासन रहेको छ । शिरमा आकर्षक मुकुट र मुकुटमा अमिताभ बुद्धको आकृति रहेको छ । शिर पछाडी ज्वालायुक्त प्रभामण्डल रहेको छ । मूर्तिको कानमा पुष्प कुण्डल, गलामा हार, यज्ञोपवित, दुवै हातका पाखुरामा केयूर र नाडीमा बाला रहेको छ । मूर्तिको दायाँ हात वरद मुद्रामा, त्यसको पछाडी नाल सहितको कमलको फूल र बायाँ हातले नाल सहितको कमलको फूल समातेको छ । मूर्तिको माथिल्लो भाग खुल्ला र कम्मरमा पटुका घुँडासम्म लर्केको छ । मूर्तिमा पारदर्शी धर्केदार धोतीलाई बाध्न कम्मरमा उद्यरबन्धको प्रयोग गरिएको छ । मूर्तिको चारैतिर ज्वालावली रहेको छ । पादपीठमा आठजना भक्तभक्तनीहरू अञ्जली मुद्रामा घुँडा मोडेर रहेको देखिन्छ (चित्र संख्या-४३) ।

८२.५ से.मि. अग्लो यस मूर्ति १६-१७औं शताब्दीमा नेपालमा निर्माण गरिएको कुरा संग्रहालयको श्रोतले देखाउँछ ।

## ५.२.१६ वज्रपाणि

बौद्ध धर्ममा विशिष्ट स्थान राख्ने देवगणहरूमा वज्रपवणि पनि पर्दछ । वज्रपाणिको वर्ण नीलो र कपाल गेरू रंगको हुन्छ । वोधिसत्वको दायाँ हातमा वज्र र बायाँ हात विर्तक मुद्रा भएमा वज्रपाणि हुन्छ । वज्रपाणिले युद्धविभिषिकाको संकेत गरिरहेको हुन्छ । जसको खुट्टाले दुई सर्पलाई कुल्चिरहेको, आँखा लाल लाल देखिने, आँखी भैंमा चाल उत्पन्न भएको, दाह्री जुँगा घुँघुरिएको हुन्छ । वज्रपाणिको शरीरको माथिल्लो भाग वस्त्र रहित हुने र अद्योभाग बाघ्रचर्मले बेरिएको हुन्छ । वज्रपाणिले विभिन्न गरगहना र सर्पको माला लगाएको हुन्छ ( शाक्य, १९९९ : ३०) ।

### ५.२.१६.१ वज्रपाणि

पाटन संग्रहालयको अभिलेख संख्या नं ३६७मा वज्रपाणिको अभिलेखन गरिएको छ । यस संग्रहालयको ग्यालरी 'एफ' मा प्रदर्शित वज्रपाणि दोहोरो पद्मपीठमा शवमाथि टेकी आलिढासनमा छ । यस मूर्तिको तीन शिर र छ हात रहेको छ । तीनै शिरमा मुकुट, उष्णीषमा चैत्य चुडामणि, कानमा गोलो ठूलो कुण्डल रहेको छ भने गलामा हार र असव्य सर्प यज्ञोपवित रहेको छ । मूर्तिको छ वटै हातको पाखुरामा सर्प केयूर, नाडीमा सर्प बाला, खुट्टामा सर्प कल्ली र पाउजु देखिन्छ । मूर्तिले दुई सर्पलाई मुखले च्यापि आफ्नो खुट्टाले कुल्चिरहेको देखाइएको छ । मूर्तिको दायाँ तर्फको माथिल्लो हातले वज्र समातेको, बीचको हातले सर्पलाई समातेको र तल्लो हात अभय मुद्रामा छन् भने बायाँ तर्फको माथिल्लो हात तर्जनी मुद्रा, बीचको हातले सर्प समातेको र तल्लो हात व्याख्यान मुद्रामा रहेको छ । वज्रपाणिको शरीरको माथिल्लो भाग वस्त्ररहित र अधोभागमा ब्याघ्रचर्म बोरिएको छ । त्रिनेत्र, जुंगा युक्त यस मूर्तिको अनुहार उग्र, भयङ्कर र डरलाग्दो देखाइएको छ (चित्र संख्या-२२) ।

२० से.मि. अग्लो यो मूर्ति ढलौटमा सूवर्ण लेपन गरि बनाइएको छ । यो मूर्ति १५-१६औं शताब्दीमा तिब्बतमा निर्माण गरिएको कुरा संग्रहालयको श्रोतले देखाउँछ ।

### ५.२.१६.२ वज्रपाणि

पाटन संग्रहालयको अभिलेख संख्या नं ४७१-१मा वज्रपाणिको अभिलेखन गरिएको छ । यस संग्रहालयको ग्यालरी 'एफ' मा प्रदर्शित ढलौटबाट निर्मित वज्रपाणि दोहोरो पद्मपीठमाथि आलिढासनमो छ । डरलाग्दो मुखाकृति भएको मूर्तिको एक शिर र दुई हात रहेको छ । मूर्तिको शिरमा यूं जडित मुकुट, कानको कुण्डलमा जनावर आकृति बेरिएको, गलामा २ हार , लामो माला र यज्ञोपवित रहेको छ । दुई हातको पाखुरामा सर्प केयूर, नाडीमा सर्प बाला, खुट्टामा सर्प कल्ली रहेको छ । मूर्तिको दायाँ हातले वज्र समातेको र बायाँ हात वितर्क मुद्रामा रहेको छ । मूर्तिको शरीरको माथिल्लो भाग खुल्ला र अधोभागमा ब्याघ्रचर्म ओढेको छ । त्रिनेत्र, दाह्री जुगां युक्त यस मूर्तिमा दाह्रा समेत देखाइएको छ (चित्र संख्या-२३) ।

१७.४ से.मि. अग्लो यो मूर्ति १६औं शताब्दीमा तिब्बतमा निर्माण गरिएको कुरा संग्रहालयको श्रोतले देखाउँछ ।

### ५.२.१६.३ वज्रपाणि

पाटन संग्रहालयको अभिलेख संख्या नं ५४४मा वज्रपाणिको अभिलेखन गरिएको छ । यस संग्रहालयको ग्यालरी 'एफ' मा प्रदर्शित ११.७ से.मि. अग्लो वज्रपाणिको मूर्ति एकोहोरो पद्मपीठमाथि आलिढासनमा छ । सामान्य मानिसको झैं मूर्तिको एक शिर र दुई हात रहेको छ । मूर्तिमा वज्रपाणिको कपाललाई ज्वालाको रूपमा उडिरहेको देखाइएको छ जुन ज्वालावलीमा मिसिन्छ । शिरमा मुण्डमुकुट, कानमा गोलो सादा कुण्डल, गलामा माला, हार र लामो माला रहेको छ । दुवै हातको नाडीमा सर्प बाला र खुट्टामा सर्प कल्ली रहेको छ । मूर्तिको दायाँ हातले वज्र र बायाँ हातले पाश समाएको छ । मूर्तिको शरीरको माथिल्लो वस्त्ररहित र काँधमा कसागा पहिरिएको देखिन्छ र अधोभागमा व्याघ्रचर्म बेरेको छ । त्रिनेत्र युक्त यस मूर्तिको अनुहारको भावभंगी डरलाग्दो रहेको छ । मूर्तिमा हावा वारपार हुने गरि अनावश्यक भागहरू हटाई प्वाल पारिएको छ जसलाई हावादारी भनिन्छ (चित्र संख्या-२४) ।

१९औं शताब्दीमा नेपालमा निर्मित यो मूर्ति तामाको पातालाई छिनो र घनको सहायताले पिटी पिटी (repousse) बनाइएको कुरा संग्रहालयको श्रोतले देखाउँछ ।

### ५.२.१६.४ वज्रपाणि

पाटन संग्रहालयको अभिलेख संख्या नं १२७मा वज्रपाणिको अभिलेखन गरिएको छ । यस संग्रहालयको ग्यालरी 'ए' मा प्रदर्शित ढलौटबाट निर्मित वज्रपाणिको मूर्ति एकोहोरो पद्मपीठमाथि प्रत्यालिढासनमा छ । एक शिर र दुई हात युक्त यस मूर्तिमा वज्रपाणिको कपाल ज्वालाको रूपमा उडिरहेको देखाइएको छ । कानमा गोलो कुण्डल, गलामा हार र जन्तरयुक्त लामो माला रहेको छ । दुवै हातको नाडीमा बाला, पाखुरामा केयर र खुट्टामा कल्ली रहेको छ । मूर्तिको दायाँ हातले वज्र समातेको र बायाँ हातमा कपाल लिएको छ । मूर्तिको शरीरको माथिल्लो भाग खुल्ला तर काँधबाट कसागा झरेको देखिन्छ भने अधोभागमा व्याघ्रचर्म बेरिएको छ । त्रिनेत्र युक्त, यही संग्रहालयमा रहेको अन्य वज्रपाणिको मूर्ति भन्दा फरक यस मूर्तिको अनुहार हँसिलो देखिन्छ । मूर्तिको चारै तिर ज्वालावलि रहेको

छ । मूर्तिमा हावा वारपार हुने गरि अनावश्यक भागहरू हटाई प्वाल पारिएको छ (चित्र संख्या-२५) ।

८.९ से.मि. अग्लो यो मूर्ति १९औं शताब्दीमा तिब्बतमा निर्माण गरिएको कुरा संग्रहालयको श्रोतले देखाउँछ ।

## ५.२.१६.५ वज्रपाणि

पाटन संग्रहालयको अभिलेख संख्या नं ४९३मा वज्रपाणिको अभिलेखन गरिएको छ । यस संग्रहालयको ग्यालरी 'ए' मा प्रदर्शित १५.८ से.मि. अग्लो वज्रपाणिको हावादारी मूर्ति घोप्तिएको पद्‌मपीठमाथि आलिढासनमा छ । एक शिर र दुई हात रहेको यस मूर्तिमा वज्रपाणिको कपाल ज्वालाको रूपमा उडिरहेको देखाइएको छ । कानमा गोलो कुण्डल, गलामा हार, कबच र सर्पको माला रहेको छ । दुवै हात भाँचिएको यस मूर्तिको खुट्टामा कल्ली र पाउजु रहेको छ । मूर्तिको शरीरको माथिल्लो भाग खुल्ला र काँधबाट झरेको कसागा हावामा उडेको छ भने अधोभागमा व्याघ्रचर्म बेरेको छ । त्रिनेत्र, आँखी भैं ज्वालायुक्त यस मूर्तिको अनुहार भयंकर र डरलाग्दो देखिन्छ । चारै तिर ज्वालावलि रहेको यस मूर्ति हावादारी बनाईएको छ (चित्र संख्या-२६) ।

काठबाट बनाइएको यो मूर्ति १७-१८औं शताब्दीमा तिब्बतमा निर्माण गरिएको कुरा संग्रहालयका श्रोतले देखाउँछ ।

## ५.२.१७ चतुर महाराज

हिन्दु अवधारणामा आठ दिक्पाल भएझैं वज्रयानी बौद्ध परम्परामा चार दिक्पाल मान्दछन् । जसलाई चतुर महाराज भनिन्छ ।

(क) धृट्राष्ट्र

धृट्राष्ट्र पूर्व दिशाका रक्षक हुन् । धृट्राष्ट्र सेतो वर्णको हुन्छ । यिनको दुवै हातले वीणा समातेको हुन्छ , यसै कारण यिनलाई वीणाराज पनि भनिन्छ ।

(ख) विरूढक

विरूढक दक्षिण दिशाका रक्षक हुन् । विरूढक रातो वर्णको हुन्छ । यिनको अनुहार डरलाग्दो हुन्छ । यिनको दायाँ हातमा खड्ग रहेको र बायाँ हात घुँडामा अड्याएर राखेको हुन्छ । यिनले खड्ग समातेको हुनाले यिनलाई खड्गराज पनि भनिन्छ ।

(ग) विरूपाक्ष

विरूपाक्ष पश्चिम दिशाका रक्षक हुन् । विरूपाक्ष रातो वर्णको हुन्छ । यिनको अनुहार डरलाग्दो हुन्छ । यिनको दायाँ हातमा भाला र बायाँ हात मुट्ठी पारी अड्याएर राखेको हुन्छ । यिनको बायाँ हातमा रहेको चैत्यले गर्दा यिनलाई चैत्यराज पनि भनिन्छ ।

(घ) वैश्रवण

वैश्रवण उत्तर दिशाका रक्षक हुन् । यिनको दायाँ हातमा चिन्तामणि ध्वज रहेको र बायाँ हातमा न्याउरी मुसा समातेको हुन्छ ।

बौद्ध सम्प्रदायमा वैश्रवण प्रसिद्ध रहेको छ । नेवार बौद्ध महिलाहरू यमरी पून्हिमा चामलको पिठोबाट वैश्रवणको प्रतिमा बनाउने गर्दछ । वैश्रवणको प्रतिमा ढुकुटी कोठामा राख्ने प्रचलन पनि रहेको छ (शाक्य, १९९९ : ६२) ।

### ५.२.१७.१ वैश्रवण

पाटन संग्रहालयको अभिलेख संख्या नं ४६९मा वैश्रवणको अभिलेखन गरिएको छ । ग्यालरी 'एफ' मा प्रदर्शित १८.२ से.मि. अग्लो यस वैश्रवणको मूर्ति एक मुख, दुई हात एवं दोहोरो पद्मपीठमाथि सिंहमा अर्धपर्यङ्कासनमा बसेको छ । मूर्तिको शिरमा आकर्षक मुकुट, पुष्प चुडामणि र निभारमा उर्णा रहेको छ । कानमा गोलो बिन्दु बुट्टा भएको कर्णकुण्डल रहेको छ । मूर्तिको दुई हातमध्ये दायाँ हातले चिन्तामणि ध्वज समातेको र बायाँ हातले न्याउरी मुसा समातेको छ । मूर्तिले दुवै काँधमा सिंहामुखाकृति र यूं जडित आकर्षक कबच रहेको र खुट्टामा चिसो ठाउँमा लगाउने जुत्ता लगाएको देखिन्छ । काँधबाट झरेको कसागा पाखुरामा बेरेर हावामा उडिरहेको देखिन्छ । यस मूर्तिको जुंगायुक्त, घोप्टिएको हँसिलो अनुहार रहेको छ (चित्र संख्या-३५) ।

तामामा सुवर्ण लेपन र बहुमूल्य पत्थर जडित गरिएको यो मूर्ति १७-१८औं शताब्दीमा तिब्बतमा निर्माण गरिएको कुरा संग्रहालयको श्रोतले देखाउँछ ।

## ५.२.१८ मञ्जुश्री

मञ्जुश्रीलाई बौद्ध सम्प्रदायमा विभिन्न स्वरूपमा पुजा गरिन्छ । मञ्जुश्री मञ्जुवज्र, मञ्जुघोष, धर्मधातुवागिश्वर आदि नामले प्रसिद्ध रहेको छ । निष्पन्नयोगावलीमा मञ्जुश्रीको तीन शिर क्रमशः पहेंलो, नीलो, रातो रंगको र छ हात भएको वर्णन गरिएको छ । यिनको दायाँ तर्फको हातले खड्ग लिएको, वरद मुद्रा, वाण रहेको र बायाँ हातले प्रज्ञापारमिता, कमलको फूल र धनुष लिएको हुन्छ । यस्तै साधनमालामा मञ्जुश्रीको अर्को नाम मञ्जुघोषको वर्णन गरिएको छ । सुनौलो वर्णको मञ्जसघोषले दुई हातमा खड्ग र पुस्तक लिएको हुन्छ (भट्टाचार्य, १९८७ : ९४-९५) ।

मञ्जुश्रीलाई चिन्ने मुख्य आधार भनेको यिनको हातमा रहेको खड्ग र पुस्तक नै रहेको छ । यिनको खड्गलाई अज्ञानको नासक, कमलको फूललाई शुद्धताको प्रतिक र पुस्तकलाई ज्ञानको प्रतिक मानिन्छ ।

### ५.२.१८.१ मञ्जुश्री

पाटन संग्रहालयको अभिलेख संख्या नं ४८०मा मञ्जुश्रीको अभिलेखन गरिएको छ । ग्यालरी 'एफ' मा प्रदर्शित यस मञ्जुश्रीको मूर्ति दोहोरो पद्मपीठमाथि त्रिभङ्ग मुद्रामा उभिएको छ । एक मुख, दुई हात रहेको यस मूर्तिको शिरमा आकर्षक मुकुट, उष्णीषमा चैत्य रहेको छ । कानमा गोलो कर्ण कुण्डल रहेको छ साथै गलामा आकर्षक हार र लामो माला रहेको छ । दुवै हातको पाखुरामा आकर्षक केयूर, नाडीमा बाला रहेको र खुट्टामा कल्ली रहेको छ । दुई हातमध्ये दायाँ हात वरद मुद्रामा र बायाँ हात वितर्क मुद्रामा रहेको छ । मूर्तिको दुवै तिर नालसहितको कमलको फूल र बायाँ तर्फको फूलमाथि पुस्तक रहेको छ । मूर्तिको शरीरको माथिल्लो भाग खुल्ला र पटुका छड्के पारी बायाँ तर्फको तिघ्रासम्म पुगेको छ । धर्केदार धोतीलाई कम्मरमा अड्याउन यूं जडित अलंकारिक उद्यरबन्धको समुचित प्रयोग गरिएको छ (चित्र संख्या-४९) ।

१७.१ से.मि. अग्लो यस मूर्ति ढलौटमा सुवर्ण लेपन र बहुमुल्य पत्थर जडित गरि बनाइएको छ । यो मूर्ति १३-१४औं शताब्दीमा तिब्बतमा निर्माण गरिएको कुरा संग्रहालयको श्रोतले देखाउँछ ।

### ५.२.१८.२ मञ्जुश्री

पाटन संग्रहालयको अभिलेख संख्या नं ३५५मा मञ्जुश्रीको अभिलेखन गरिएको छ । ग्यालरी 'ए' मा प्रदर्शित यस मञ्जुश्रीको मूर्ति आसनमाथि त्रिभङ्ग मुद्रामा उभिएको छ । एक मुख, दुई हात रहेको यस मूर्तिको शिरमा आकर्षक मुकुट रहेको छ । मूर्तिको कानमा गोलो कर्ण कुण्डल रहेको छ साथै गलामा यूं जडित आकर्षक हार र लामो माला रहेको छ । मूर्तिको दुवै हातको पाखुरामा यूं जडित केयूर र नाडीमा यूं जडित बाला रहेको छ । मूर्तिको दुई हातमध्ये दायाँ हात वरद मुद्रामा र बायाँ हात वितर्क मुद्रामा रहेको छ । मूर्तिको दुवै हातले नालसहितको कमलको फूल समातेको र दायाँ तर्फको फूलमाथि खड्ग र बायाँ तर्फको फूलमाथि पुस्तक रहेको छ । मूर्तिको शरीरको माथिल्लो भाग खुल्ला र कम्मरमा बेरिएको धोतीको सप्को वितर्क मुद्रा सहितको हातमा रहेको छ । तहतह परेको धोतीलाई कम्मरमा अड्याउन यूं जडित उद्यरबन्धको प्रयोग गरिएको छ (चित्र संख्या-५०) ।

३०.२ से.मि. अग्लो यस मूर्ति तामामा सुवर्ण लेपन र बहुमुल्य पत्थर जडित गरि बनाइएको छ । यो मूर्ति १७-१८औं शताब्दीमा तिब्बतमा निर्माण गरिएको पुरानो मूर्तिको प्रतिरूप भएको कुरा संग्रहालयको श्रोतले देखाउँछ ।

## ५.२.१९ मञ्जुवज्र

मञ्जुश्रीको एक रूप मानिने मञ्जुवज्र तान्त्रिक बौद्ध सम्प्रदायमा लोकप्रिय मानिन्छ । साधनमाला र निष्पन्नयोगावली अनुसार मञ्जुवज्रको तीन शिर र छ हात रहेको हुन्छ । मञ्जुवज्रको तीन शिरमध्ये बायाँबाट क्रमशः सेतो, रातो/सुनौलो र नीलो अनुहार रहको हुन्छ । मञ्जुवज्रको अनुहार रातो रंगको भएमा दुई हातले शक्तिलाई अंगालेको हुन्छ भने अरू हातहरूले क्रमश खड्ग, धनुष, वाण र कमलको फूल लिएको हुन्छ । त्यसैगरि मञ्जुवज्रको अनुहार सुनौलो भएमा दायाँ हातहरूमा क्रमश खड्ग, वरद मुद्रा र वाण रहेको

हुन्छ भने बायाँ हातहरूमा क्रमश पुस्तक, नीलकमलको फूल र धनुष रहेको हुन्छ ( भट्टाचार्य, १९८७ : ११८-११९) ।

## ५.२.१९.१ मञ्जुवज्र

पाटन संग्रहालयको अभिलेख संख्या नं ४८२मा मञ्जुवज्रको अभिलेखन गरिएको छ । ग्यालरी 'ए' मा प्रदर्शित शालिन र हँसिलो मुखाकृति भएको मञ्जुवज्रको मूर्ति दोहोरो पद्मपीठमाथि पद्मासनमा रहेको छ । मूर्तिको तीन शिर र छ हात रहेको छ, प्रत्येक शिरमा मुकुट, उष्णीषमा चैत्य, निधारमा उर्णा, उष्षीषमा चैत्य, कानमा कुण्डल, गलामा हार, लामो माला रहेको छ । मूर्तिको हातहरूको नाडीमा आकर्षक बाला, पाखुरामा आकर्षक केयूर रहेको छ । मूर्तिको छ वटा हातहरूमध्ये दायाँ हातमा वज्र र बायाँ हातमा कपालपात्र रहेको छ भने बाँकी चार हातहरू आयुध चिन्न नसकिएको छ । कम्मरमा धोतीलाई कसिलो र आकर्षक देखिने गरी बाध्न उद्धरबन्धको प्रयोग गरिएको छ (चित्र संख्या-५१) ।

९.५ से.मि. अग्लो यस मूर्ति ढलौटमा सुवर्ण लेपन र यूं गरी ठाउँ ठाउँमा जडान गरिएको छ । यो मूर्ति १६-१७औं शताब्दीमा तिब्बतमा निर्माण गरिएको भन्ने जानकारी संग्रहालयको श्रोतले देखाउँछ ।

## ५.२.२० नामसङ्गीति

बौद्ध धर्ममा नामसङ्गीतिलाई मञ्जुश्रीको एक रूप मानिन्छ । साधनमालामा अनुसार नामसङ्गीतिको तीन शिर, चार हात र पद्मपीठमाथि वज्रपर्यङ्कासनमा बसेको हुन्छ । यिनको रातो, सेतो मिश्रित वर्ण र मुकुटमा ध्यानी बुद्ध अक्षोभ्य धारण गरेको हुन्छ । तीन शिर क्रमशः नीलो, रातो र सेतो रंगको हुन्छ । विभिन्न गरगहनाले सु-सज्जित नामसङ्गीतिको चार हातमा पुस्तक, खड्ग, धनुष र वाण लिएको हुन्छ । साधनमालामा वर्णन गरिए अनुसारको नामसङ्गीतिको मूर्ति ज्यादै कम मात्रामा पाइन्छ ( भट्टाचार्य, १९८७ : ११६-११७) ।

साधारणतया नामसङ्गीति एक शिर, बाह्र हातयुक्त ध्यान मुद्रामा बसेको हुन्छ । विभिन्न गरगहनाले सु-सज्जित यिनको शिरमा उष्णीष र मुकुट रहेको हुन्छ । यिनको माथिल्लो दुई

हात शिरमाथि उत्तरबोध मुद्रामा, अर्को दुई हात छातीको समतलमा धर्मचक्र मुद्रामा, दुई हात तर्पण मुद्रामा, दुई हातले पात्र समाति काखमा अड्याएको हुन्छ । दुई हात काँधको समतल उठाई एकले खड्ग र अर्कोले कमलको फूलमाथि पुस्तक समातेको हुन्छ । बाँकी दुई हातले धनुष र वाण लिएको हुन्छ । यस किसिमको नामसङ्गीति काठमाडौं उपत्यकामा लोकप्रिय रहेको छ (शाक्य, १९९९ : ४०) ।

### ५.२.२०.१ नामसङ्गीति

पाटन संग्रहालयको अभिलेख संख्या नं ३४७मा नामसङ्गीतिको अभिलेखन गरिएको छ । ग्यालरी 'ए' मा प्रदर्शित यस नामसङ्गीतिको मूर्तिमा एक शिर र बाह्र हात रहेको छ । मूर्तिको शिरमा मुकुट र शिर पछाडी प्रभामण्डल रहेको छ । कानमा कर्ण कुण्डल, गलामा हार, नाडीमा बाला र पाखुरामा केयूर रहेको छ । माथिल्लो दुई हात शिरमाथि उत्तरबोध मुद्रामा, अर्को दुई हात छातीको समतलमा विर्तक मुद्रामा, दुई हात तर्पण मुद्रामा, दुई हातले पात्र समाति काखमा अड्याएको छ । चार हात काँधको समतल उठाई बायाँ माथिल्लो हातले खट्वाङ्ग समातेको र बाँकी तीन हातहरूमा आयूध देखिंदैन (चित्र संख्या-५२) ।

१८.२ से.मि. अग्लो यस मूर्ति ढलौटमा सुवर्ण लेपन र यूं जडित गरी बनाइएको छ । यो मूर्ति १५-१६औं शताब्दीमा नेपालमा निर्माण गरिएको कुरा संग्रहालयको श्रोतले देखाउँछ ।

राष्ट्रिय संग्रहालय छाउनीको बौद्ध ग्यालरीमा पनि नामसङ्गीतिको मूर्ति रहेको छ ।

## ५.२.२१ हेवज्र

निष्पन्नयोगावलीको वर्णन अनुसार हेवज्र मण्डलका मुख्य देवता हेरूक हुन्छ । यस मण्डलमा हेवज्रको चार प्रकारको वर्णन पाइन्छ । सबैमा हेवज्र शक्तिको साथमा देखाइन्छन् । एक शिर दुई हातका, एक शिर चार हातका, तीन शिर छ हातका तथा आठ शिर सोह्र हात र चार खुट्टा भएको चार प्रकारको हेवज्रको वर्णन गरिएको छ (भट्टाचार्य, १९८७ : १५७) ।

निष्पन्नयोगावलीमा आठ शिर सोह्र हात र चार खुट्टा भएको हेवज्रको निम्न अनुसार वर्णन गरिएको छ । सो वर्णन अनुसार हेवज्रको मुकुटमा अक्षोभ्यको मूर्ति हुनुपर्छ । हेवज्रले आफ्नो

शक्ति नैरात्मालाई अंगालोमा बाँधेको हुनुपर्छ । चार खुट्टाले चार मारलाई कुल्चिएको हुन्छ । सोह्र हातमध्ये दायाँ तर्फ वज्र, खड्ग, वाण, चक्र, मदिरा पात्र, भाला, त्रिशूल, अंकुश र बायाँ तर्फ घण्ट, धनुष, खट्वाङ्ग, कपाल पात्र, मणि, चोर औंला ठड्याएको, पाश रहेको हुन्छ (उही : १५९) ।

## ५.२.२१.१ हेवज्र

पाटन संग्रहालयको अभिलेख संख्या नं १२३मा हेवज्रको अभिलेखन गरिएको छ । ग्यालरी 'ए' मा प्रदर्शित हेवज्रको मूर्ति एकोहोरो पद्मपीठमाथि घोप्टिएर रहेको मानव मूर्तिमाथि नृत्य मुद्रामा रहेको छ । मूर्तिको पाँच मुख र सोह्र हात रहेको छ । सबैभन्दा माथिल्लो शिरमा पुष्प मुकुट रहेको छ । यसको कानमा गोलो कर्णकुण्डल रहेको छ । यसको आँखीभूई ज्वालायुक्त बनाइएको छ । जुंगायुक्त यस शिरको अनुहार डरलाग्दो रहेको छ ।

मूर्तिको बाँकी चार शिरमा अगाडीको अनुहार पुरूषाकृति रहेको छ भने बाँकी तीन शिर महिलाकृति रहेको छ । चारै शिरमा नरमुण्ड मुकुट, प्रत्येक शिरको तीन आँखा रहेको छ । मूर्तिको कानमा फूलबुट्टे कुण्डल, गलामा यूं जडित हार, लामो माला, पछाडीको भागमा पनि हार रहेको र दायाँ खुट्टामा कल्ली रहेको छ । मूर्तिको सोह्रवटै हातको पाखुरामा केयूर र नाडीमा बाला रहेको छ । मूर्तिमा मेखला बाहेक अरू वस्त्र पहिराइएको छैन । मूर्तिको सबै हातमा कपालपात्र रहेको छ । यस मूर्तिमा हेवज्रको अनुहार हँसिलो रहेको छ (चित्र संख्या-५३) ।

२३.६ से.मि. अग्लो यस मूर्ति तामामा सुवर्ण लेपन र बहुमुल्य पत्थर जडित गरि बनाइएको छ । यो मूर्ति २०औं शताब्दीमा नेपालमा निर्माण गरिएको कुरा संग्रहालयको श्रोतले देखाउँछ । संग्रहालयमा प्रदर्शित हेवज्रको मूर्ति हेवज्र मण्डलमा वर्णन गरिए अनुसार छैन ।

## ५.२.२२ यम

पाटन संग्रहालयको अभिलेख संख्या नं १५२मा यमको अभिलेखन गरिएको छ । ग्यालरी 'ए' मा प्रदर्शित यस यमको मूर्ति घोप्टिएको पद्मपीठमाथि उत्तानो शवमा बसेको महिषको ढाडमाथि आलिढासनमा रहेको छ । यमको डरलाग्दो महिषाकृति शिरमा मुण्ड मुकुट, कर्ण कुण्डल, गलामा हार, कबच र मुण्डमाला रहेको छ । मूर्तिको दुवै पाखुरामा केयूर, नाडीमा

बाला, खुट्टामा कल्ली र पाउजु रहेको छ। मूर्तिमा अलंकारिक मेखलाको प्रयोग गरिएको छ (चित्र संख्या-५४)।

१७.५ से.मि. अग्लो यस मूर्ति ढलौटबाट बनाइएको छ। यो मूर्ति १८-१९औं शताब्दीमा तिब्बतमा निर्माण गरिएको कुरा संग्रहालयको श्रोतले देखाउँछ।

## ५.२.२३ वज्रधर

पाटन संग्रहालयको अभिलेख संख्या नं २४३मा वज्रधरको अभिलेखन गरिएको छ। ग्यालरी 'एफ' मा प्रदर्शित यस वज्रधरको मूर्ति दोहोरो पद्मपीठमाथि पद्मासनमा रहेको छ। मूर्तिको शिरमा आकर्षक मुकुट, उष्णीषमा उर्णा, निधारमा उर्णा, कानमा पुष्प कुण्डल, गलामा हार, लामो माला रहेको छ। मूर्तिको दुवै हातको नाडीमा आकर्षक बाला, पाखुरामा आकर्षक केयूर, खुट्टामा कल्ली र पाउजु रहेको छ। मूर्तिको दायाँ हातले वज्र र बायाँ हातले घण्ट लिई दुवै हात छाती अगाडि अङ्कमाल मुद्रामा एक अर्कामा जोडेर रहेको छ। मूर्तिमा धोतीलाई बाध्न कम्मरमा अलंकारित उद्यरबन्धको प्रयोग गरिएको छ। यस मूर्तिमा वज्रधरको अनुहार हँसिलो रहेको छ (चित्र संख्या-५५)।

३१.९ से.मि. अग्लो यस मूर्ति ढलौट, चाँदी र तामा मिसाई बनाइएको छ। यो मूर्ति १६-१७औं शताब्दीमा तिब्बतमा निर्माण गरिएको कुरा संग्रहालयको श्रोतले देखाउँछ।

## ५.२.२४ चिन्न नसकिएको (महांकाल)

साधनामाला अनुसार महांकालको विभिन्न स्वरूप मध्ये एक नीलो वर्णको, एक शिर, दुई हात, तीन आँखा, डरलाग्दो अनुहार, लाशमाथि आलिढासन, पाँच मुण्ड जडित मुकुट, सर्पमाला, सर्प यज्ञोपवित, दायाँ हातमा कर्तृ र बायाँ हातमा पात्र लिएको रूपमा देखाइएको हुन्छ (भट्टाचार्य, १९८७ : ३४५)।

पाटन संग्रहालयको अभिलेख संख्या नं ४९मा चिन्न नसकिएको भनि अभिलेखन गरिएको छ। ग्यालरी 'एफ' मा प्रदर्शित यस चिन्न नसकिने (महांकाल) भनिएको मूर्ति एकोहोरो घोप्टिएको पद्मपीठमा उत्तानो शवमाथि आलिढासनमा रहेको छ। मूर्तिको शिरमा पाँच मुण्ड जडित मुकुट, कानमा यूं जडित कर्ण कुण्डल, गलामा हार, दानादार कवच रहेको छ।

दुवै हातको नाडीमा बाला, पाखुरामा केयूर र खुट्टामा कल्ली रहेको छ । मूर्तिको दायाँ हातमा कर्तृ र बायाँ हातमा कपालपात्र रहेको छ । शरीरको माथिल्लो भाग वस्त्र रहित र कम्मरमा मेखला रहेको छ । डरलाग्दो मुखाकृतिमा ठूलो गोलाकार तीन आँखा, दाह्रा निस्केको भयङ्कर रूपमा देखाइएको छ । मूर्तिले समातेको कर्तृको बिंडमा उल्टो परेको स्वस्तिक चिन्ह रहेको छ (चित्र संख्या-५६) ।

१९.७ से.मि. अग्लो यस मूर्ति तामामा यूं जडान गरी बनाइएको छ । यो मूर्ति १८-१९औं शताब्दीमा तिब्बतको सीमावर्ती क्षेत्रमा निर्माण गरिएको कुरा संग्रहालयको श्रोतले देखाउँछ ।

साधनामालाले जनाए अनुसार महांकालको शारीरिक चित्रण र प्राप्त मूर्तिको शारीरिक चित्रण तुलना योग्य छ । महांकालले पहिरिने सर्पमाला र सर्प यज्ञोपवितको स्थानमा दानादार माला र कवच देखिन्छ भने यज्ञोपवितको अभाव छ । तिब्बतमा बनेका मूर्तिहरूमा यज्ञोपवितको प्रयोग गरिएको पाइएको छैन (उदाहरण - एकादशलोकेश्वर) । तसर्थ संग्रहालयको श्रोतमा नचिनिएको भनिएको यो मूर्ति तिब्बतमा बनेको महांकालको हुनुपर्दछ ।

## ५.२.२५ पद्मसंभव

पद्मसंभव उत्तर भारतमा बौद्ध धर्ममा दिक्षित तान्त्रिक भिक्षु हुन् । धर्म प्रचारकै क्रममा तिब्बतमा ज्यान गुमाएका शान्तरक्षित (बौद्ध सन्त)को पद चिन्ह पछ्याउदै तिब्बतमा प्रचलित बोन धर्मको सुधारका लागी जीवनपर्यान्त लागी परेका सन्त पद्मसंभव हुन् । पद्मसंभव विख्यात तान्त्रिक पनि थिए । उनीले तिब्बतमा प्रचलित बोन धर्मलाई सुधार गरि बौद्ध धर्ममा आकर्षित गराई बोन धर्मलाई परिमार्जन गरेका हुन् । बोन धर्म र बुद्ध धर्मको समिश्रण नै तान्त्रिक पद्धतियुक्त लामा बौद्ध धर्म हो ।

पद्मसंभव पद्मपीठमा वज्रपर्यङ्कासनमा देखाइन्छ । यिनको दायाँ हातले वज्र र बायाँ हात काखमा राखी कपालपात्र समाएको हुन्छ । पद्मसंभवसंग उसको विशेष आयुध खट्वाङ्ग बायाँ काँधबाट ढल्किएर रहेको हुन्छ (शाक्य, १९९९ : २२-२३) ।

## ५.२.२५.१ पद्मसंभव

पाटन संग्रहालयको अभिलेख संख्या नं ६२४मा पद्मसंभवको अभिलेखन गरिएको छ । ग्यालरी 'ई' मा प्रदर्शित काठबाट बनाइएको यस पद्मसंभवको मूर्ति दोहोरो पद्मपीठमाथि पद्मासनमा रहेको छ । मूर्तिको शिरमा चन्द्रमुकुटमा पताका जडित जुन कानको पछाडीबाट उडिरहेको देखाइएको, निधारमा उर्णा रहेको छ । कानमा पुष्पकुण्डल, गलामा हार, दायाँ हातमा बाला देखिन्छ । मूर्तिको दायाँ हातले वज्र र बायाँ हातले कपालपात्र समातेको छ । विशेष आयुध खट्वाङ्ग बायाँ काँधबाट ढल्किएर रहेका हुनुपर्नेमा यस मूर्तिमा खट्वाङ्ग रहेको छैन । मूर्तिलाई राजकीय पोसाकमा देखाइएको छ (चित्र संख्या-६७) ।

१८.१ से. मि. अग्लो यो मूर्ति १६औं शताब्दीमा तिब्बतमा निर्माण गरिएको कुरा संग्रहायको श्रोतले देखाउँछ ।

## ५.२.२५.२ पद्मसंभव

पाटन संग्रहालयको अभिलेख संख्या नं २३७मा पद्मसंभवको अभिलेखन गरिएको छ । ग्यालरी 'ई' मा प्रदर्शित ५०.९ से. मि. अग्लो पद्मसंभवको मूर्ति पद्मासनमा रहेको छ । मूर्तिको शिरमा चन्द्रमुकुटमा पताका जडित जुन कानको पछाडीबाट उडिरहेको देखाइएको, निधारमा उर्णा र कानमा लताकुण्डल रहेको छ । दायाँ हातले वज्र लिएको हुनुपर्नेमा यस मूर्तिमा वज्र रहेको छैन र बायाँ हातले कपालपात्र समातेको छ । विशेष आयुध खट्वाङ्ग बायाँ काँधबाट ढल्किएर रहेका हुनुपर्नेमा यस मूर्तिमा खट्वाङ्गको कमी रहेको छ । मूर्ति राजकीय पोसाकमा रहेको छ (चित्र संख्या-६८) ।

तामामा सुवर्ण जलप गरी बनाएको यो मूर्ति १७औं शताब्दीमा तिब्बतमा निर्माण गरिएको कुरा संग्रहालयको श्रोतले देखाउँछ ।

## ५.२.२५.३ पद्मसंभव

पाटन संग्रहालयको अभिलेख संख्या नं २४४मा पद्मसंभवको अभिलेखन गरिएको छ । ग्यालरी 'ई' मा प्रदर्शित २६.२ से. मि. अग्लो ढलौटबाट निर्मित पद्मसंभवको मूर्ति दोहोरो पद्मपीठमाथि पद्मासनमा रहेको छ । मूर्तिको शिरमा चन्द्रमुकुट, निधारमा उर्णा र कानमा

पुष्पकुण्डल रहेको छ । दायाँ हातले वज्र र बायाँ हातले कपालपात्र समातेको छ । बायाँ काँधतिर भाँचिएको खट्वाङ्ग रहेको छ । मूर्ति राजकीय पोसाकमा रहेको छ (चित्र संख्या-६९)।

यो मूर्ति १७औं शताब्दीमा तिब्बतमा निर्माण गरिएको कुरा संग्रहालयको श्रोतले देखाउँछ ।

## ५.२.२६ उष्णीष विजय

उष्णीष विजय वैरोचनको परिवारको हो र यिनी चैत्यको गर्भमा बस्दछन् । साधनमाला अनुसार उष्णीष विजयको तीन शिर, आठ हात रहेको हुन्छ । तीन शिर क्रमशः पहेंलो, सेतो र नीलो वर्णको हुन्छ । यिनको दायाँ हातमा विश्ववज्र, बुद्ध अंकित कमलको फूल, वाण र वरद मुद्रा हुन्छ भने बायाँ हातमा धनुष, पाश सहित तर्जनी मुद्रा, अभय मुद्रा र घडा लिएको हुन्छ । यिनी चैत्यको गर्भमा बस्दछन् र मुकुटमा वैरोचनको आकृति कुँदिएको हुन्छ (भट्टाचार्य, १९८७ : २१४-२१५) ।

### ५.२.२६.१ उष्णीष विजय

पाटन संग्रहालयको अभिलेख संख्या नं ४२३-३मा उष्णीष विजयको अभिलेखन गरिएको छ । ग्यालरी 'ई' मा प्रदर्शित तीन शिर, आठ हात भएको यस उष्णीष विजयाको मूर्ति दोहोरो पद्मपीठमाथि वज्रपर्यङ्कासनमा छ । शिरमा मुकुट, जुरोमा चुडामणि, कानमा गोलो कुण्डल, गलामा हार, माला रहेको छ । आठ वटै हातका नाडीमा बाला र पाखुरामा केयूर रहेको छ । मूर्तिको दायाँ हातमा बुद्ध अंकित कमलको फूल, वाण, विश्ववज्र र वरद मुद्रा रहेको छ भने बायाँ हात अभय मुद्रा, धनुष, पाश र अमृत घडा रहेको छ । काँधबाट झरेको कसागा हावामा उडिरहेको देखिन्छ । धोतीलाई अड्याउन कम्मरमा उद्योबन्धको प्रयोग गरिएको छ । मूर्तिको शिर पछाडी ज्वालायुक्त प्रभामण्डल र ज्वालावली रहेको छ । मूर्तिमा त्रिनेत्र, अर्धउन्मिलन आँखा, लामो नाक, पातलो ओठ, छोटो चिउँदो रहेको देखिन्छ (चित्र संख्या-७०) ।

१८.७ से. मि. अग्लो यो मूर्ति १७-१८औं शताब्दीमा नेपालमा निर्माण गरिएको कुरा संग्रहालयको श्रोतले देखाँउछ । तामाबाट बनाइएको यस मूर्तिको अगाडीको भागमा सुवर्ण लेपन गरिएको छ ।

## ५.२.२७ वज्रसत्व र प्रज्ञा

पाटन संग्रहालयको अभिलेख संख्या नं ३१६मा वज्रसत्व र प्रज्ञाको अभिलेखन गरिएको छ। ग्यालरी 'एफ' मा प्रदर्शित सिंहासन सहितको आधारमाथि दोहोरो पद्‌मपीठमा पद्‌मासनमा रहेको वज्रसत्वको एक शिर, दुई हात रहेको छ। वज्रसत्वको मूर्तिको शिरमा पुष्पमुकुट, उष्णीषमा चुडामणि, निधारमा उर्णा, कानमा पुष्पकुण्डल र गलामा पुष्पहार रहेको छ। दुवै हातको नाडीमा बाला र पाखुरामा केयूर रहेको छ। दायाँ हातमा वज्र र बायाँ हातमा घण्ट लिइएको छ। कसागा पाखुरामा बेरेर हावामा उडिरहेको र धोती फुस्किएको देखिन्छ।

प्रज्ञालाई वज्रसत्वको काखमा दुवै खुट्टा फट्याई बसेको देखाइएको छ। प्रज्ञाको मूर्तिको शिरमा पुष्पमुकुट, जुरोमा चुडामणि, निधारमा उर्णा रहेको छ। दुवै हातको नाडीमा बाला, पाखुरामा केयूर र खुट्टामा कल्ली रहेको छ। दायाँ हातमा कर्तृ र बायाँ हातमा लिइएको छ (चित्र संख्या-७१)।

३४ से. मि. अग्लो तामामा सुवर्ण लेपन गरिएको यो मूर्ति वि. संख्या नं. नं. नं. १९१६ मा नेपालमा निर्माण गरिएको कुरा संग्रहालयको श्रोतले देखाँउछ।

## ५.२.२८ चक्रसम्बर र वज्रवाराही

पाटन संग्रहालयको अभिलेख संख्या नं ८७मा चक्रसम्बर र वज्रवाराहीको अभिलेखन गरिएको छ। ग्यालरी 'एफ' मा प्रदर्शित ढलौटमा सुवर्ण लेपन गरि बनाइएको चक्रसम्बर र वज्रवाराहीको मूर्ति दोहोरो पद्‌मपीठमाथि दायाँ खुट्टा सर्पमा र बायाँ खुट्टा घोप्टो परेको स्त्री आकृतिमा आलिढासनमा रहेको छ। यस मूर्तिमा चक्रसम्बरको पाँच शिर, बीस हात र यिनको शक्ति वज्रवाराहीको तीन शिर, छ हात रहेको छ।

चक्रसम्बरको माथिल्लो शिरमा तीन आँखा, पुष्प मुकुट, बिन्दुयुक्त चुडामणि, कानमा कुण्डल, शान्त मुखाकृति रहेको छ। दोस्रो शिरमा मुण्डमुकुट, डरलाग्दो तीन आँखा, खुम्चिएको आँखी भैं, डल्लो नाक, मुट्ठे जुंगा, कानमा कुण्डल र भयङ्कर मुखाकृति (भैरव आकृति) रहेको छ।

तल्लो अगाडी र बायाँ तर्फको शिरमा मुण्डमुकुट, दायाँ तर्फको शिरमा पुष्पमुकुट, शान्त मुखाकृति, ठूला त्रिनेत्र, खुम्चिएको आँखी भैं, कानमा कुण्डल, डल्लो नाक, अगाडी अनुहारमा दाह्री रहेको छ ।

चक्रसम्बरको गलामा हार, माला, मुण्डमाला, हातका नाडीमा बाला र पाखुरामा केयूर रहेको छ । चक्रसम्बरको दायाँ हातमा वज्र, डमरू, पर्शु, शंख, वाण, भाला, वरद मुद्रा, खट्वाङ्ग र कर्तृ रहेको छ भने बायाँ हातमा गदा, मानव शिर (मुण्ड), कमलको फूल, अभय मुद्रा, अंकुश, धनुष, छुरा, घण्ट, त्रिशुल र पात्र रहेको छ ।

त्रिनेत्रयुक्त शक्तिको शिरमा मुकुट, जुरोमा चुडामणि, कानमा पुष्पकुण्डल रहेको छ । छ वटै हातको नाडीमा बाला, पाखुरामा केयूर र खुट्टामा कल्ली रहेको छ । शक्तिको दायाँ हातमा कर्तृ, नमन मुद्रा, खड्ग र बायाँ हातमा पात्र, अभय मुद्रामा र ढाल रहेको छ (चित्र संख्या-७२) ।

२३.९ से. मि. अग्लो यो मूर्ति १८-१९औं शताब्दीमा नेपालमा निर्माण गरिएको कुरा संग्रहालयको श्रोतले देखाँउछ ।

## ५.२.२९ यम र शक्ति

पाटन संग्रहालयको अभिलेख संख्या नं ३१२मा यम र शक्तिको अभिलेखन गरिएको छ । ग्यालरी ‘एफ’ मा प्रदर्शित १४.४ से. मि. अग्लो एकोहोरो पद्मपीठमा लाशमा बसेको महिषमा आलिढासनमा यम र उनको शक्ति रहेको छ ।

एक शिर, दुई हात, तीन आँखा भएको यमको शिरमा मुण्डमुकुट, पुष्प चुडामणि रहेको छ । गलामा मुण्डमाला, कबच, दुवै हातको नाडीमा बाला, पाखुरामा रत्न जडित केयूर, खुट्टामा कल्ली र कम्मरमा मेखला रहेको छ । दायाँ हातमा पात्र र बायाँ हातमा कर्तृ हुनुपर्नेमा तर देखिन्दैन ।

एक शिर, दुई हात भएको शक्तिको शिरमा मुण्डमुकुट, जुरोमा पुष्प चुडामणि, लामो कपाल, कानमा पुष्पकुण्डल रहेको छ । गलामा कण्ठहार, दुवै हातको नाडीमा बाला, पाखुरामा केयूर, खुट्टामा पाउजु र कम्मरमा मेखला रहेको छ । दायाँ हातमा पात्र र बायाँ हातमा कर्तृ रहेको

छ (चित्र संख्या-७३) । तामामा सुवर्ण जलप र पत्थर जडित यो मूर्ति १५औं शताब्दीमा तिब्बतमा निर्माण गरिएको कुरा संग्रहालयको श्रोतले देखाँउछ ।

## ५.२.३० वज्रडाँक

पाटन संग्रहालयको अभिलेख संख्या नं ३१३मा वज्रडाँकको अभिलेखन गरिएको छ । ग्यालरी 'ए' मा प्रदर्शित वज्रडाँकको मूर्ति मुख आँ गरेर आकासतिर फर्किरहेको छ । शिरमा मुकुट, कानमा कुण्डल, गलामा हार, मुण्डमाला रहेको छ । दुवै हातमा बाला, केयूर, खुट्टामा पाउजु, कम्मरमा मेखला र ब्याघ्रचर्म बेरेको देखिन्छ । मूर्तिको दायाँ हातमा वज्र र बायाँ हातमा घण्ट रहेको छ (चित्र संख्या-७४) ।

ढलौटबाट बनेको ६.७ से. मि. अग्लो यो मूर्ति १७-१८औं शताब्दीमा तिब्बतमा निर्माण गरिएको कुरा संग्रहालयको श्रोतले देखाँउछ ।

# अध्याय छ : उपसंहार

## ६.१ सारांश

यस अध्ययनलाई पाँच अध्यायमा विभाजन गरिएको छ । पहिलो अध्यायमा शोध प्रस्ताव र दोस्रो अध्यायमा पाटन संग्रहालयको संक्षिप्त परिचय र यसको विकासक्रमको बारेमा चर्चा गरिएको छ । तेस्रो अध्यायमा नेपाली मूर्ति कलाको विकासक्रम र चौथो अध्यायमा नेपालमा बौद्ध धर्मको विकासक्रमको बारेमा चर्चा गरिएको छ । यसैगरी यस अध्ययनको मूल खण्डको रूपमा पाँचौ अध्याय रहेको छ ।

यस अध्यायमा जम्मा ६८ वटा मूर्तिहरू मध्ये नेपाली र तिब्बती बौद्ध मूर्तिहरूमा १९ वटा नारी मूर्तिहरू, ४६ वटा पुरूष मूर्तिहरू र ३ वटा सम्बर मूर्तिहरू रहेका छन् । प्रदर्शित मूर्तिहरूमा नेपाली मूर्ति ३० वटा, ३५ वटा तिब्बती मूर्तिहरू र ३ वटा नेपाली वा तिब्बती भनि छुट्याउन नसकिएका मूर्तिहरूको बारेमा विस्तृत विवरण संकलन गरिएको छ । संग्रहालयमा १२औं शताब्दी, बुद्ध मूर्ति (नेपाली) देखि २०औं शताब्दी, वज्रसत्व र प्रज्ञा ( नेपाली) सम्मका रहेका छन् । अधिकांश मूर्तिहरू धातुहरू बनाइएका छन् भने अपवादमा भृकुटी (१७-१८औं शताब्दी), वज्रपाणी (१७-१८औं शताब्दी) काठबाट बनाइएको र पद्मपाणि लोकेश्वर (१६-१७ औं शताब्दी) प्रस्तरबाट बनाइएर प्रदर्शित गरिएको छ ।

ग्यालरी ए, इ र एफमा मात्र बौद्ध मूर्तिहरू प्रदर्शित गर्ने भनिएकोमा ग्यालरी जीमा पनि एक बुद्ध मूर्ति (अभिलेख संख्या नं. ३७५) प्रदर्शन गरिएको छ । यस ग्यालरीमा प्रदर्शित शाक्यमुनि बुद्धको मूर्ति ध्यान आसनमा रहेको छ । शिरमा उष्णीष बनाईएको छ । दायाँ हात भू-स्पर्श मुद्रामा र बायाँ हात काखमाथि राखेको छ । मूर्तिमा संघातीको प्रयोग गरिएको छ (चित्र संख्या-६२) ।

७५.८ से. मि. अग्लो यो मूर्ति तामामा सुवर्ण लेपन गरि बनाईएको छ । यो मूर्ति १७-१८औं शताब्दीमा नेपालमा निर्माण गरिएको कुरा संग्रहायको श्रोतले देखाउँछ ।

## ६.२ निष्कर्ष

ऐतिहासिक तथा सांस्कृतिक महत्व भएको मूर्त सामग्रीको संकलन गरी सुरक्षित तरिकाले व्यवस्थापन गर्नलाई संग्रहालय भनिन्छ । यस्ता संग्रहालय व्यक्तिगत र सरकारी दुवै हुन सक्दछन् । दुवै प्रकारका संग्रहालय व्यवसायीक प्रयोजनको लागि पनि हुन सक्दछ । भने कुनै उद्देश्य परिपूर्त्तिको लागि ऐतिहासिक दस्तावेजहरू सुरक्षित राख्ने चलन रहेको छ । संग्रहालयमा स्रकलन गरिने वस्तुहरूमा हस्तलिखित ग्रन्थहरू, पुरावस्तुहरू, मूर्तिहरू, वास्तु अवयवहरू, भाडाकुँडाहरू, गरगहनाहरू, पौभा तथा ग्रन्थचित्रहरू, काष्ठ सामग्रीहरू, बुट्टेदार ईटा-ढुङ्गाका खम्बाहरू आदि रहेका छन् ।

पाटन संग्रहमलयमा प्रदर्शित गरिएका मूर्तिहरू ओसारपसार गर्ने प्रयोजनका लागि बनाइएका देखिन्छ । जसले गर्दा यी मूर्तिहरू व्यापारिक उद्देश्यका लागि बनेको देखिन्छ । बौद्ध केन्द्रको रूपमा नेपाल केन्द्रिकृत भएर तिब्बत र भारतमा बौद्ध मूर्तिहरूको प्रचारप्रसार व्यापक रूपमा हुन गएको थियो । बौद्ध धर्मका अनुयायीहरू सबैले आ-आफ्ना घरमा बौद्ध मूर्तिहरू स्थापित गरी धर्म प्रति सम्मान र आस्था प्रकट गरको पाइन्छ ।

नेपालको इतिहासमा बौद्ध धर्मको प्रभाव बुद्धको जीवन कालमा नै परेको थियो । बौद्ध धर्म र दर्शनबाट प्रभावित भएर  यहाँका वासिन्दाहरूले भगवान बुद्ध प्रति आस्था र समर्पण व्यक्त गर्दै विभिन्न काल खण्डमा विहार बनाएको, मूर्ति स्थापना गरेको, चैत्य बनाएको पाइन्छ । जीर्ण भएको विहार, चैत्य, स्तुपाको जीर्णोद्वार गरेको कुरा काठमाडौं उपत्यकामा पाइएका शिला पत्र, ताम्रपत्रहरू र पुरा वस्तुको अध्ययनले देखाउँदछ । नेपालमा बौद्ध धर्मले प्रारम्भदेखि हालसम्म निरन्तर रूपमा राज्यबाट संरक्षित भएर विकसित हुँदै  बौद्ध धर्म र दर्शनको केन्द्रको रूपमा रहन पुगेको पाइन्छ ।

## ६.३ सुझाव

यस संग्रहालयमा प्रदर्शित गरिएका मूर्तिहरूको बारेमा निम्न सुझाव प्रस्तुत गरिन्छ ।

(१) अभिलेखिकरणमा समस्या देखिएको छ । जुन मूर्ति संरक्षणको लागि भेटियो तत्काल कुनै परख नगरी नम्बर दिइने र सोही नम्बर पछीसम्म प्रयोगमा आउँदा अभिलेखिकरण संख्या

क्रमश देखिँदैन । तसर्थ, संग्रहालयको अभिलेखिकरण क्षमतामा सचेतना अपनाउनु पर्ने देखिन्छ ।

(२) संग्रहालयमा प्रदर्शित गरिएका अधिकांश मूर्तिहरू सबै उमेर समूहका अवलोकन कर्ताहरूका लागि हो जस्तो लाग्दैन । कुनै मूर्ति अनपेक्षित रूपमा बढी उचाईमा राखिएका छन् भने कुनै मूर्ति निहुरिएर अवलोकन गर्नु पर्ने अवस्थामा छन् । सबै उमेर समूहका लागि प्रदर्शित मूर्तिहरू अवलोकन गर्न गराउन विशेष प्रकाशको व्यवस्था सहित मूर्ति र अवलोकनकर्ताको बीचको दुरी निर्धारण गरी संग्रहालय व्वस्थित गर्नु पर्ने देखिन्छ ।

(३) मूर्तिको पृष्ठ भागको अध्ययन गर्न नपाउँदा पृष्ठ भागको वर्णन बिना अध्ययन अपुरो देखिन्छ । भविष्यमा यस विषयको शोध गर्ने शोधकर्तालाई पृष्ठ भागको समेत अध्ययन गर्ने अनुमति मिलेमा अध्ययन पुर्ण हुने छ ।

# सन्दर्भ ग्रन्थ


खनाल, मोहन प्रसाद (वि.सं. २०५२). **नेपाली कला**, ललितपुर : साझा प्रकाशन ।

तिवारी, मारूतिनन्दन र अरू (१९९७). **मध्यकालीन भारतीय प्रतिमालक्षण**, वाराणसी : विश्वविद्यालय प्रकाशन ।

पौड्याल, वीणा (वि.सं. २०५७). **नेपाली मूर्तिकला र चित्रकला**, कीर्तिपुर : नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग ।

भिक्षु, सुदर्शन (वि.सं. २०४०). **नेपालया बुद्ध धर्म**, काठमाडौं : प्रेम बहादुर शाक्य ।

रेग्मी, जगदीशचन्द्र (वि.सं. २०३३). **शाहकालीन कला र वास्तुकला**, काठमाडौं : साझा प्रकाशन ।

वज्राचार्य, आशाकाजी (वि.सं. २०५१). **सर्वानन्द नृप जातक**, गुइतः, ल.पु. : पञ्चराज शाक्य ।

वज्राचार्य, गौतमवज्र (वि.सं. २०३३). **हनूमानढोका राजदरबार**, काठमाडौं : नेपाल र एशियाली अध्ययन संस्थान ।

वज्राचार्य, धनवज्र (वि.सं. २०५३ (दोस्रो संस्करण)). **लिच्छविकालका अभिलेख**, कीर्तिपुर : नेपाल तथा एसियाली अनुसन्धान केन्द्र ।

.................. (वि.सं. २०५६). **मध्यकालका अभिलेख**, कीर्तिपुर : नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

................... (वि.सं. २०६८). **पूर्वमध्यकालका अभिलेख**, कीर्तिपुर : नेपाल तथा एसियाली अनुसन्धान केन्द्र ।

वांग्देल, लैनसिंह (वि.सं. २०३९). **प्राचीन नेपालको मूर्तिकला**, काठमाडौं : ने. रा. प्र. प्र. ।

वज्राचार्य, धनवज्र र अरू (१९८५). **गोपालराज वंशावली**, काठमाडौं : नेपाल रिसर्च सेन्टर ।

वज्राचार्य, धनवज्र (१९७७). **मल्लकालका शुरूका केही अभिलेख**, कन्ट्रिब्युसन टु नेपलिज् स्टडीज्, भोलम ५, नं. १ कीर्तिपुर : सिनास ।

भट्टराई, सुभद्रा (सम्पा.) (वि.सं. २०६८). कान्तिपुर शिलालेख सूची भाग-२, काठमाडौं : नेपाल सरकार सङ्घीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय, पुरातत्व विभाग, राष्ट्रिय अभिलेखालय ।

दर्नाल, प्रकाश (सम्पा.) (वि.सं. २०६९). कान्तिपुर शिलालेख सूची भाग-३, काठमाडौं : नेपाल सरकार सङ्घीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय, पुरातत्व विभाग, राष्ट्रिय अभिलेखालय ।

श्रेष्ठ, मन्दाकिनी (वि.सं. २०७०). *'राष्ट्रिय संग्रहालयको स्थापना, विकास र गतिविधि'*, हीरक जयन्ती स्मारिका, छाउनीः राष्ट्रिय संग्रहालय ।

श्रेष्ठ, सुरेश सुरस (वि.सं. २०७०). *'Development of Museum in Nepal'* हीरक जयन्ती स्मारिका, छाउनीः राष्ट्रिय संग्रहालय ।

पाटन संग्रहालय (वि.सं. २०५९). पाटन संग्रहालय

विष्णुधर्मोत्तर पुराण

Acharya, Baburam (1998/99). "*Development of Buddhism in Ancient Nepal"*, The Himalayan Voice, Vol. II, Kathmandu.

Banerjee, J. N. (1956). **The development of Hindu Iconography**, Dehli : Munshiram Manoharlal, pub. Pvt. Ltd.

Bangdel, Lainsingh (1989). **Stolen Images of Nepal**, Kathmandu : Royal Nepal Academy.

Bhattacharya, B.T. (1987 (Reprint)). **The Indian Buddhist Iconography**, Calcutta : Firms KLM Private Limited.

Bidari, Basanta (2007(4th Impression)) **Lumbini**, Lumbini : Basanta Bidari.

Deo, S. B. (1968). **Archaeological Investigations in the Nepal Terai**, Kathmandu : Dept. of Archaeology.

Hagmuller, Gotz (2002). **Patan Museum**, London: Serindia Publication.

Kramrisch, Stella (1964). **The Art of Nepal**, New York : Asia Society.

Pal, P. (1974). **The Art of Nepal**, Vol. 1, Neatherland : E. J. Brill.

Regmi, D.R. (1966). **Medival Nepal**, Vol. 3, Calcutta : Firma KL Mukhopadhaya.

Rijal, B. K. (1979). **Archaeological remains of Kapilvastu, Lumbini and Devdaha**, Kathmandu : Educational Interprises.

Shakya, Min Bahadur (1999(Second Edition)). **The Buddhist Iconography of Nepalese Buddhism**, Kathmandu: Handicraft Association of Nepal.

Tenzin, Achraya Kriti Tulki Lobsang (Spring/summer 1982). "Early Relations between Tibbet and Nepal (7th to 8th Centuries)" Tralslated by K. Dhondup. The Tibet Journal, Vol. VII, Nos. 1 & 2.

Wright, Daniel (1972 (reprint)). **History of Nepal**, Kathmandu : Nepal Antiquated Book Publishers.

www.himalayanmart.com

www.icom.org

www.doa.gov.np

www.lumbinitrust.org